# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नेपाली कथामा स्याङ्जा जिल्लाको योगदान** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

स्याङ्जा जिल्लाको सामान्य परिचय, साहित्यिक सर्वेक्षण, जिल्लाका कथाकार र नेपाली कथा विकासमा स्याङ्जा जिल्लाको योगदानका बारेमा यस अगि शोधकार्य भएको पाइँदैन । स्याङ्जामा बसेर र स्याङ्जा बाहिर रहेर नेपाली साहित्यमा योगदान पुऱ्याउने कथाकारहरूका योगदानका साथै यस क्षेत्रको साहित्यिक गतिविधिका बारेमा मूल्याङ्कन गर्नु यस शोधकार्यको समस्या रहेको छ । यस शोधकार्यमा निम्नलिखित समस्या आएका छन्:-

१) स्याङ्जा जिल्लाको भौगोलिक, ऐतिहासिक, सामाजिक परिचय केकस्तो छ ?

२) स्याङ्जा जिल्लामा साहित्यिक लेखनको परम्परा केकस्तो छ ?

३) स्याङ्जा जिल्लाका कथाकार र तिनका कथा कृति केकति छन् ?

४) स्याङ्जाका कथाकारका कथागत मूल प्रवृत्ति केकस्तो रहेको छ ?

५) नेपाली कथा परम्परामा स्याङ्जा जिल्लाको योगदान केकस्तो रहेको छ ?

उपर्युक्त समस्याहरूको केन्द्रीयतामा रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.४ शोधकार्यको उद्देश्य

स्याङ्जा जिल्लामा कथालेखनको परम्परा र नेपाली कथामा स्याङ्जा जिल्लाको योगदानमा आधारित भएर विस्तृत तथा तथ्यपरक अध्ययन तथा विश्लेषण गर्नका लागि प्रस्तुत शोधपत्रमा निम्नलिखित उद्देश्य रहेका छन् -

१) स्याङ्जा जिल्लाको परिचयात्मक अध्ययन गर्नु,

२) स्याङ्जा जिल्लामा साहित्यिक लेखन परम्पराको सर्वेक्षण गर्नु,

३) स्याङ्जाका कथाकार र तिनका कथाकृतिको सर्वेक्षण गर्नु,

४) स्याङ्जा जिल्लाका कथाकार र तिनका कथाकृतिको अध्ययन तथा विश्लेषण गर्नु,

५) नेपाली कथामा स्याङ्जा जिल्लाको योगदानको मूल्याङ्कन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

कविता विधा तथा हास्यव्यङ्ग्यका क्षेत्रमा स्याङ्जा जिल्लाको योगदानका बारेमा अध्ययन तथा विश्लेषण भए पनि स्याङ्जाका समग्र कथाकार र तिनका कथाकृतिको अध्ययन तथा विश्लेषण र नेपाली कथामा भएको योगदानको मूल्याङ्कन भएको पाइँदैन । यद्यपि जिल्लाको परिचय, जिल्लाका साहित्यकारहरूको सर्वेक्षण, कथाकार र कथाकृतिका बारेमा हालसम्म भएका केही पूर्वकार्यहरू यसप्रकार छन् :

नारायणप्रसाद अधिकारीले **स्याङ्जेली लोकगीतको सङ्कलन, वर्गीकरण र अध्ययन (२०४३)** शीर्षकको अप्रकाशित शोधपत्रमा स्याङ्जाको साहित्यिक गतिविधिबारे उल्लेख गरेका छन् ।

फणीन्द्रराज काफ्ले र अन्य केही सम्पादकद्वारा सम्पादित **स्याङ्जाको साहित्यिक चिनारी** (२०५१) नामक पुस्तकमा स्याङ्जाको साहित्यिक पृष्ठभूमि, विकासक्रम, साहित्यिक संघसंस्था, साहित्यिक पुरस्कार तथा समग्र साहित्यकारको परिचय दिने क्रममा केही कथाकार र कथाकृतिको उल्लेख गरेका छन् ।

चन्द्रकान्त पराजुलीले **साहित्यकार देवीप्रसाद वनवासीको जीवनी व्यक्तित्व र कृतित्त्वको अध्ययन** (२०५१) नामक अप्रकाशित शोधपत्रमा वनवासीको बालकथाको उल्लेख गरेका छन् ।

घनश्याम ढकालले **बीमलीक** त्रैमासिक (२०५२ वर्ष १, अंक ३, पृ. ४३) पत्रिकामा **स्याङ्जाली साहित्यको सेरोफेरो** लेख प्रकाशित गरी समग्र साहित्यकारको चर्चा गर्दा केही कथाकारका प्रवृत्ति तथा तिनका कृति उल्लेख गरेका छन् ।

दिनेश अर्यालले **नेपाली साहित्यमा युगभाषा पत्रिकाको योगदान** (२०५४) नामक अप्रकाशित शोधपत्रमा स्याङ्जाका कथाकार र तिनका कथाकृतिको उल्लेख गरेका छन् ।

खडानन्द अर्यालले **महेश्वर शर्माको जीवनी व्यक्तित्व र कृतित्त्वको अध्ययन** (२०५५) मा उनको कथाकार व्यक्तित्वको चर्चा गरेका छन् ।

लक्ष्मीप्रसाद रेग्मीले **बालसाहित्यकार देवीप्रसाद वनवासी : एक अध्ययन** (२०५८) शीर्षकको शोधपत्रमा नेपाली बालकथामा वनवासीले गरेको योगदानको चर्चा गरेका छन् ।

सुरेन्द्र वरालले **साहित्यकार विश्वप्रेम अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन** (२०५९) शीर्षकको शोधपत्रमा उनको कथाकार व्यक्तित्वको सामान्य चर्चा गरेका छन् ।

विश्वप्रेम अधिकारीले **आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण** (२०५९) नामक पुस्तकमा लोक कथाको परिचय दिँदै यस क्षेत्रमा प्रचलित केही लोक कथाको उल्लेख गरेका छन् ।

विश्वप्रेम अधिकारीले **स्याङ्जाली साहित्यकार र तिनका सिर्जनाहरू** (२०६१) पुस्तकमा स्याङ्जाका साहित्यकार र तिनका सिर्जनाको चर्चा गर्ने क्रममा केही कथाकारलाई समेत समेटेका छन् ।

सुकुम शर्माले **आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन** (२०६२) नामक पुस्तकमा स्याङ्जा क्षेत्रको परिचय दिने उखानहरूको उल्लेख गरेका छन् ।

श्याम ढुङ्गानाले **भेषजराज शर्माको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन** (२०६२) शीर्षकको अप्रकाशित शोधपत्रमा शर्माको कथाकार व्यक्तित्वको चर्चा गरेका छन् ।

प्रेमराज लुइँटेलले **नेपाली हास्यव्यङ्ग्यमा स्याङ्जा जिल्लाको योगदान** (२०६२) शीर्षकको अप्रकाशित शोधपत्रमा स्याङ्जाली साहित्यकारको समग्र सर्वेक्षण गर्ने क्रममा कथाकार र तिनका कथाकृतिको उल्लेख गरेका छन् ।

प्रेमप्रसाद पोखरेलले **घनश्याम ढकालका कथाकारिताको अध्ययन** (२०६३) शीर्षकको शोधपत्रमा घनश्याम ढकालको कथागत प्रवृत्ति र योगदानको चर्चा गरेका छन् ।

यी बाहेक स्याङ्जा र अन्य ठाउँबाट प्रकाशित भएका **थाँक्रो**, **बीमलीक**, **युगभाषा**, **रजस्थल**, **सगुन**आदि साहित्यिक पत्रिका र समाचारमूलक **विचार** साप्ताहिक पत्रिकाका विभिन्न अङ्कमा जिल्लाको साहित्यिक र साहित्तेतर परिचय दिने क्रममा स्याङ्जा जिल्लाका कथाकार र कथाकृतिका बारेमा चर्चा परिचर्चा गरेको पाइन्छ । यी कार्यमा समग्र रूपमा स्याङ्जाका कथाकार र कथाकारिताका बारेमा भने चर्चा भएको पाइँदैन ।

## १.६ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

स्याङ्जा जिल्लाको परिचय दिँदै समग्र साहित्यिक सर्वेक्षण गरिएको यस शोधकार्यमा स्याङ्जा जिल्लाका कथाकारको परिचय, तिनका कथाकृतिको अध्ययन तथा विश्लेषण र नेपाली कथामा स्याङ्जा जिल्लाको योगदान अन्वेषण गरिएको छ । राजनीतिक प्रतिकूलता भए पनि विभिन्न समयमा यस क्षेत्रबाट भएका साहित्यिक गतिविधिले क्षेत्रीयताको जानकारी दिनाका साथै जीवनजगतका परम्परागत् तथा तत्कालीन अनुभूतिलाई यस क्षेत्रका कथाकारले प्रस्तुत गरेका छन् । सामाजिक आचरण र विचारको सुधारमा केन्द्रित रहेका यस क्षेत्रका समग्र कथाको अध्ययन तथा विश्लेषण गरिएको यस शोधपत्रले सम्बन्धित विषयमा जानकारी राख्न इच्छुक पाठकवर्ग अथवा क्षेत्रीय अध्ययन अन्वेषण परम्परामा संलग्न जो कोही व्यक्तिका लागि मार्गनिर्देशन गर्ने भएकाले यो कार्य उपयोगी रहनेछ । नेपाली साहित्यमा स्याङ्जा जिल्लाको योगदानको मूल्याङ्कन समेत गरिएकाले कथा क्षेत्रका अध्येतालाई यस कार्यले सघाउने छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा स्याङ्जा जिल्लाको भौगोलिक सीमाभित्र रही यस ठाउँको परिचय, साहित्यकलेखनको परम्परा, स्याङ्जा जिल्लामा जन्मिएर त्यही बसोबास गरेका र पेसागत रूपमा

जिल्लाबाहिर रहेका साहित्यकार र तिनका साहित्यिक कृतिको समग्र सर्वेक्षण प्रस्तुत गरिएको छ । यसका साथै स्याङ्जा जिल्लाका कथाकारहरूको सामान्य परिचय र तिनका कथाकृतिको अध्ययन तथा विश्लेषण गर्दै नेपाली कथाका क्षेत्रमा स्याङ्जा जिल्लाबाट भएको योगदानमा प्रस्तुत शोधपत्र सीमित रहेको छ । स्याङ्जाको साहित्यलेखनमा प्रभाव पार्ने साहित्यिक संघसंस्था, पुस्तकालय, पत्रपत्रिका, पुरस्कार आदिको सामान्य जानकारीसमेत प्रस्तुत शोधपत्रको सीमाङ्कन भित्र पर्दछ । यस कार्यमा स्याङ्जामा कथालेखन आरम्भदेखि वि.सं. २०६३ सम्म कथा लेख्ने कथाकार र तिनका कृतिको विश्लेषणमा यो शोधकार्य केन्द्रित रहेको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्रमा शोधविषयसँग सम्बन्धित आवश्यक सामग्रीहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । यसमा सामग्रीसङ्लनका लागि क्षेत्रीय अध्ययनपद्धति र पुस्तकालय अध्ययनपद्धतिको प्रयोग गरिएको छ । सम्बन्धित विषयका बारेमा पत्रपत्रिकामा गरिएका टिप्पणी र समीक्षालाई सहायकसामग्रीका रूपमा लिइएको छ । आवश्यकताअनुसार सम्वद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक, समालोचक र संघसस्थाबाट पनि जानकारी लिइएको छ । स्याङ्जा जिल्लाका समग्र साहित्यकारको सर्वेक्षण गर्दै कथा क्षेत्रमा साधनारत साहित्यकारको पहिचान गरी कथा कृतिको विश्लेषणमा केन्द्रित रहेको यो शोधपत्रमा ऐतिहासिक, वर्णनात्मक र विश्लेषणात्मक पद्धतिलाई अवलम्बन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुगठित एवं सुव्यवस्थित पार्न निम्नलिखित परिच्छेदमा मूल शीर्षक र आवश्यकतानुसार उपशीर्षकमा वर्गीकरण गरिएको छ :-

| | |
|---|---|
| पहिलो परिच्छेद : | शोधपरिचय |
| दोस्रो परिच्छेद : | स्याङ्जा जिल्लाको परिचय |
| तेस्रो परिच्छेद : | स्याङ्जा जिल्लाको साहित्यिक सर्वेक्षण |
| चौथो परिच्छेद : | स्याङ्जा जिल्लाका प्रमुख कथाकारको परिचय र तिनका कथाकृतिको अध्ययन तथा विश्लेषण |
| पाँचौं परिच्छेद : | नेपाली कथामा स्याङ्जा जिल्लाको योगदान |
| छैटौं परिच्छेद : | उपसंहार |
| | शोधपत्रको अन्त्यमा सन्दर्भग्रन्थसूची र परिशिष्ट दिइएको छ । |

दोस्रो परिच्छेद

# स्याङ्जा जिल्लाको परिचय

## २.१ पृष्ठभूमि

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकासक्षेत्रअन्तर्गत गण्डकी अञ्चलका ६ वटा जिल्लामध्ये स्याङ्जा एक प्रमुख पहाडी जिल्ला हो ।[ज्ञ] पहाडी क्षेत्रमा रहेको प्राकृतिक रूपमा सुन्दर, आर्थिक रूपमा सवल, सांस्कृतिक रूपमा सम्पन्न तथा महत्त्वपूर्ण ऐतिहासिक भूमिका बहन गरेको स्याङ्जा जिल्ला पहाडी क्षेत्रमा सबैभन्दा बढी जनसङ्ख्या भएको जिल्ला हो ।[ढ] यस जिल्लाको नामकरण, ऐतिहासिक चिनारी, भौगोलिक अवस्था, सामाजिक अवस्था, सांस्कृतिक अवस्था, राजनीतिक अवस्था, आर्थिक अवस्था, प्राकृतिक अवस्था, शिक्षा तथा स्वास्थ्य, भाषाभाषिका, पेसा आदिको सामान्य परिचय दिँदै साहित्यिक सन्दर्भको चर्चा यस परिच्छेदमा गरिएको छ ।

## २.२ नामकरण

विभिन्न स्थानको नामकरणका बारेमा पाइने अनेक अनुश्रुति जस्तै **स्याङ्जा** नामकरणका पनि फरकफरक अनुश्रुति पाइन्छ । यस क्षेत्रको नाम स्याङ्जा रहनु भन्दा अगाडि नेपाल एकीकरणपूर्व नुवाकोट, सतौँकोट, गह्रौँकोट र भिरकोट जस्ता चारवटा प्रमुख शक्तिशाली कोट राज्यहरूबाट परिचित यस क्षेत्रलाई चारकोट वा पश्चिम ४ नं भन्ने गरिन्थ्यो ।[घ] हाल यस क्षेत्रलाई स्याङ्जा र आँधीखोला क्षेत्र भनेर चिनिन्छ । आँधीखोला क्षेत्रको नामकरणका बारेमा बुझ्दा कुनै समयमा मातापिताका परमभक्ति श्रवणकुमार आफ्ना अन्धाअन्धी बाबुआमालाई मुक्तिनाथ तीर्थ यात्रा गराउन लैजादा यही बाटो भएर गएका थिए ।[द्ध] बाटामा वृद्ध बाबुआमा तिर्खाले चिच्चाएपछि त्यही चौतारीमा बाबुआमालाई राखेर उनी पानीको खोजीमा लागे ।[छ] उनले केही पर रहेको तलाउबाट पानी उभाउँदै गर्दा कुनै एउटा व्यधाले उनलाई मृग ठानी बाण हान्यो र ऊ नजिकै आयो । उसले श्रवणकुमारलाई छट्पटाई रहेको देख्यो । श्रवणकुमारले आफ्ना बाबुआमा तिर्खाएकाले उनीहरूलाई पानी पियाउन व्याधालाई आग्रह गरे ।[ट] व्याधाले कमण्डलुमा पानी लिएर श्रवणकुमारका बाबुआमालाई पानी खान आग्रह गऱ्यो तर ती अन्धाअन्धी बाबुआमाले त्यो पानी दिने व्यक्ति आफ्ना छोरा नभएको शंका गरी उसको बारेमा र आफ्नो छोरो श्रवणकुमारका बारेमा सोधे । व्याधाले पनि जस्ताको तस्तै भन्यो । त्यसपछि ती वृद्ध बाबुआमा छोराको पीरमा अलापविलाप गर्न थाले । त्यसरी विलाप गर्दै रुँदा ती वृद्धका आँसुले त्यहाँ एउटा सानो दह बन्यो । त्यही दह रसाएर एउटा नदी बग्यो । त्यही नदीलाई नै आँधीखोला भन्न थालियो भन्ने यस क्षेत्रमा

---

[ज्ञ] ...................... **,मेचीदेखि महाकालीसम्म भाग ३,** काठमाडौं : सूचना विभाग २०३१, पृ. ३७३ ।

[ढ] ऐजन ।

[घ] देवीप्रसाद वनवासी, **आँधीखोले लोकसंस्कृति** (वालिङ : चित्र लेखा प्रकाशन, २०५५) पृ. ६२ ।

[द्ध] डा. अच्युतशरण अर्याल, **श्रवणकुमार** (बालखण्डकाव्य, वालिङ), २०५४

[छ] ऐजन ।

[ट] ऐजन ।

प्रचलित लोककथालाई आधार बनाएर अच्युतशरण अर्यालले आफ्नो **श्रवणकुमार** खण्डकाव्यका श्लोकमा यसरी उल्लेख गरेका छन् ।[ठ]

*रुँदा , रुँदै भल भयो भरिएर आँसु*

*त्यो आँसुको भल जमी कुवा भयो सानु*

*भन्छन् त्यही कुवाबाट पानी रसाएर*

*नदी बग्छ आँधीखोला हेर ! कसो होला !*

त्यसैगरी मगरहरूको बस्ती बाहुल्य रहेको यस क्षेत्रमा पर्ने आँधीखोला शब्दको व्युत्पत्तिलाई मगर भाषामा जोडेर हेर्दा मगर भाषामा पानी अथवा खोलालाई 'डी' वा 'दी' भनिने हुनाले जिल्लाका अरौँदी, सुरौँदी, लुब्दी, ज्याग्दी, अर्मादी, मिर्दी, कराँदी आदि खोलामा जोडिएको 'दी' जस्तै आँ+दी बाट आँदी र नेपाली भाषाको खोला जोडिएर पछि आँधीखोला भएको हुनसक्दछ ।[ड]

यसरी नै अन्धाअन्धीको आँसुबाट 'आँ' र मगर भाषाको 'दी' शब्द मिलेर बनेको आँदी शब्दमा नेपाली भाषाको 'खोला' शब्द जोडिएर उत्पत्ति भएको आँधीखोला शब्दको व्युत्पत्तिमा पौराणिकता समेटिनाका साथै परापूर्वकालदेखि नै यस क्षेत्रका मगर भाषी र नेपाली भाषीबीचमा भएको घनिष्ट सम्बन्ध र गहिरो भाषिक सहिष्णुताको भावना स्पष्ट देखिन्छ ।

यसरी पौराणिक अनुश्रुतिअनुसार उत्पत्ति भएको भनिएको आँधीखोला यस क्षेत्रको पूर्वीउत्तरदेखि दक्षिणपश्चिमसम्म दाँयाबाँयाका समथर उर्वर भूमिलाई सिञ्चित गर्दै बगेको हुनाले नै यस क्षेत्रलाई आँधीखोला क्षेत्र भनिएको हो ।[ढ]

स्याङ्जा जिल्लाको परिचय बोकेको आँधीखोला कुनै बेला थुनिएर तलाउ बनेपछि उक्त थुनिएको खोला खुलोस् भनी एकजना सज्जन वृद्ध मानिसले खोलो 'स्याइँय जा' भनी ईश्वरसँग प्रार्थना गरे । फलस्वरूप ईश्वरको कृपाले खोलाले आफ्नो मार्ग खोली स्याइँय सुकेर गयो ।[ज्ञण] यही स्याइँय 'जा' को अपभ्रंश भएर यस क्षेत्रको नाम स्याङ्जा रहन गएको हो ।[ज्ञज्ञ] अर्को मान्यताअनुसार एकीकरणपूर्व नेपाल, बाईसीचौबीसे राज्यमा विभक्त थियो ।[ज्ञद्द] चौबीसे राज्यअन्तर्गत यस क्षेत्रको भिरकोट भन्ने ठाउँमा राज्य गरेका सेन वंशका राजालाई नेपाल एकीकरणमा गाभेपछि 'सेन जा' भई त्यसको अपभ्रंश स्वरूप यो क्षेत्र स्याङ्जा कहलियो ।[ज्ञघ] तेस्रो मान्यता अनुसार सिंजाली

---

[ठ] ऐजन ।

[ड] **मेचीदेखि महाकालीसम्म**, पूर्ववत् पृ. २७३ ।

[ढ] एकनारायण शर्मा र अन्य (सम्पा.), **जिल्ला विकास योजना**, (स्याङ्जा : २०६२/०६३), पृ. २ ।

[ज्ञण] ऐजन ।

[ज्ञज्ञ] ऐजन ।

[ज्ञद्द] **मेचीदेखि महाकालीसम्म**, पूर्ववत् ।

[ज्ञघ] ऐजन ।

मगरहरूको बाहुल्यता भएकाले यो क्षेत्र सिंजालीको अपभ्रंश भएर स्याङ्जा बन्न पुग्यो भन्ने पाइन्छ ।[ज्ञद्ध]

वि.सं. २०१८ मा नेपाल अधिराज्यभरका अञ्चल तथा जिल्ला नामकरण गर्ने क्रममा यस जिल्लालाई स्याङ्जा नामकरण गरिएको हो ।[ज्ञछ]

## २.३ भौगोलिक परिचय

सामाजिक तथा सांस्कृतिक वातावरण भएको स्थान, क्षेत्र वा जमिनको साँध सीमा नै भौगोलिक अवस्था हो ।[ज्ञट] नेपालको नक्सामा पूर्वमा तनहुँ, उत्तरमा कास्की, पश्चिममा गुल्मी तथा पर्वत र दक्षिणमा पाल्पा जिल्लाको परिधिभित्र रहेको स्याङ्जा जिल्ला पूर्वउत्तरमा फुकेको र दक्षिणपश्चिममा साघुँरिंदै गएको पहाडी जिल्ला हो ।[ज्ञठ] "**साउनाँ खोला नपस्नी, माघाँ लेक नचढ्नी**" भन्ने लोकउखानबाट स्याङ्जा जिल्लाका खोलानाला र पहाडी भूगोलको बारेमा जानकारी पाइन्छ ।[ज्ञड] समुन्द्र सतहबाट करिब ३६६ मिटरदेखि २५१५ मिटर उचाइरहेको यस जिल्लामा उत्तरबाट दक्षिणतर्फ क्रमशः होचिंदै गएका पहाडी शृङ्खलाहरू छन् ।[ज्ञढ] करिब १,१६४ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएका अग्लाअग्ला लेक, बेँसी, टारी, खोँच, कन्दरा, भञ्ज्याङ र प्रायः समशितोष्ण हावापानी यहाँका भौगोलिक विशेषता हुन् । विश्वमानचित्रमा ८३° २७' देखि ८४° ४६' पूर्वी देशान्तर र २७° ५२' देखि २८° १३' उत्तरी अक्षांशभित्र फैलिएको स्याङ्जा जिल्लामा राजनीतिक विभाजन अनुसार ६० वटा गा.वि.स., २ वटा नगरपालिका, ३ वटा निर्वाचन क्षेत्र र १५ वटा इलाका रहेका छन् ।[द्दण] समुद्री सतहदेखि करिब ८५० मिटरको उचाइमा रहेको पुतलीबजार नगरपालिका यस जिल्लाको सदरमुकाम हो ।[द्दज्ञ]

## २.४ ऐतिहासिक चिनारी

एकीकरणपूर्व नेपाल बाईसीचौबीसे भुरेटाकुरे राज्यहरूमा विभाजित थियो ।[द्दद्द] चौबीसे राज्यअन्तर्गत यो क्षेत्र पश्चिम ४ नं का नामबाट परिचित थियो ।[द्दघ] यस क्षेत्रमा रहेका भिरकोट, गह्रौँकोट, सतौँकोट, ढोर र नुवाकोटमध्ये भिरकोट शक्तिशाली राज्यका रूपमा स्थापित भएको

---

[ज्ञद्ध] कृष्णप्रसाद दोरङ्गा र अन्य (सम्पा), **स्याङ्जा शैक्षिक दपर्षण**, (स्याङ्जाः जिल्ला शिक्षा कार्यालय), २०५८, पृ. ६ ।

[ज्ञछ] देवीप्रसाद वनवासी, **आँधीखोले लोकसंस्कृति,** पूर्ववत्, पृ. ६२ । ।

[ज्ञट] सुकुम शर्मा, **आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन** (काठमाडौँः निरन्तर प्रकाशन), २०६२, पृ. ३ । ।

[ज्ञठ] ऐजन ।

[ज्ञड] ऐजन ।

[ज्ञढ] **मेचीदेखि महाकालीसम्म**, पूर्ववत् , पृ. ३७५ ।

[द्दण] एकनारायण शर्मा, पूर्ववत् , पृ. २ ।

[द्दज्ञ] ऐजन ।

[द्दद्द] देवीप्रसाद वनवासी, पूर्ववत्, पृ. ६२ ।

[द्दघ] ऐजन ।

उल्लेख पाइन्छ ।[द्ढ] नेपालका शाहवंशीय राजाका मूल पुर्खा जैन खानले यसै क्षेत्रको लसर्घा भन्ने ठाउँमा राज्य खडा गर्ने कार्य आरम्भ गरेको भन्ने कुरा इतिहासमा उल्लेख छ ।[द्छ] पछि तिनै खान वंशका पुर्खाहरू फैलिँदै जिल्लाको पूर्वतर्फ खिलुङ् , भिरकोट, सतौं, गह्रैं, नुवाकोट हुँदै यस क्षेत्रको आसपासमा रहेका कास्की, पर्वत, लमजुङ, गोर्खातर्फ फैलिएर राज्य सञ्चालन गर्न थाले ।[द्ट] शाह उपाधि ग्रहण गरेका कुलमण्डन शाहका सन्तान लमजुङ्का राजा यशोब्रह्म शाह पृथ्वीनारायण शाहका बाबु द्रव्य शाहका पिता थिए ।[द्ठ] त्यसैले शाहवंशीय परम्पराको सुरुवात यसै क्षेत्रबाट भएकाले यस क्षेत्रको ऐतिहासिक महत्त्व रहेको छ । जैनखान नेपालको यस क्षेत्रमा प्रवेश गरेर सर्वपथ्रम कुलदेवता आलमदेवीको स्थापना गराएर राज्य आरम्भ गरी विस्तारै आँधीखोलाको पूर्वतर्फ लागेर खिलुङ्ग, भिरकोट हुँदै नेपालका अन्य विभिन्न क्षेत्रमा छरिएकाले अहिले पनि आरम्भस्थल आलमदेवीमा शाह परिवारले परम्पराअनुसार कुलपूजा गर्ने चलन रहिरहेको छ ।[द्ड] जातिगत बसोबासका दृष्टिबाट हेर्दा स्याङ्जा मगराँत क्षेत्र हो । मगर जातिको बसोबास भएको यस क्षेत्रमा समाज विकासको ऐतिहासिक सन्दर्भ पनि महत्त्वपूर्ण रहेको छ। मगर जातिमा आदिम, समानमतामा आधारित समाज व्यवस्था भएको उल्लेख छ । यस क्षेत्रको ऐतिहासिक सन्दर्भको अध्ययन यस अनुसार पनि हुन जरुरी छ ।[२९]

राज्य सञ्चालनका क्रममा र नेपाल एकीकरणमा समेत आफ्नो प्रभुत्व कायम गर्न सफल आलमदेवी, भिरकोट, नुवाकोट, मनकामना, सतौं , गह्रौं, खिलुङ आदि यस क्षेत्रका महत्त्वपूर्ण आरम्भस्थल भएकाले नेपालको इतिहासमा यस जिल्लाको महत्त्वपूर्ण भूमिका रहेको मानिन्छ ।

## २.५ सामाजिक अवस्था

वि.सं २०५८ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्याको १.३७ प्रतिशत जनसङ्ख्या यस जिल्लामा बसोवास गर्दछ ।[घण] ३,१७,३२० जम्मा जनसङ्ख्या मध्ये १,७३, ७०१ महिला र १,४३,६१९ पुरुष रहेका छन् ।[घञ] जनसङ्ख्याको ३२.९ प्रतिशत ब्राह्मण, २१.२ प्रतिशत मगर, ११.२ प्रतिशत क्षेत्री, १० प्रतिशत गुरुङ, ६.५ प्रतिशत कामी, ३.२ प्रतिशत सार्की २.९ प्रतिशत दमाई, २.९ प्रतिशत नेवार, २.७ प्रतिशत ठकुरी, २.२ प्रतिशत घर्ती, ०.७ प्रतिशत सन्यासी, ०.६ प्रतिशत मुस्लिम ०.३ प्रतिशत कुमाल र २.४ प्रतिशत अन्य गरी विभिन्न समुदायका मानिसहरू यस जिल्लामा बसोवास गर्दछन् ।[घद] हिन्दू, बौद्ध, इस्लाम, शिख, क्रिस्चियन,

---

[द्ढ] ऐजन ।

[द्छ] **मेचीदेखि** .........पूर्ववत् , पृ. ३८५ ।

[द्ट] ऐजन ।

[द्ठ] ऐजन ।

[द्ड] ऐजन ।

[२९] सुकुम शर्मा, पूर्ववत्, पृ. १० ।

[घण] कृष्णप्रसाद दोरङ्गा र अन्य (सम्पा.) पूर्ववत् पृ. ९ ।

[घञ] ऐजन ।

[घद] ऐजन ।

जैन, बहाई, किराँत र अन्य विभिन्न धर्ममा विश्वास राख्ने व्यक्तिहरूको विविधता रहे पनि यस जिल्लामा धार्मिक सहिष्णुता कायम छ । हिन्दू वर्णाश्रम व्यवस्थाअनुसार स्याङ्जा जिल्लामा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरी चारै जातजातिको बसोवास रहेको छ ।[घघ]

समानतामा आधारित परम्परागत सामाजिक संरचना भएका, निश्चित भौगोलिक क्षेत्रमा बसोवास गर्ने, छुट्टै सामूहिक सांस्कृतिक परम्परा बोक्ने र राज्य सञ्चालनमा निर्णायक भूमिका नभएका आदिवासी जनजातिको समेत यस जिल्लामा बसोवास रहेको छ ।[घद्ध] यस्ता जनजातिमध्ये मगर जातिहरू निकै अगाडिदेखि यस क्षेत्रमा बसोवास गर्दै आएकाले यस क्षेत्रलाई मगराँत क्षेत्र भनिन्छ ।[घछ] मगर जातिका साथै गुरुङ, कुमाल, थकाली, नेवार आदि जनजातिहरूका साथै मुस्लिम सुमदायअन्तर्गतका मियाँहरूको पनि यस क्षेत्रमा बसोवास रहेको छ ।[घट]

विविध जातजाति, जनजाति, धर्मअनुसारका भाषाभाषीहरूको बसोवास रहेको भए पनि सबैले माध्यम भाषाका रूपमा नेपाली भाषाको प्रयोग गर्नु, धर्म तथा जातजातिहरूमा विविधता भए पनि धार्मिक दृष्टिकोणबाट सहिष्णुता देखिनु परम्परादेखि जातजाति र जनजातिका बीचमा आपसी सौहार्द्रता र मित्रता कायम हुनु नै स्याङ्जा जिल्लाको सामाजिक पहिचान हो ।

## २.६ सांस्कृतिक अवस्था

परम्परागत रूपमा चलिआएका रीतिरिवाज, चालचलन, मूल्य मान्यता आदिलाई संस्कृति भनिन्छ । यिनै संस्कृतिजन्य चाडपर्व, जन्मदेखि मृत्युसम्मका संस्कार, परिवार, नातेदारी, सामाजिक नीतिनियम आदिका व्यवस्थित अवस्था नै सांस्कृतिक अवस्था हो । स्याङ्जा जिल्ला पनि धार्मिक र सांस्कृतिक विविधता भएको जिल्ला हो । यस क्षेत्रमा बसोवास गर्ने ब्राह्मण जातिहरूले जन्मेदेखि छैंटी, न्वारन वा नामकरण, अन्नप्रासन, चूडाकर्म, उपनयन, ब्रतबन्ध, विवाह र मृत्युपछि **अन्तेष्टि** संस्कार गर्दछन् । त्यस्तै मगर, गुरुङ, घर्ती आदिले प्रायः बौद्ध धर्मको अवलम्बन गरे तापनि हिन्दू धर्मअनुसारका सांस्कृतिक क्रियाकलापमा समेत संलग्न रहन्छन् । दसैं, तिहार, रक्षाबन्धन जस्ता चाडपर्वमा हिन्दू तथा बौद्ध दुबैथरिका धर्मावलम्बी संलग्न रहेको पाइन्छ । हिन्दूहरू मठ मन्दिरका साथै विहार, चैत्य, गुम्बामा समेत तीर्थब्रत गर्दछन् भने बौद्धहरू पनि विहार, गुम्बा, चैत्यका साथै मठ मन्दिरमा पनि आस्था राख्दछन् ।

ब्राह्मण जातिमा प्रायः मागी विवाहको प्रचलन पाइन्छ भने अन्य जातजाति वा जनजातिमा मागी भन्दा चोरी विवाहको प्रचलन बढी पाइन्छ । आफ्नो रगतको नाताभित्र विवाह गर्ने चलन ब्राह्मण जातिमा पाइँदैन भने यहाँका मगरहरूमा मामाकी छोरी विवाह गर्ने प्रचलन पाइन्छ । मृत्युपछि लासलाई पहाडका टुप्पामा लगेर गाड्ने परम्परा यहाँका गुरुङ जातिमा पाइन्छ

---

[घघ] कृष्णप्रसाद दोरङ्गा र अन्य पूर्ववत् , पृ.९ ।

[घद्ध] सुकुम, शर्मा, पूर्ववत् पृ. ३३ ।

[घछ] ऐजन ।

[घट] राजेन्द्र पराजुली, 'स्याङ्जा जिल्लाको वस्तुगत विवरण' २०६१', **आँधीखोलाको सुस्केरा**, विशेषाङ्क, २०६२, पृ. ६३ ।

भने ब्राहमण लगायत अन्य जातिमा लासलाई नदी किनारमा लगेर गाड्ने वा जलाउने परम्परा पाइन्छ । पूजाआजाका कार्यमा समेत गुरुङ जातिमा अन्य भन्दा फरकपन पाइन्छ ।

गुरुङहरूको गुरुङसेलो, मगरहरूको रोदी वा झाम्रे र बाहुन क्षेत्रीहरूको ख्याली/भजन स्याङ्जा जिल्लामा मनोरञ्जनका रूपमा प्रचलित लोक गीत हुन् । दसैं, तिहार, तीज, नववर्ष, श्रीपञ्चमी, फागुपूर्णिमा, रामनवमी आदि यस क्षेत्रका प्रमुख चाडपर्वले पारस्परिक मेल र भातृत्वको प्रतिनिधित्व गर्दछन् ।

## २.७ ऐतिहासिक, धार्मिक र पर्यटकीयस्थल

आँधीखोला क्षेत्र, मगराँत क्षेत्र, आदिबाट परिचित स्याङ्जा जिल्ला हालसम्म नेपालकै सबैभन्दा ठूलो जलविद्युत् शक्ति उत्पादन भएको जिल्ला हो । श्रीकृष्णगण्डकी गा.वि.स. स्थित मिर्मी र बेल्टारीमा कालीगण्डकी जलविद्युत् विभागबाट १४४ मेगावाट विद्युतशक्ति उत्पादन हुन्छ । ऐतिहासिक दृष्टिकोणले नुवाकोट, मनकामना, खिलुङ, आलमदेवी, लसर्घा, गह्रौं, सतौं, भिरकोट आदि स्याङ्जा जिल्लाका महत्त्वपूर्ण स्थान हुन् । धार्मिक दृष्टिकोणले धवलागिरि, गण्डकी र लुम्बिनी अञ्चलको सङ्गमस्थल सेतीवेणीमा रहेको शालिग्राम शिला, आलमदेवी मन्दिर, पञ्चासेधाम, छाङछाङ्दी, वाङसिङ, प्रसिद्ध कैलाश गुफा, अन्धाअन्धी दह, चण्डीकालिका देवी, राम्दीघाट आदि उल्लेखनीय क्षेत्र मानिन्छन् ।[घठ] पर्यटकीय क्षेत्रका हिसाबले कालीगण्डकीमा र्‍याफ्टिङ, ग्रामीण प्रर्यटन केन्द्र सिरुवारी पञ्चमूल, स्याङ्जा नुवाकोट क्षेत्र, सेती दोभान, वालिङलगायत थुप्रै समथर मनमोहक भूभागका साथै पहाडी मनोरम दृश्य अवलोकन गर्न सकिने ऐतिहासिक धरोहर रहेका छन् । यस जिल्लाको मटिखानलाई पर्यटकीय क्षेत्र घोषण गरिएको पनि पाइन्छ । यी ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलका कारण यस जिल्लाको गरिमा उच्च रहेको छ ।

## २.८ शिक्षा तथा स्वास्थ्य

परम्परागत रूपमा शास्त्रीय र प्रचलित गुरुकुल प्रणालीको शिक्षा नै यस जिल्लाको शैक्षिक जग हो । वि.स. २०३१ मा शिक्षा योजना लागू भएपछि क्रमशः नयाँ शिक्षाको सुरुवात यस क्षेत्रमा बढ्दै गएको पाइन्छ ।[घड] वि.सं २००७ मा प्रजातन्त्रको आगमनसँगै यस क्षेत्रमा विद्यालयको स्थापना र विद्यार्थीको चाप निरन्तर बढ्दै गएको पाइन्छ ।[घढ] आर्थिक वर्ष २०३०/०३१ बाट जिल्लाका विभिन्न विद्यालयहरूमा ५८ वटा प्रौढ कक्षाहरू खोलिएको समेत पाइन्छ ।[द्धण] वि.सं. २०५८ को जनगणनाअनुसार ७७.६४ प्रतिशत पुरुष र ५७.३० प्रतिशत महिलाको साक्षरता गरी जम्मा ६६.३२ प्रतिशत जनसङ्ख्या साक्षर रहेको पाइन्छ ।[द्धञ] हालसम्म सार्वजनिक र निजी गरी

---

[घठ] रमा पराजुली, 'स्याङजा जिल्लामा पर्यटन विकासका सम्भावना र प्रयासहरू', **आँधीखोलाको सुस्केरा** विशेषाङ्क, २०६२, पृ. ५१ ।

[घड] मेचीदेखि महाकालीसम्म, पूर्ववत् पृ. ४२२ ।

[घढ] ऐजन ।

[द्धण] ऐजन, ।

[द्धञ] **जिल्ला विकास योजना**, स्याङ्जा २०६२/०६३ जि.वि.स. को कार्यालयबाट प्रकाशित किताब , पृ. ७ ।

५६० प्रा.वि., १५८ नि.मा.वि., ९० मा .वि., २५ वटा उच्च मा.वि., ४ वटा क्याम्पस आदिबाट प्रतिवर्ष करिब १,०८,१११ विद्यार्थी शिक्षाबाट लाभान्वित भएका छन् ।[द्दद]

निरक्षरता घटाउने, लैङ्गिक विभेद हटाउने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, विद्यालयहरूको भौतिक सुधार गर्ने, निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने, राष्ट्रिय छात्रवृत्ति उपलब्ध गराउने, महिला शिक्षा कार्यक्रम र सामुदायिक विद्यालय सहयोग कार्यक्रम जस्ता मुख्य क्षेत्रहरूमा शैक्षिक कार्यक्रम केन्द्रित गरी जिल्लाको शैक्षिक गुणस्तर उकास्ने काम जिल्ला शिक्षा कार्यालयबाट निरन्तर रूपमा भइरहेको छ ।[द्दघ]

स्वास्थ्य सेवासम्बन्धी बहिरङ्ग सेवासहित १५ शैयाको एउटा जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, आयुर्वेदिक औषधालय आदिले जिल्लामा खोप कार्यक्रम, महामारी नियन्त्रण, झाडापखाला नियन्त्रण, परिवार नियोजन, विभिन्न रोग नियन्त्रण कार्यक्रम, मातृशिशु कार्यक्रमलगायत अन्य आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेका छन् ।[द्दद्ध]

## २.९ भाषा र भाषिका

भाषा विचार विनिमयको माध्यम भएकाले मानवले भाषाकै माध्यमबाट आफ्ना मनमा लागेका हरेक कुराको अभिव्यक्त गर्दछ ।[द्दछ] विभिन्न जातजातिको बसोवास रहेको यस जिल्लामा भाषागत विविधता पाइन्छ ।[द्दट] भाषागत विविधता भए पनि विविध भाषाभाषीका बीचमा नेपाली भाषा माध्यम भाषाको रूपमा रहेको छ । माध्यम भाषा नेपाली भएर पनि आँधीखोला क्षेत्रमा प्रचलित नेपाली भाषामा शब्द, ध्वनि, रूप, व्याकरणका पक्ष आदिमा मानक नेपाली भन्दा फरक पाइन्छ ।[द्दठ] यही क्षेत्रगत आधारमा पाइने भाषाको फरकपनलाई भाषिका भनिन्छ ।[द्दड] नेपाली भाषाका भाषिकाअन्तर्गत पर्ने पूर्वेली भाषिकाको पर्वती उपभाषिका यस क्षेत्रमा प्रचलित रहेको छ ।[द्दढ] दिउँसोको खाजालाई अर्नी, सानोलाई इत्रुको, आउँछलाई आम्च, पढनेलाई पढ्नी जस्ता पर्वती उपभाषिकाका विशेषताहरू यस जिल्लाको भाषिकामा पाइन्छ ।[छण] कथ्य भाषामा पर्वती भाषिकाका विशेषता पाइए पनि लेख्य भाषामा भने मानक नेपाली भाषासँग मिल्दोजुल्दो भाषाको प्रयोग गरिन्छ ।[छज्ञ] कथ्य भाषाका रूपमा स्याङ्जा जिल्लामा प्रयोग हुने पर्वती उपभाषिकाको प्रयोग

---

[द्दद] पूर्ववत्, पृ. ७ ।

[द्दघ] कृष्णप्रसाद दोरङ्गा र अन्य (सम्पा.), पूर्ववत्, पृ. १३ ।

[द्दद्ध] पूर्ववत्, पृ. ११ ।

[द्दछ] देवीप्रसाद गौतम, **नेपाली भाषा र परिचय**, (ललितपुर : साझा प्रकाशन, २०४९) पृ. १ ।

[द्दट] सुकुम शर्मा, पूर्ववत् , पृ. ३७ ।

[द्दठ] ऐजन ।

[द्दड] देवीप्रसाद गौतम, पूर्ववत् , पृ. २ ।

[द्दढ] सुकुम शर्मा, पूर्ववत्, पृ. ३७ ।

[छण] ऐजन ।

[छज्ञ] ऐजन ।

यसका छिमेकी जिल्लाहरूमा पनि पाइन्छ ।[छ६] दिन प्रतिदन सञ्चार र मानव आवत-जावतको बढ्दो प्रभावले भाषिका प्रयोगमा केही परिवर्तन आए पनि ‘म अर्चु आग्राआ कुरा सम्धी अर्चन गाग्राआ कुरा’ जस्ता प्रचलित लोकआख्यानले स्याङ्जा जिल्लामा प्रयोग हुने पर्वती उपभाषिकाको उच्चारणगत र प्रयोगगत निजीपन कायमै रहेको पाइन्छ ।

स्याङ्जा जिल्लामा भोटबर्मेली परिवारका भाषा पनि बोलिन्छ । भारोपेली परिवारअन्तर्गतको नेपाली भाषा बढी मात्रामा बोलिन्छ । भोटबर्मेली परिवारअन्तर्गत मगर, गुरुङ, नेवारी, थकाली आदि भाषा र उर्दू, माझी जस्ता भारोपेली परिवारका अन्य भाषाहरू पनि यस जिल्लामा बोलिन्छन् ।[छघ] करिब ८ प्रतिशत भोटबर्मेली परिवारका भाषाभाषीले नेपाली भाषालाई नै मातृभाषाका रूपमा र २० प्रतिशतले भोटबर्मेली परिवारका भाषालाई मातृभाषाका रूपमा प्रयोग गरेको पाइन्छ ।[छढ]

यसरी भारोपेली र भोटबर्मेली परिवारअन्तर्गतका फरकफरक भाषाभाषीहरूबीचको सम्पर्क र क्षेत्रीय विविधताका आधारमा नेपाली भाषाका भाषिकाहरू मध्ये स्याङ्जा जिल्लामा प्रचलित कथ्य भाषामा पर्वती उपभाषिका प्रचलनमा रहेको छ । गुरुङ, मगर र मियाँहरूले बोल्ने नेपाली भाषामा पनि स्थानीय भेद छुट्याउन सकिन्छ ।

## २.१० पेसा/व्यवसाय

यस जिल्लामा कृषिलाई नै परम्परागत पेसाका रूपमा लिएको पाइन्छ । यहाँका वासिन्दाहरू हिउँद लागेपछि आयआर्जनका निम्ति जिल्लाबाहिर जाने परम्परा पनि कायम रहेको छ । जिल्लाभित्रै रहेर आयआर्जनका निम्ति सुन्तला, नासपाती, अदुवा, कागती, कफी, रेसम खेतीदेखि लिएर माछापालन, मौरीपालन, पशुपालन आदि नगदे बालीलाई पनि केहीले पेसाका रूपमा अवलम्बन गरेका छन् ।[छछ] ब्रिटिस तथा भारतीय सेनामा भर्ती, वैदेशिक रोजगार, सरकारी तथा गैरसरकारी संघसंस्थामा संलग्न, निजामती सेवा, जङ्गी सेवा, शिक्षक तथा शिक्षिका, व्यापार व्यवसाय, विभिन्न निर्माण कार्यमा संलग्नता आदि स्याङ्जा जिल्लाका प्रमुख आर्यआर्जनका माध्यम रहेका छन् ।[छट] निजामती सेवामा यस क्षेत्रको उल्लेख्य उपस्थिति पाइन्छ ।

## २.११ निष्कर्ष

---

[छ६] ऐजन ।

[छघ] ऐजन ।

[छढ] कृष्णप्रसाद दोरङ्गा र अन्य (सम्पा) , पूर्ववत्, पृ. १२ ॥

[छछ] **जिल्ला विकास योजना**, पूर्ववत् , पृ. ४ ।

[छट] ऐजन् ।

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकासक्षेत्रअन्तर्गत गण्डकी अञ्चलको दक्षिण पश्चिममा उत्तरबाट दक्षिणतर्फ क्रमशः होचिदै गएका मध्यम उचाइका पहाड, खोंच, वेसी, भञ्ज्याङ, कुनाकन्दरा, नदीनाला र नदी किनारका फाँटहरूको योगबाट बनेको स्याङ्जा मध्यपहाडी जिल्ला हो । आँधीखोला क्षेत्र, मगराँत क्षेत्र, पश्चिम ४ नम्बर आदि नामले परिचित स्याङ्जा उत्तरमा हिमाल र दक्षिणमा चुरेभावर कतै पनि नछोइएको नेपालको नक्सामा मध्य भागमा अवस्थित छ । दरौं , भाट, ज्याग्दी, सुरौंदी, फुस्रे, आँधी खोला आदि प्रमुख खोला सिंचाइका दृष्टिले महत्त्वपूर्ण मानिन्छन् । कालीगण्डकी जलविद्युत् उत्पादनका दृष्टिले राष्ट्रकै सम्पत्ति भएको छ । कालगण्डकीबाट हालसम्मकै ठूलो जलविद्युत् उत्पादन कार्य सम्पन्न भइसकेको छ भने अन्य उत्पादनका सम्भावनाहरू पनि प्रशस्तै रहेका छन् ।

सदावहार समशितोष्ण हावापानी र पतझर प्राकृतिक वनस्पति यहाँको प्राकृतिक विशेषता हो । यातायात, सञ्चार, सिंचाइ, बिजुली, शिक्षा, स्वास्थ्य, खानेपानी, आर्थिक अवस्था आदिका दृष्टिले उल्लेखनीय विकास नभए पनि अन्य पहाडी जिल्लाहरूको तुलनामा भने यो जिल्ला विकसित देखिन्छ । कृषि प्रमुख पेसा भएकाले यहाँको जीवनस्तर पनि सामान्य खालको पाइन्छ । यातायातका क्षेत्रमा पोखरादेखि सुनौलीसम्मको १८० किलोमिटर सिद्धार्थ राजमार्गमध्ये लगभग ८० कि.मि. पक्की बाटाले जिल्लालाई दाँयाबाँया बराबर विभाजन गरेको छ । त्यसैगरी गल्याङदेखि मिर्मी र बेल्टारीसम्मको २३ कि.मि. पक्की बाटो, नगरपालिका तथा प्रत्येक गाविसमा ग्राबेल तथा कच्ची बाटोसमेत पुगिसकेको छ । मिर्मीस्थित कालीगण्डकी जलविद्युत् विभागको बाँधस्थलबाट गुल्मी, पवर्त र स्याङ्जा जिल्लाको सङ्गमस्थल सेतीवेनीसम्म हिउँद याममा लगभग ७ कि.मी. जलयातायात सञ्चालनमा रहेको छ । जल यातायातमा स्टिमर, डुङ्गा, मोटरबोटजस्ता साधनले ३/४ घण्टाको पैदल यात्रालाई आधा घण्टामै सीमित पारेका छन् । जसको प्रत्यक्ष अप्रत्यक्ष फाइदा स्याङ्जा, गुल्मी, पर्वत र बाग्लुङ जिल्लाका वासिन्दालाई पुगेको छ भने राष्ट्रियस्तरमा उचित प्रचारप्रसार भएमा पर्यटन व्यवसायको भरपर्दो सम्भावना पनि देखिन्छ । यसरी नै साहित्यिक, राजनीतिक क्षेत्रमा पनि यस जिल्लाको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ ।

# तेस्रो परिच्छेद
# स्याङ्जा जिल्लाको साहित्यिक सर्वेक्षण

## ३.१ पृष्ठभूमि

नेपाल एकीकरणपूर्व बाईसीचौबीसे राज्यकालमा सेनवंशीले राज्य गरेको यो क्षेत्र नेपाल एकीकरणमा गाभिएपछि 'सेनजा' हुँदै स्याङ्जा नामकरण भई हाल नेपालको एक जिल्लाका रूपमा परिचित छ । स्याङ्जाबाहेक यस क्षेत्रलाई आँधीखोला क्षेत्र भनेर पनि चिनिन्छ । साहित्य र संस्कृतिका दृष्टिले स्याङ्जा धनी छ । ऐतिहासिक दृष्टिबाट महत्त्वपूर्ण रहेको स्याङ्जा लोकगीत र लोकसाहित्यका परम्परामा अत्यन्त समृद्ध छ । विभिन्न जातजातिका आआफ्ना रीतिरिवाज, धर्म, संस्कृतिको प्रभाव साहित्यमा परेको छ । साहित्यका दृष्टिबाट पनि विविध विशेषताहरूको सङ्गमका रूपमा यो जिल्ला रहेको छ । चेतनाका दृष्टिले सशक्त र क्षेत्रफल तथा जनसङ्ख्याका हिसाबले पहाडी जिल्लामध्ये ठूलो जिल्लाका रूपमा चिनिने स्याङ्जा साहित्यका दृष्टिले पनि उल्लेख्य रहेको छ ।

साहित्यका विविध विधाको लेखनपरम्पराको इतिहासमा स्याङ्जाको साहित्यलेखन प्रयास र विकासको अन्वेषणात्मक कार्य पनि हुँदै आएको पाइन्छ । त्यसैले यस परिच्छेदमा स्याङ्जा जिल्लामा साहित्यलेखनका क्षेत्रमा भएका प्रारम्भिक प्रयास, साहित्यलेखनको थालनी र साहित्यिक लेखनमा टेवा पुऱ्याउने महत्त्वपूर्ण पक्षको उल्लेख गरिएको छ ।

### ३.१.२ लोकसाहित्य

लोकमा प्रचलित, लोकविश्वास र लोकोक्तिमा आधारित, मौखिक परम्परामा विकसित साहित्य नै लोकसाहित्य हो ।[ञ] परिष्कारको अभाव, भावहरूको स्वच्छन्द अभिव्यक्ति, लोककण्ठमा विद्यमान, लोकजीवनको ढुकढुकी नै लोकसाहित्य हो ।[ट] मौखिक वा लोकसाहित्यबाट नै लिखित साहित्यको जग बसेको हो । स्याङ्जाको साहित्यिक गतिविधि पनि लोकसाहित्यको मौखिक परम्पराबाट विकसित भएको हो भन्ने उल्लेख पाइन्छ ।[घ]

पृथ्वीनारायण शाहका पूर्वजहरू मुस्लिमदवदवा सहन नसकेर भारतको चितौढबाट पश्चिम नेपालको यस क्षेत्रमा प्रवेश गर्दा आफ्नो वंश र कुलदेवताको रक्षार्थ दुवैतिर धार भएको खाँडो वा खडग साथमा लिएर आएका थिए भन्ने उल्लेख पाइन्छ ।[ढ] लडाई वा आक्रमणमा जानुभन्दा पहिले युद्धमा जाने सेना तथा राजामहाराजाको उच्च मनोबलका निम्ति शङ्ख बजाउँदै राजामहाराजाको

---

[ञ] मोतीलाल पराजुली, **नेपाली लोकगाथा** (पोखराः तारादेवी पराजुली, २०४९) पृ. १ ।

[ट] कृष्णप्रसाद न्यौपाने, **स्याङ्जाका नेपाली लोकगीत र लोकगाथाहरूको विश्लेषणात्मक अध्ययन**', अप्रकाशित विद्यावारिधि शोधपत्र, २०६२ पृ. २५ ।

[घ] ऐजन ।

[ढ] विश्वप्रेम अधिकारी, **पश्चिमाञ्चलका लोकगीत र परम्परा**, (स्याङजा : विजयकुमार अधिकारी, २०५८), पृ. ४६ ।

जयजयकार गर्दै खड्गमा धार लगाउने परम्परा तिनै खान बंशीले स्याङजाबाट सुरुवात गरेका थिए भन्ने पाइन्छ ।[छ] यसलाई खाँडो जगाउने पनि भनिन्छ । खाँडो जगाउने परम्परा पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभिमानसँगै सुरु भएर नेपालअङ्ग्रेज युद्ध र नेपाल चीन युद्धमा कायम रहे पनि नेपाल एकीकरण अभियान रोकिए पछि यस परम्पराको अन्त्य भई खाँडो पखालियो भन्ने अनुश्रुति पाइन्छ ।[ट] तर पनि स्याङ्जा र यसका वरिपरि रहेका गण्डकी प्रदेशका पाल्पा , पर्वत, गुल्मी, बाग्लुङ् क्षेत्रका मगर, क्षेत्री, ठकुरीले खाँडो गीतका रूपमा विवाहका बेलामा, विजयादशमीको नवदुर्गामा मालश्री गाउँदा, सरायाँ नाच्दा भाला, तरवार, खडग, ढाल आदि हतियार लिएर नाच्ने परम्परा केही पछिसम्म पनि कायमै रहेकाले लोकसाहित्यका रूपमा खाँडो गीत यस क्षेत्रको मूल संस्कृतिको रूपमा रहेको उल्लेख पाइन्छ ।[ठ]

नेपाली लोकसाहित्यका विभिन्न विधाहरूमध्ये आँधीखोला क्षेत्रमा २००७ सालभन्दा धेरै अगाडि नै लोकगीतको आरम्भ भइसकेको पाइन्छ ।[ड] लोकसाहित्यका अन्य विधाहरूमध्ये लोककथा, लोकगाथा, उखान, टुक्का, गाउँ खाने कथाहरू विभिन्न मेलापात , दैनिक जीवनका विभिन्न प्रसङ्गअनुसारका समयमा भन्ने र सुन्ने परम्परामा विकसित भएको पाइन्छ । विभिन्न यज्ञ, जात्रा, विवाह आदि कार्यमा भजन, चुट्का, ख्याली जस्ता लोकसाहित्यको समेत यस क्षेत्रमा प्रचलन रहेको पाइन्छ ।[ढ] बाईसीचौबीसे राज्यकालको समयमा पनि यस क्षेत्रका शासकहरूले गाइने जातिलाई प्रश्रय दिएकाले त्यति बेला रूवानी गीत प्रचलनमा रहेको उल्लेख गरिन्छ ।[ज्ञण] यस क्षेत्रमा रोइला लोकगीत, नैनरेसम भाका, साइँलादाइ भाका, झिरमासे, बारुले, प्याखुली र तेर्सो भाका पनि प्रचलनमा रहेको पाइन्छ ।[ज्ञज्ञ] लोकमा प्रचलित यही साहित्यिक प्रभावले नै लिखित साहित्यको विकासमा प्रभाव परेको ऐतिहासिक तथ्य बिर्सन मिल्दैन ।

यसरी बाइसी-चौबीसे शासनकाल देखि नै आरम्भ र विकास भएको यस क्षेत्रको लोकसाहित्यले लिखित साहित्यको विकासमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा टेवा पुऱ्याएको छ ।

### ३.१.२ अभिलेख

ढुङ्गा वा धातुका पातामा कुँदिएको प्राचीनसामग्री, प्रामाणिक कागजात वा लिखित विवरणलाई अभिलेख भनिन्छ ।[ज्ञद] अभिलेखग्रन्थका आधारमा कुनै पनि भाषा तथा साहित्यको

---

[छ] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, (काठमाडौं : वीणा प्रकाशन प्रा.लि)., २०५७ पृ. ३६१ ।

[ट] विश्वप्रेम अधिकारी ,पूर्ववत् पृ. ४६ ।

[ठ] कृष्णप्रसाद पराजुली, पूर्ववत् पृ. ३६१ ।

[ड] देवीप्रसाद वनवासी, **आँधीखोले लोकसंस्कृति** (वालिङः चित्रलेखा प्रकाशन) २०५५, पृ. १२ ।

[ढ] पूर्ववत् पृ. २३ ।

[ज्ञण] धर्मराज थापा, **गण्डकीका सुसेली**, (काठमाडौं : ने.रा.प्र.प्र. २०३०), पृ. १६३ ।

[ज्ञज्ञ] पूर्ववत्, पृ. १८८ ।

[ज्ञद] हेमाङ्गराज अधिकार (सम्पा.) **प्रयोगात्मक नेपाली शब्दकोश** (काठमाडौंः विद्यार्थी प्रकाशन प्रा.लि.), २०६१, पृ. ४४ ।

इतिहासको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।[ज्ञघ] नेपाली भाषा तथा साहित्य पनि विभिन्न अभिलेख तथा प्राचीन ग्रन्थ हुँदै विकसित भएको जानकारी पाइन्छ ।[ज्ञढ] जिल्लास्तरमा संरक्षण र सम्बर्द्धनका अभावमा प्राचीन अभिलेख र ग्रन्थहरू सुरक्षित र संरक्षित अवस्थामा प्राप्त गर्न कठिन छ । भाषा तथा साहित्यको विकासमा प्राचीन अभिलेख तथा ग्रन्थहरूले पृष्ठभूमिका रूपमा काम गरेका हुन्छन् । त्यसैले स्याङ्जा जिल्लामा संरक्षण तथा सम्बर्द्धनको अभाव हुँदाहुँदै पनि अठारौँ शताब्दीका भनिएका पहिले पश्चिम ४ नं र हाल पर्वतमा र स्याङ्जाकै छाङछाङदीमा प्राचीन अभिलेख रहेको उल्लेख पाइन्छ ।[ज्ञछ] उल्लेखित अभिलेखका बारेमा भने कतै पनि अध्ययन तथा अनुसन्धान भएको पाइँदैन । अध्ययन तथा अनुसन्धानका अभावमा स्याङ्जाको भाषा तथा साहित्यमा अभिलेखको भूमिका पनि देखिंदैन । त्यसैले यस क्षेत्रको भाषा तथा साहित्यको प्राचीन अवस्था जानकारीका निम्ति प्राचीन अभिलेख तथा ग्रन्थहरूको खोजी गर्नु र अध्ययन तथा अनुसन्धान गर्नु आजको महत्त्वपूर्ण आवश्यकता बनेको छ ।

## ३.२ स्याङ्जामा साहित्यलेखनको आरम्भ

विशिष्ट शैलीमा लेखिएको काल्पनिक, भावनात्मक तथा आलङ्कारिक प्रकृतिको कुनै पनि रचनालाई साहित्य भनिन्छ ।[ज्ञट] स+हित+य को योगबाट बनेको साहित्य शब्दको खास अर्थ हितकारी वा हितसाहितको मौखिक वा लिखित रचना भन्ने बुझिन्छ । पाठक वा श्रोतालाई हित गर्ने जुन सुकै रचनालाई साहित्य मान्न सकिन्छ । त्यसैले अनुभव र अनुभूति, सरस हृदय र अध्ययनका आधारमा विभिन्न भाषामा साहित्यको रचना भएको पाइन्छ ।[ज्ञठ] यिनै अनुभव वा अनुभूति, सरस हृदय र अध्ययनका आधारमा आँधीखोला क्षेत्रको भौगोलिक वातावरण, सामाजिक तथा सांस्कृतिक अवस्था, रहनसहन, मूल्य मान्यता, वेषभूषा, चालचलन आदिलाई आधार मान्दै नेपाली साहित्यका विविध विधामा साहित्यिक मान्यताअनुरूप विकास भएको पाइन्छ ।

प्राचीन समयका अभिलेख तथा ग्रन्थमा केही मात्रामा साहित्यिक भाव देखिए पनि पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानमा राजामहाराजा तथा प्रमुख सैनिक व्यक्तित्वको स्तुतिगान र युद्धमा सेनाहरूको मनोबल उच्च बनाउन युद्ध मोर्चाको वर्णन गरिएका वीर भावनाका लेख रचनाबाट नै नेपाली साहित्यलेखनको थालनी भएको मानिन्छ ।[ज्ञड] नेपाली साहित्य भक्तिधारामा प्रवेश गर्नु अगावै श्री ५ रणबहादुर शाहको शासनकाल (१८३४-१८५५) मा नै स्याङ्जाको कैरि नामक गाउँमा जन्मेर आँधीखोला क्षेत्रको वरिपरि हुर्केबढेका यज्ञसुरि कोइरालालाई

---

[ज्ञघ] दयाराम श्रेष्ठ, **साहित्य इतिहासः सिद्धान्त र सन्दर्भ,** दो.सं (काठमाडौं : त्रिकोण प्रकाशन), २०६१ , पृ.११७ ।

[ज्ञढ] ऐजन ।

[ज्ञछ] डा. अच्युतशरण अर्याल, 'स्याङजाली साहित्यः एक रेखाङ्कन', **सगुन** (वर्ष ४, पुर्णाङ्क १०, स्याङजा विशेषाङ्क), २०६३, पृ. १५ ।

[ज्ञट] हेमाङ्गराज अधिकारी (सम्पा.), पूर्ववत्, पृ. १००८ ।

[ज्ञठ] दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. १०५ ।

[ज्ञड] दयाराम श्रेष्ठ , पूर्ववत् पृ. १०५ ।

स्याङ्जाबाट साहित्य साधना गर्ने प्रथम साहित्यकार मानिन्छ ।[ज्ञढ] उनले संस्कृतका ५८२ छन्द र १३ सर्गमा पितृभक्तिमा आधारित श्रवणकुमारको पौराणिक कथामा संस्कृत भाषामा **चन्द्रसम्भव** महाकाव्य रचना गरेको उल्लेख पाइन्छ ।[द्दण] यस महाकाव्यको विषयवस्तु पौराणिक लोकसंस्कृति र लोकपरम्परामा आधारित रहेकाले यस क्षेत्रको साहित्यिक लेखनको पृष्ठभूमि लोकसाहित्य वा लोकसंस्कृति रहेको थाहा हुन्छ ।

स्याङ्जा सतौँका गौरेश्वर अर्यालले वि.सं १८८६ मा रचना गरेको बेताल **पञ्चविशति** र स्याङ्जा नुवाकोटका **प्रह्लादले** वि.सं १९२७ मा रचना गरेको **आत्मकथा** कविता नेपाली भाषामा स्याङ्जा जिल्लाको साहित्यिकलेखनका प्रारम्भिक कार्य मानिन्छन् ।[द्दज्ञ] वि.सं २००५ मा स्याङ्जाका कृष्णप्रसाद शास्त्री काठमाडौंमा **जयतु संस्कृतम** आन्दोलनमा सक्रिय रहेको भनी तत्कालीन शासकले उनलाई देश निकाला गरेकाले यस क्षेत्रको साहित्यिक जागरण बढेको पनि थाहा हुन्छ ।[द्दद्द]

लाहुरेलाई लेखिने चिठीपत्र, चिनाचिर्कटा, मुढेपात्रो, देवदेवीका स्तोत्र, जन्तर, हस्तलिखित रुद्री-चण्डी, विन्तीपत्र, कर्खा, जिल्ला बाहिर पढ्न बसेका विद्यार्थीले लेखेका छन्दोबद्ध कवितात्मक चिठी, धर्मपत्रात्मक लेख, वंशावली आदिले यस जिल्लाको साहित्यिक लेखनको आरम्भ र पृष्ठभूमिको काम गरेको मानिन्छ ।[द्दघ]

प्रकाशनका दृष्टिले **राजभक्ति तŒवदीपिका** भाष्यको रूपान्तरण गरी २०५ श्लोकमा रचेको **देशभक्त केटो** (२००६) यस क्षेत्रका स्रष्टाको पहिलो प्रकाशित कृति हो ।[द्दद्ध] उत्त कृतिका रचनाकार स्याङ्जा चिलाउनेवासका ईश्वरीप्रसाद उपाध्याय हुन् । त्यसै गरी प. दण्डपाणि शर्माको वि.सं २००९ मा गोरखपुरबाट प्रकाशित **विधवा विवाह** स्याङ्जाको दोस्रो प्रकाशित कृति हो ।[द्दछ] वि.सं २००८ भन्दा अगाडि लेखिएर क्रमशः २०४१ र २०४५ सालमा प्रकाशित मुकुन्दराज उपाध्यायद्वारा लेखिएका **तीनधामयात्रा** र **आचमनी** पनि यस क्षेत्रका उल्लेख्य प्रारम्भिक रचना मानिन्छन् । [द्दट]

वि.सं. २००६ बाट आरम्भ भएको स्याङ्जाको साहित्यिकलेखन कविता, आख्यान, नाटक र निबन्ध विधामा विस्तार भएको छ । वर्तमान समयमा अनुसन्धानात्मक लेखरचना, व्याकरण, जीवनी, समालोचना, खण्डकाव्य, महाकाव्य, वंशावली, बालकविता, लोकगीत, यात्राविवरण, हास्यव्यङ्ग्य, शब्दकोश र विभिन्न पत्रपत्रिका गरी प्रायः नेपाली साहित्यका सबै क्षेत्रमा यस क्षेत्रका

---

[ज्ञढ] डा. वेणीमाधव ढकाल, (सम्पा), **यज्ञशर्म सुरिविरचितम् चन्द्र सम्भावमहाकाव्यम्**, (काठमाडौं : ने. रा. प्र.प्र. २०५८), पृ. १ ।

[द्दण] पूर्ववत् , पृ. ३ ।

[द्दज्ञ] डा. अच्युतशरण अर्याल, पूर्ववत् पृ. १८ ।

[द्दद्द] ऐजन ।

[द्दघ] पूर्ववत् पृ.४ ।

[द्दद्ध] डा. महेश्वर शर्मा, **'स्याङ्जाको साहित्यिक इतिवृत्त : छोटो चर्चा,' सगुन** ,( वर्ष ४, अङ्क, १०),२०६३,पृ. २३ ।

[द्दछ] ऐजन ।

[द्दट] ऐजन ।

लेखकहरू केन्द्रित छन् ।[द्ठ] साहित्यका विविध क्षेत्रका साथै यस क्षेत्रको लोकसाहित्य र लोकसंस्कृति झल्कने विविध पक्षमा कलम चलाउँदै साहित्यकारहरू निरन्तर अगाडि बढिरहेका छन् ।

## ३.३ पुस्तकालय तथा पत्रपत्रिका

पुस्तक नभएको घर, गोली नभएको बन्दुक र नैतिकता नभएको मान्छेको कुनै महत्त्व हुँदैन भन्ने मान्यताले २००७ साल भन्दा अगाडि सार्वजनिक प्रयोजनको पुस्तकालय नभएको स्याङ्जा जिल्लामा २००८ सालमा सर्वप्रथम डा. महेश्वर शर्माको सक्रियतामा स्याङ्जापुतली बजारमा **त्रिभुवन आदर्श पुस्तकालय**को स्थापना भएको हो ।[द्ड] हाल यो **लक्ष्मी स्मृति पुस्तकालय**का नामबाट सञ्चालित भएर सबैलाई पुस्तक पत्रपत्रिका पढ्ने सुविधा प्रदान गरेको छ । त्यस्तै गरी देवकोटा पुस्तकालय वालिङ (२०२७) **कालिका पुस्तकालय** बलमाटा, **जनता पुस्तकालय** खहरे, **आदर्श पुस्तकालय** किचनास तथा विद्यालयस्तरका ससाना पुस्तकालयहरूले यस क्षेत्रको साहित्यिक गतिविधिमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारेका छन् ।[द्ढ] यस क्षेत्रका अन्य ठाउँहरूमा पनि विभिन्न पुस्तकालय तथा वाचनालयहरू हाल सञ्चालनमा रहेका छन् । त्यस्ता पुस्तकालय तथा वाचनालयमध्ये दक्षिणपश्चिमी स्याङ्जाको विर्घामा रहेको **मातृभूमि पुस्तकालय** (२०४६) ले यस क्षेत्रमा सुविधा प्रदान गर्दै आइरहेको छ ।

साधन र सुविधाको कमीले राष्ट्रियस्तरमै यथेष्टकाम हुन नसकेका अवस्थामा समाजमा सचेतता र सक्षमता प्रदान गर्नका लागि जिल्लाभित्र र बाहिरबाट स्याङ्जाका साधकहरू पत्रपत्रिकाको प्रकाशन र साहित्यिक विकासमा निरन्तर रूपमा लागिपरेको पाइन्छ ।[घण] पत्रपत्रिकामा **पञ्च समाज** (२०१८) पहिलो पाक्षिक समाचारपत्र र **युगभाषा** (२०२२-२३) पहिलो साहित्यिक पत्रिका जिल्लाभित्रैबाट प्रकाशित पत्रिका हुन् भने **साहित्यधारा** (मासिक) स्याङ्जाकै साधकहरूको देन हो ।[घज्ञ] त्यस्तै समसामयिक विषयलाई महत्त्व दिने **बलमाटाको फूल** (२०३०), **मातृभूमि गारेटो** (२०२५) आदि विभिन्न विद्यालयबाट सञ्चालित पत्रिका हुन् ।[घद्द] त्यसैगरी वनारसबाट **कल्याणी** (२०१९), काठमाडौंबाट **आँधीखोला** (२०२७) र गाउँ सेवा परिवार विर्घाको तर्फबाट प्रकाशित **स्मारिका** (२०६२) मा प्रकाशित जति पनि फुटकर लेख रचनाले साहित्यिक गतिविधिमा टेवा पुऱ्याएका छन् ।[घघ]

वि.सं २०५५ बाट सुरु भएर हालसम्म २९ अङ्क प्रकाशित **रजस्थल** जिल्लाको सबैभन्दा बढी अङ्क निस्किएको साहित्यिक त्रैमासिक पत्रिका हो । त्यस्तै वि.सं २०५९ देखि **आँधीखोला**

---

[द्ठ] फणिन्द्रराज काफ्ले र अन्य (सम्पा), **स्याङ्जाको साहित्यिक चिनारी** (स्याङ्जाः स्याङ्जा साहित्य परिषद्,) २०५), पृ. ८ ।

[द्ड] पूर्ववत् पृ.९ ।

[द्ढ] पूर्ववत् पृ. १० ।

[घण] ऐजन ।

[घज्ञ] पूर्ववत् पृ. ११ ।

[घद्द] ऐजन ।

[घघ] ऐजन ।

**साहित्य सदन,** वालिङ, स्याङ्जाले प्रकाशन गरेको **सगुन** साहित्यिक त्रैमासिक पत्रिका स्याङ्जा विशेषाङ्कका रूपमा दसौं अङ्कसमेत प्रकाशित भएको छ । **प्रयोग**, **आँधीखोला एक्सप्रेस**, **स्याङ्जा सन्देश, स्याङ्जा दर्पण**, **गल्याङ्पत्र**, **सत्यसन्देश**, **नयाँ खबर**, **विचार** आदि पत्रपत्रिका जिल्लाका विभिन्न स्थान र जिल्ला बाहिरबाट प्रकाशित भएर यस क्षेत्रको साहित्यलाई टेवा पुऱ्याइरहेका छन् ।[घढ] साहित्यिक वातावरण निर्माण र प्रकाशनमा यी पत्रिकाको योगदान महŒवपूर्ण रहेको छ ।

## ३.४ साहित्यिक संघसंस्था र पुरस्कार

वि.सं २००७ अगि सामन्ती परिवारका रकमीहरूले आफ्ना छोरालाई ऐन श्रेस्ता पढाउने र पण्डितहरूले संस्कृत पढाउने परम्परा र केहीले वनारसतिर गएर अङ्ग्रेजी पढ्ने चलन पनि यस क्षेत्रमा थियो ।[घछ] प्रजातन्त्रको आगमनसँगै खुलेका शैक्षिक पाठशाला, पुस्तकालय आदिको चेतना स्वरूप यस क्षेत्रमा साहित्यका विविध पक्षलाई ध्यानमा राखेर **मोती साहित्य प्रतिष्ठान** (२०४५) वालिङ, **आदर्श सङ्गम,** (स्याङ्जा), **स्याङ्जा साहित्य परिषद्** (२०५०, काठमाडौं), **स्याङ्जा साहित्य प्रतिष्ठान** (२०५२) स्याङ्जा, **आँधीखोला साहित्य सदन** (२०५९: वालिङ) **गण्डकी साहित्य परिषद** (पोखरा), **भेषजराज साहित्य प्रतिष्ठान** (२०६३ :वालिङ) आदि साहित्यिक संस्था स्याङ्जाको साहित्यिक विकासमा निरन्तर लागेका छन् ।[घट]

साहित्यिकारहरूलाई साहित्यिक रचनामा क्रियाशील गराउने वा रचनात्मक तथा सिर्जनात्मक कार्यमा हौसला बढाउन यस क्षेत्रमा विभिन्न पुरस्कारको स्थापना भएको पाइन्छ । स्याङ्जा जिल्लामा हालसम्म स्थापना भएका र वितरण गरिँदै आएका केही साहित्यिक पुरस्कारहरू यस प्रकार छन्-

क) शैक्षिक पुरस्कार (२०४२)
ख) लक्ष्मी साहित्य पुरस्कार (२०४६)
ग) साहित्य पुरस्कार (२०४६)
घ) शंङ्खनारायण पुरस्कार (२०४९)
ङ) कालीगण्डकी साहित्यकला पुरस्कार (२०५३)
च) वालनरसिंह सुवर्णकुमारी अधिकारी पुरस्कार (२०५४)
छ) तीलाकुमारी साहित्य पुरस्कार (२०५४) आदि ।

## ३.५ स्याङ्जाका साहित्यकारहरूको सर्वेक्षण

स्याङ्जा जिल्लामा जन्म भई जिल्लाभित्रै रहेर वा जिल्ला बाहिरबाट नेपाली साहित्यका

---

[घढ] प्रेमराज लुइटेल, 'स्याङ्जाली साहित्यः एक संक्षिप्त सर्वेक्षण' **सगुन**, (वर्ष ४, पूर्णाङ्क १० ), २०६३, पृ. ५५ ।
[घछ] फणिन्द्रराज काफ्ले र अन्य (सम्पा.), पूर्ववत् पृ. ११ ।
[घट] प्रेमराज लुईटेल, पूर्ववत् पृ. ५१ ।

विविध विधामा कलम चलाउने स्रष्टाहरूका नाम, जन्ममिति, ठेगाना, प्रकाशित कृतिहरू वर्णानुक्रमका आधारमा सर्वेक्षण गरिएको छ । यस सर्वेक्षणबाट स्याङ्जाका साहित्यिकारको साहित्यिक योगदानको परिचयात्मक चिनारी लिन सकिन्छ ।

**अग्निकुमार पल्लव (२०२९, जगत भन्ज्याङ)**

क) हृदयको बाबु (कविता सङ्ग्रह, २०५१)

ख) मातृस्नेह (खण्डकाव्य, २०६०)

**अग्निप्रसाद उपाध्याय रेग्मी ( ? ,खिलुङ )**

क) मेरा अविस्मरणीय घटनाहरू ( ? )

**डा. अत्युतशरण अर्याल (२०१३, वालिङ)**

क) अभ्फेटाका बान्कीहरू (निबन्धसङ्ग्रह, २०४१)

ख) नेपाली बालसाहित्यको रूपरेखा (२०४५)

ग) प्रमाणवाद (सिद्धान्तः सिर्जना, २०४८)

घ) श्रवणकुमार (बालखण्डकाव्य, २०५४)

**अनन्त अर्याल (२०२३, थुमपोखरा)**

क) म आलोच्य छु (कवितासङ्ग्रह, २०५९)

ख) अव्यक्त तृष्णा (कथासङ्ग्रह, २०६०)

**अनन्त अर्याल (२०३३, पु.ब.न. पा.)**

क) एउटा कथा मेरो देशको (कवितासङ्ग्रह, २०५९)

**अर्जुन अर्याल (२०३३, पु. ब. न. पा)**

क) सुनिताको चिठी (कथासङ्ग्रह, ? )

**अर्जुनप्रसाद लम्साल ( ? चिन्नेवास)**

क) देवकी (कथासङ्ग्रह, २०६२)

**आकाश रेग्मी (२०३१, ? )**

क) नेपालीलाई साढे सात (२०५९, ? )

**आकृति पाण्डे (२०४४, विर्घा)**

क) देश हराएको सूचना (२०६०, ? )

**ईश्वरीप्रसाद, उपाध्याय पौडेल (१९३३ -२०१८ , चिलाउनेवास)**

क) देशभक्त केटो (कवितासङ्ग्रह, २००६)

**ईश्वरीप्रसाद ढकाल ( ? पु.ब.न.पा.)**

क) सेतीदोभान (उपन्यास, ? )

**उमेश थापा मगर ( ? विरुवाअर्चले)**

क) ऊमेसो सिरज्नाको (मगराँती कविता सङ्ग्रह, २०६१)

**एकनारायण सुवेदी (२०१९, वालिङ)**

क) फेरी जन्मिएकी छोरीको विदाइ (उपन्यास, २०५९)

**एपी अर्याल 'विचारी' (२०४०, अर्जुन चौपारी)**

क) किटाणु (कवितासङ्ग्रह २०६२)

**एम.सी. थापा मगर ( ? ,राङभाङ)**

क) शान्ति शिरोमणि (कवितासङ्ग्रह, ? )

**कपिल अज्ञात (२०१५, पौवैगौडे)**

क) अज्ञातका कविता (कवितासङ्ग्रह, २०४७)
ख) समालोचनाको सन्दर्भ (समालोचना, ? )
ग) साहित्य सृजन प्रक्रिया ( ? ,२०५५)

**कमल पौडेल 'अथक' ( ?,विचारीचौतारा)**

क) तीजको कोशेली रोएकी चेली ( ? ,२०५८)
ख) अथक गजलसङ्ग्रह गजेको भोटो ( ? ,२०६२)

**कल्पना श्रेष्ठ (२०३५, पु.ब.न.पा.)**

क) अनिश्चित यात्राका हरफहरू ( ? ,२०६१)
ख) अन्त्यहीन जीवन (खण्डकाव्य, २०६१)

**काशीराम शर्मा ( ?,शास्त्री)**

क) प्रकृति पुरुषको एक झलक (खण्डकाव्य, २०४६)
ख) रामव्रशेतिहास ( ? ,२०४६)
ग) नेपाली जनजीवन (खण्डकाव्य, २०४७)

**केदार शर्मा ढकाल (१९८६, पु.ब.न.पा.)**

क) आँशु र पसिना (कवितासङ्ग्रह, २०१५)
ख) बाँच्न गाह्रो भो (निबन्धसङ्ग्रह, २०४७)
ग) जीवन संघर्षको चक्कर ठक्कर (निबन्ध, २०५५)

**कृष्णप्रसाद अर्याल (१९८१, खिलुङ)**

क) मुर्दाको बस्ती (उपन्यास, ? )

**डा. गणेशमान गुरुङ ( ?,पञ्चमूल)**

क) दि चेपाङ्स (अंग्रेजी, ? )

ख) जुम्ली संस्कृति( ? )

ग) दूरा जातिको सामाजिक अध्ययन ( ? )

घ) इण्डियन पिपुल्स : मोविलिटी एण्ड चेन्ज (अं., ? )

ङ) सम्झनाका क्षणहरू (निबन्धसङ्ग्रह, सन् १९९१)

**डा. गार्गी शर्मा काफ्ले (२००५, वानेथोक)**

क) केही समीक्षा (२०४२)

ख) चाँदनी शाहको काव्यभूमि (२०४४)

ग) गोमा -महाकाव्य, ? )

**गायत्री लम्साल "परिरोशनी" (२०३६, थुमपोखरी)**

क) झटारो (हाव्यव्यङ्ग्य कवितासङ्ग्रह, २०६०)

ख) बोकापालन (हास्यव्यङ्ग्य नि.सं. २०६२)

ग) प्रेमरोशनी (संयुक्त कवितासङ्ग्रह, २०६३)

**गोपालमान श्रेष्ठ (सन् १९४७, पु.ब.न.पा.)**

क) पूर्वपश्चिम राजमार्ग नेपालीको भाग्यरेखा ( ? )

ख) ठूटो चुरोट( ? )

ग) आलोक सम्झनामा( ?)

**गोपीरमण उपाध्याय (२००३, किचनास)**

क) राजनैतिक शब्द परिचय (२०३८)

ख) पूर्वमा भौतिकवादी दर्शनको परम्परा ( ? )

ग) केही दार्शनिक निबन्धहरू ( ? )

घ) धर्मशास्त्रको ऐतिहासिक भौतिकवादी विश्लेषण ( ? )

ङ) एमालेमा विसर्जनवाद यसरी देखापर्‍यो ( ? )

च) मार्क्सवादका आधारभूत सिद्धान्त ( ? )

**गोविन्दप्रसाद शर्मा (२००५, सेतीदोभान)**

क) भावनाका फूल ( ? ,२०५६)

ख) वेदनाका स्वरहरू ( ? ,२०६१)

ग) जीउन पाऊँ त्यसरी ( ? २०६१)

घ) पीडा छ राष्ट्रैभरि ( ? )

ङ) कति राम्रो नेपाल ( ? )

च) राष्ट्रको माग ( ? )

छ) चिरबिर गायो चरिले ( ? )

ज) रमाउँला मनपेट साटेर ( ? )

झ) गीत भित्रका गीतहरू ( ? ,२०६२)

**गंगा कर्माचार्य (पौडेल)** (२०११, पु.ब.न.पा.)

क) गंगाका केही छालहरू (कवितासङ्ग्रह, २०३३)

ख) आँधीखोलाको सम्झना (कवितासङ्ग्रह, २०६३)

**गंगाधर शर्मा पौडेल** (२००३, पु.ब.न.पा.)

क) तिर्सना (कवितासङ्ग्रह, २०४९)

**घनलाल चापागाई** ( ? **,कालिकाकोट**)

क) योग ......... (धर्म , ? )

**घनश्याम ढकाल** (२०१०, पु.ब.न.पा.)

क) भरिया र यात्री (कथासङ्ग्रह, २०४३)

ख) सहिद मानचित्रमा नपरेका सहिद (कथासङ्ग्रह, २०४८)

ग) समर्पणको बाटोमा (कथासङ्ग्रह, २०५१)

घ) आजको महाभारत (कथासङ्ग्रह, २०५५)

ङ) गाउँभित्र (उपन्यास, २०४७)

च) रातो आकाश (उपन्यास, २०६०)

छ) नाम कमाउने रहरमा (निबन्धसङ्ग्रह, २०४२)

ज) दरिद्रताबाट मुक्ति (निबन्धसङ्ग्रह, २०४५)

झ) फैसला हारजितको (कवितासङ्ग्रह, २०४४)

ञ) गंगा कावेरी एकप्रेम (चिठी) लाई जवाफ (२०४२)

ट) अभिवादन गर्छ सगरमाथा पेरुवियाली जनक्रान्तिलाई (लामोकविता, २०४३)

ठ) भावनाका छालहरू (गीतिकविता, २०६२)

ड) सं. मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना (समालोचना, २०५४)

ढ) सं. यथार्थवादी नेपाली समालोचना (पश्चिमाञ्चलका समालोचना, २०६२)

**डा. घनश्याम न्यौपाने 'परिश्रमी' (२०१५, श्रीकृष्णगण्डकी)**

क) अन्त्यमा (खण्डकाव्य, २०३६)

ख) यो मौसम (गजलसङ्ग्रह, २०५०)

ग) घामको छहारीमा (गजलसङ्ग्रह, २०५३)

घ) साहित्य सन्दर्भ (समीक्षासङ्ग्रह, २०५५)

ङ) जुन चुहेको रात (ग.सं., २०६०)

च) आधुनिक नेपाली व्याकरण

छ) राम्रो चाचा मिठो पापा

**चिन्तु गिरी** (२०११, पु.ब.न.पा.)

क) मेरो धर्ती ( ? ,२०५०)

ख) विरामी वर्तमान ( ? ,२०५९)

ग) गलैंचीका फूलहरू ( ? ,२०६१)

**चेतन कार्की (१९९५, आरुखर्क)**

क) आत्मा बेचेको छैन (उपन्यास, २०२३)

ख) हनिमुन (उपन्यास, २०२५)

ग) ढलेको गिलास (लघुउपन्यास, २०३०)

घ) जून निदाउन थाल्यो (गीतिसङ्ग्रह, ? )

ङ) कल्पना टूट चुकी है (हिन्दी/उर्दू कविता, ? )

च) अन्य फुटकर कथा, लेख, कविता, गीत आदि।

**चोकबहादुर थापा (१९९१, राङभाङ)**

क) हृदयको उद्गार (कवितासङ्ग्रह, २०२१)

ख) एउटा नयाँ बिहानको प्रतीक्षामा (कवितासङ्ग्रह, २०२१)

ग) स्मृतिका केही चित्रहरू (प्रबन्ध, ? )

**जगन्नाथ न्यौपाने ( ? )**

क) कवितासङ्ग्रह (२०४२)

**डा. जगदीशचन्द्र भण्डारी (२०१९, मालुङ्गा)**

क) वर्तमान जन्मन खोजिरहेछ (कवितासङ्ग्रह, २०४०)

ख) मुक्तिक्षेत्रको यात्रामा (कवितासङ्ग्रह, २०४८)

ग) लेनिनका कविता (अनुवाद, २०५५)

घ) आँखाका यी नानीहरू (कवितासङ्ग्रह, २०५९)

ङ) साहित्य र यथार्थ (सह-अनुवाद, २०५६)

च) अँध्यारोमा चल्बलाएका शब्दहरू (निबन्ध, २०४७)

छ) मेरा आँखामा तानाका कथा र जमर्काहरू (समालोचना, २०४७)

ज) साहित्यः चिन्तन र विवेचना (समालोचना, २०५०)

झ) प्रगतिवादी नेपाली कविताः रेखाङ्कन र विश्लेषण (समालोचना, २०५५)

ञ) पृथक सिर्जना, पृथक निरूपण (समालोचना, २०६०)

**जयप्रकाश रेग्मी ( ? ,बालिङ)**

क) मृत्यु शैयामा (कवितासङ्ग्रह, २०४८)

**जयप्रसाद पौडेल (२००५ - २०६१, पु.ब.न.पा.)**

क) छोराले क ख खोज्दा (कवितासङ्ग्रह, २०४८)

ख) नानीको साथी (बालगीतसङ्ग्रह, २०५४)

ग) धरहरा (लघुकाव्य, २०५३)

घ) दुःखका दिनहरू (कथासङ्ग्रह, २०५५)

ङ) धादिङबेंसी (उपन्यास, २०५१)

**जलेश्वर पाण्डे (२०२६, बिर्घा)**

क) अनु. सेक्सपियरका उत्कृष्ट कथाहरू (२०५९)

**जीतबहादुर सिंजाली (मगर भाषाका आदिवासी , ? ,चण्डीभञ्ज्याङ)**

क) मगर भाषाङ लीङ ड टुक्काऔ किटाब (सयुक्त, ? )

ख) ल्हेस्य राहानाङ (मगराँती कवितासङग्रह, २०६३)

**ज्ञाना गैह्रे ( ? ,थुमपोखरा)**

क) गाउँखाने कथासङ्ग्रह ( ? )

**जीवनपानी पोखरेल (२०२८, ओरस्टे)**

क) जीवनपानीका फोहराहरू (ग.सं., २०५९)

ख) जीवनपानीका सुस्केराहरू (ग.सं., २०६१)

**ज्ञानेन्द्रराज पोखेल (२००१, किचनास)**

क) प्रतिभा (उपन्यास, ? )

ख) प्रतिभा (कवितासङ्ग्रह , ? )

**ज्ञानेश्वर रेग्मी (१९९७, वालिङ)**

क) हलसारो (कवितासङ्ग्रह, २०४४)

**टुकप्रसाद रेग्मी ( ? ,ठूलाडिही)**

क) संक्षेपमा गीता ज्ञान (धर्म, )

**टीकाराम रेग्मी ( ? )**

क) नवीन नेपाली लोकगीत ( ? ,२०३०)

**टेकबहादुर थापा (२००३, पु.ब.न.पा.)**

क) आँधीको आवाज (?)

**तेजप्रसाद अर्याल ( ? )**

क) म हेलित छु ( ? )

**डिल्लीरमण शर्मा न्यौपाने (१९८८, किचनास)**

क) आजको भ्याउरे (२०११/१२)

ख) विधवाको करुण क्रन्दन (सवाइकविता, २०१६)

ग) ग्राम्य संघर्ष (भ्याउरे कविता, २०१७)

**तुलबहादुर क्षेत्री मालेमा (?)**

क) चेतना (खण्डकाव्य, ? )

**त्रिभुवन अर्याल (२००२, वालिङ)**

क) केही जानिएन (कवितासङ्ग्रह, २०५१)

**पं. दण्डपाणि शर्मा (१९६९, किचनास)**

क) विधवा विवाह ( ? ,२००९)

**दयानाथ अर्याल (२०१०, वालिङ)**

क) आमा (कवितासङ्ग्रह, २०५५)

ख) मुक्तकसङ्ग्रह (२०६०)

**दामोदर डुम्रे (२०४७, थुमपोखरा)**

क) आमाको माया (लोकथासङ्ग्रह, २०६१)

**दिनेश पाण्डे (२०३२, विर्घा)**

क) मुखिया (नाटक, २०५१)

**दिलिपप्रताप खाँण (२०२४, वालिङ)**

क) वंशावली (खाँण, शाह र शाहीको वंशावली तथा इतिहास, २०६०)

**दीनबन्धु अर्याल (सन् १९४४, पु.ब.न.पा.)**

क) बाजश्रवस ( ? ,२०५४)

**दीप्तिनारायण ढकाल (१९८६-२०४०, फापरथुम)**

क) सानाकिसान (गीतिखण्डकाव्य, ? )

**दुर्गाबहादुर रोकाहा (२०३१, दरौं)**

क) बुद्ध रोइरहेको देश (कवितासङ्ग्रह, २०६१)

**देवीप्रसाद उराठ 'ढकाल' (२०४०, रापाकोट)**

क) पखेटाको फूल (कवितासङ्ग्रह, २०६०)

ख) हिजो बिनासित्तै रोइएछ (कवितासङ्ग्रह, २०६१)

ग) प्रीतिका गीत ( ? )

**देवीप्रसाद वनवासी (१९९७, वालिङ)**

क) माछापुच्छ्रेको काख (कवितासङ्ग्रह, २०२०)

ख) आमाको सन्देश (कवितासङ्ग्रह, २०२१)

ग) ढुंगाको कहानी (कवितासङ्ग्रह, २०२१)

घ) भूमिसुधार किन ? (कवितासङ्ग्रह, २०२१)

ङ) पल्लोघरकी नानी (कवितासङ्ग्रह, २०२३)

च) सहिदको आत्मकथा (कवितासङ्ग्रह, २०३२)

छ) बिस्कुन (कवितासङ्ग्रह, २०३२)

ज) अमरज्योति (कवितासङ्ग्रह, २०६२)

झ) जोखना (व्यङ्ग्य-हास्य कविता, २०५१)

ञ) हाँडीघोप्टे छत्तीसा जोखना (व्यङ्ग्य-हास्य कविता, २०५२)

ट) लुछाचुँडी जोखना (व्यङ्ग्य-हास्य कविता, २०५३)

ठ) श्री बुँख्याचा जोखना (व्यङ्ग्य-हास्य कविता, २०५४)

ड) चौरासी व्यञ्जन जोखना (व्यङ्ग्य-हास्य कविता, २०५७)

ढ) फकडा जोखना (व्यङ्ग्य-हास्य कविता, २०५९)

ण) हलुवा जोखना (व्यङ्ग्य-हास्य कविता, २०६२)

त) असल मान्छे (बालजीवनी, २०४७)

थ) अद्‌भूत मान्छे (बालजीवनी, २०५६)

द) कथाकथ्यौरी (बालकथा, २०२७)

ध) केही रमाइला कथा (बालकथा, २०३८)

न) फूलपाती (बालकथा, २०४०)

प) चुभुरचुभुर(बालकथा, २०४२)

फ) छुनुमुन (बालकथा, २०५१)

ब) सिरिखुरी (बालकथा, २०५४)

भ) बालसंगाती (बालकथा, २०५८)

म) पन्ध्रकथा पञ्चतन्त्रका (बालकथा, २०६०)

य) मुलुकभित्रै भौंतारिँदा (गद्यलेखोट, २०४२)

र) आकृति र अनुभूति (गद्यलेखोट, २०४४)

ल) आँधीखोले लोकसंस्कृति (गद्यलेखोट, २०५५)

व) सोल्टी (गद्यलेखोट, २०५९)

स) हरेलो (गद्यलेखोट, २०७१)

ह) त्रिवेणी (अनुवाद नाटक, २०६३)

**देवेन्द्र लम्साल (२०११, चिन्नेवास)**

क) ज्यागदी र म (खण्डकाव्य, २०३६)

ख) ज्यादी किनारमा बल्छी खेलेर (कविता, २०४२)

ग) स्मृतिपटलमा पिताजी विश्वनाथ (कविता, २०५२)

घ) शान्तिको खोजीमा (कवितासङ्ग्रह २०६१)

ङ) अभिशप्त प्रेम (कथासङ्ग्रह, २०५४)

च) बौलाही राइँदाल्नी (सामाजिक काव्य २०५३)

**नगेन्द्र भट्टराई ( ? चापाकोट)**

क) हाम्रो जीवनको उद्देश्य ( ? ,२०३५)

**नारायण पौडेल ( ? ,पु.ब.न.पा.)**

क) राजा र धर्म (श्लोकसङ्ग्रह, २०५३)

**नारायणप्रसाद अधिकारी (२०१६, मल्याङ्कोट)**

क) हिमकमल (कवितासङ्ग्रह, २०५२)

ख) विचार र विवेचना (समालोचना)

ग) श्रीकृष्ण ( अनु. ,२०५३)

घ) श्रीभद्भागवत्गीता यथारूप ( अनु. ,२०५५)

**नारायणप्रसाद 'पथिक' ( ? ,वाङ्सिङ)**

क) तिमी को हौं ( ? )

ख) बदला (उपन्यास, २०६०)

**नारायणप्रसाद मरासिनी ( ? ,चिन्नेबास)**

क) तीजको कोसेली ( ? ,२०५०)

ख) समयका धब्बाहरू (मुक्तकसङ्ग्रह, २०५१)

ग) साने (खण्डकाव्य, २०५६)

घ) रणभूमिबाट (कवितासङ्ग्रह, २०६३)

**नारायणप्रसाद रेग्मी (२००३, वालिङ)**

क) खीना (शोककाव्य, २०६१)

**नारायण लम्साल ( ? )**

क) विलौना (कवितासङ्ग्रह, २०६३)

**पद्मनाम शर्मा डुम्रे ( ? ,कालिकाकोट)**

क) जीवन सन्देश ( ? ,२०४२)

**पीताम्बर चापागाईं पदमपानी (२०३४, पिंढीखोला)**

क) आफ्नै मुटु फाटेपछि (गजलसङ्ग्रह, २०६२)

**परशुराम कोइराला (चिन्नेवास, २०२३)**

क) नर्कमा रमाउने देवताहरू (कवितासङ्ग्रह, २०५८)

ख) माटाको गीत (कवितासङ्ग्रह, २०५९)

ग) निरुत्तर (कथासङ्ग्रह, २०६१)

**पीताम्बर शर्मा नेपाल (१९९७, सेतीदोभान)**

क) पेटको राँको (कवितासङ्ग्रह, २०६०)

**पुण्यप्रसाद ढकाल ( ? ,फायरथुम)**

क) पंचमुलको इतिहास ( ? )

ख) सानाविरुवा ( ? )

ग) अघि बढौं (  ?  )

**प्रेमराज लुइँटेल (२०३५, थुमपोखरा)**

क) धर्तीमा तिम्रै लागि (कवितासङ्ग्रह, २०६०)

ख) नेपाली हास्यव्यङ्ग्यमा स्याङ्जा जिल्लाको योगदान (२०६१, शोधपत्र)

ग) प्रेमरोशनी (संयुक्त कवितासङ्ग्रह, २०६३)

**फणिन्द्रराज काफ्ले (२००२, बानेथोक)**

क) नेपाली कवितामा राष्ट्रियता (समीक्षा, २०२८)

ख) अनिवार्य नेपाली व्याकरण (२०३७)

ग) साहित्यका केही सैद्धान्तिक पक्ष (२०४५)

**बुद्धिप्रसाद पोखरेल (१९९७, पु.ब.न.पा.)**

क) हाइस्कुल ग्रामर एण्ड कम्पोजिसन (  ?  )

ख) बुद्धि पोखरेलका निबन्धहरू (नि.सं.,  ?  )

**भीमबहादुर पाँडे (१९७०-२०४९, वालिङ)**

क) राष्ट्रभक्तिको झलक (२०३४)

ख) त्यस बखतको नेपाल (भाग १ - ५,  ?  )

**भूपति ढकाल 'कमल' (२०००, फापरथुम)**

क) स्वदेशिएका जोडी (उपन्यास, २०३७)

ख) श्रद्धाञ्जली (शोककाव्य, २०३९)

ग) नेपाली व्याकरणको संक्षिप्त दिग्दर्शन (२०३९)

घ) केही कृतिको विवेचना र अभ्यासमूलक नेपाली (२०४०)

ङ) अब नेपालमा सिङ्गो नेपाल बोल्छ (२०४१)

च) नेपाली काङ्ग्रेसको संक्षिप्त विश्लेषण (२०४७)

छ) हाम्रो चाहना (२०५०)

ज) प्रजातान्त्रिक समाजवाद आजको आवश्यकता र छानमा फाल्न खोजिएका फाइलबाट (२०५१)

झ) आव्हान (२०५२)

ञ) म घायल सिंह हुँ, तर हिंसा गर्दिन (२०५२)

ट) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचार पक्ष (विद्यावारिधि शोधपत्र (२०५६)

ठ) विश्वेश्वरप्रसाद कोइराला दोषीचश्मा र श्वेतभैरवीमा (२०५८)

ड) विश्वेश्वरप्रसाद कोइराला ६ वटा उपन्यासमा (२०५८)

ढ) विश्वेश्वरप्रसाद कोइराला कथा र उपन्यासहरूको विश्लेषण (२०५८)

ण) शिक्षा नीतिमा आमूल परिवर्तन र संविधान संशोधनको प्रारूप (२०६०)

**भेषजराज शर्मा (१९८९-२०५९, वालिङ)**

क) आत्मप्रकाश (कवितासङ्ग्रह, २०४५)

ख) लाल सलाम (कवितासङ्ग्रह, २०५०)

ग) आँधीखोलाको बगर (खण्डकाव्य, २०६२)

**भोजराज ढकाल ( ? ,ओरष्टे)**

क) सामवेद संहिता ( ? )

**मणि काफ्ले (२०११, वानेथोक)**

क) केही समालोचनात्मक अभिव्यक्ति (संयुक्तलेखन, ? )

ख) गुरुङ नेपाली शब्दकोश ( ? )

**मणिप्रसाद तिवारी (१९९२, वालिङ)**

क) त्रिकाल जन्मकुण्डली ( ? )

ख) स्वयं दशाबोध ( ? )

ग) सन्तान गोपालस्तोत्र ( ? )

**महानन्द ढकाल ( ? ,पञ्चमूल)**

क) खण्डित आत्मा (गजलसङ्ग्रह, २०५८)

ख) उस्तैउस्तै नदीका उस्तैउस्तै छालहरू (संयुक्त गजलसङ्ग्रह, २०५९)

ग) अव्यक्त प्राप्त्याशा (गजलसङ्ग्रह, २०६३)

**डा. महेश्वर शर्मा (१९८८, चिलाउनेबास)**

क) पञ्चायती राजकाज (२०२२)

ख) रन्थमोल (इतिवृत्त, २०५०)

ग) कालखण्ड (उपन्यास, २०५१)

घ) तर... तापनि... (निबन्धसङ्ग्रह, २०५१)

ङ) उन्माद (उपन्यास, २०५१)

च) देवघाट (उपन्यास, २०५४)

छ) योगमाया (उपन्यास, २०५४)

ज) जैन खाँण (ऐतिहासिक उपन्यास, २०६१)

झ) कथा कहरको (उपन्यास, २०६३)

ञ) अस्तित्त्वको खोजीमा (निबन्ध, २०५३)

ट) ओरालिएका स्वर (निबन्ध, २०५९)

ठ) बसिबियाँलो (कथासङ्ग्रह, २०५३)

ड) स्थिर यात्रा (कवितासङ्ग्रह, २०५९)

ढ) वरं न राज्यं न कुराजराज्यम् (लेखसङ्ग्रह, २०५३)

ण) स्याङ्जामा चौबीसे राज्यमा रुमलिंदा (इतिहास, २०५६)

त) फिनल्यान्डः मिथक र वास्तविकता सह-अनुवाद,२०६०)

**माधवशरण देवाचार्य ( पु.ब.न.पा., ? )**

क) महन्तश्रीका धार्मिक रचनाहरू ( ? ,२०५३)

**मित्रलाल पंज्ञानी (२०१७, केवरे)**

क) सामन्तको परिचय (२०३७)

ख) उम्रन्छन् आँशुका वृक्षहरू (कवितासङ्ग्रह, २०४६)

ग) सृष्टिकर्ता (कवितासङ्ग्रह, २०५४)

घ) चुचुरामा जाँऊ (बालकवितासङ्ग्रह)

ङ) सपनीमा उडेको (बालकाव्य, २०६१)

च) गतिमान गण्डकी (खण्डकाव्य, २०५०)

**मुकुन्द अर्याल (२०२०, पु.ब.न.पा.)**

क) आँधीखोलाको सुसेली ( ? ,२०५३)

**डि. मुकुन्दराज उपाध्याय ( ? ,चापाकोट)**

क) तीनधाम यात्रा (पद्यरचना, २०४१)

ख) आचमनी (कवितासङ्ग्रह, २०४५)

**मुकुन्द रेग्मी (सन् १९४१, खिलुङ)**

क) नयाँ निबन्धमाला ( ? )

ख) नेपालको संवैधानिक विकास ( ? )

ग) स्मृति ( ? )

**मोदनाथ शास्त्री (२००२, किचनास)**

क) भानु (महाकाव्य, २०२४)

ख) ब्रह्माण्ड पूराण (महाकाव्य, २०४६)

ग) गणेशमान (महाकाव्य, २०५९)

घ) ज्वलन्त नक्षत्र (महाकाव्य, २०६०)

ङ) हाम्रो लक्ष्य (नाटक, २०३०)

च) राजसत्ता (नाटक, २०५८)

छ) गोपी उद्धव मिलन (गीतिनाटक, २०५६)

ज) रासलीला (गीतिनाटक, २०५६)

झ) रुद्रीमोदानुवाद (अनूदित, २०४४)

ञ) मोदानुवाद शुक्ल यजुर्वेद (प्रथम भाग, २०४५, द्वितीय भाग, २०५०)

ट) मोदविवाह पद्धति (अनूदित, २०५२)

ठ) मोदगीता (अनूदित, २०५७)

ड) मोदरामायण (खण्डकाव्य, २०५०)

ढ) बुद्धचरित्र (खण्डकाव्य, २०५६)

ण) बुबा (उपन्यास, २०६०)

त) सूर्य (वातावरण, पर्यावरण, २०५६)

थ) आधुनिक ब्रह्माण्ड पुराण (२०६२)

**यज्ञमूर्ति पाण्डे (१९९९, विर्घा)**

क) नेपाल आमा ( ? ,२०५८)

ख) मनकालहर (कवितासङ्ग्रह, २०६३)

**यमबहादुर पौडेल क्षेत्री ( ? ,सेतीदोभान)**

क) मितेरी ( ? ,२०५७)

ख) सोह्र सृष्टिः सोह्रै दृष्टि ( ? २०६२)

**युवराज मास्की मगर ( ? )**

क) मोई आमा (मगर नाटक, २०५०)

**रजनी काफ्ले (ढकाल) (२०२८, वालिङ)**

क) निबन्धहरूमा मञ्जुल (२०५८)

ख) केही नेपाली समालोचकहरू (२०५८)

**रमणी ढुम्रे (२०४४, थुमपोखरा)**

क) निमोठिएको कृति ( ? ,२०६२)

**रमावल्लभ पौड्याल ( ? ,पु.ब.न.पा.)**

क) प्राकृतिक (कवितासङ्ग्रह, ? )

**रमेश शर्मा (२०३८, विरुवा)**

क) पिंजडाको चरी (गजलसङ्ग्रह, २०६२)

ख) दुई जोडी (उपन्यास, २०६२)

**राजेन्द्र चापागाईं ( ? ,आरुखर्क)**

क) आवरण (निबन्धसङ्ग्रह, २०६३)

**राजनजंग के.सी. (२०३९, दहथुम)**

क) २२ गते ( ? ,२०५६)

**राजेन्द्र लम्साल 'वियोगी' ( ? ,चिन्नेबास)**

क) मातृवियोग (खण्डकाव्य, २०५६)

**रामभक्त ढकाल (२०१७, साँखर)**

क) जीवनछाया (खण्डकाव्य, २०५७)

**रामविक्रम खाँण (१९९७, दहथुम)**

क) बित्तै गएका दिनहरू (कवितासङ्ग्रह, २०२५)

ख) गीतिकवितासङ्ग्रह ( ? )

**रामसिंह थापा ( ? ,पु.ब.न.पा.)**

क) अंग्रेजी कविताको अनुवाद ( )

**रुकुम गिरी ( ? ,पु.ब.न.पा.)**

क) ब्रह्मचिन्तन ( ? )

**रुद्र सन्देश मगर (२०२९, चित्रे)**

क) बीकोलेसा (मगर भाषामा, २०५६)
ख) त्रिशूली र कृष्णभीरहरू ( ? ,२०६१)

**लक्ष्मीप्रसाद रेग्मी ( ? ,वालिङ)**

क) कनिका (समालोचना, २०६३)

**लालकृष्ण रेग्मी ( ? ,वालिङ)**

क) टुहुरो ( ? ,२०६१)
ख) बाजेको पाहुर ( ? ,२०६१)
ग) पर्खिबस्दा ( ? ,२०६१)

**लालगोपाल सुवेदी (२०२७, क्याक्मी)**

क) फूलको देशमा (कवितासङ्ग्रह, २०५७)
ख) पुतलीलाई जामा (बालकवितासङ्ग्रह, २०६१)
ग) नेपाली कविताको सिद्धान्त र विकासक्रम (२०५७)
घ) देवता जस्तै नेपाली मन्दिर जस्तैः नेपाल ( ? ,२०६१)
ङ) निबन्ध र अभिव्यक्ति कला (२०६१)
च) केही निबन्ध केही अभिव्यक्ति (२०६१)
छ) नानीका निबन्ध र चिठी (२०६१)
ज) नेपाली बोधमाला भाग १, २, ३ (२०६१)

**लीलाम्बर ढुङ्गाना (२०२४, वालिङ)**

क) भावमञ्जरी (कवितासङ्ग्रह, २०६०)

**लीलादेवी शर्मा (२०४१, पु.ब.न.पा.)**

क) घुम्टोभित्र (कवितासङ्ग्रह, २०६१)
ख) नारीको आवाज (तीजगीत, २०६३)

**लेखनाथ काफ्ले ( ? ,वालिङ)**

क) बियाड (कवितासङ्ग्रह, २०४४)
ख) सपना ( ? )

**लोकबहादुर थापा 'भुस्या मगर'** ( ?           )

क) मगर भाषाका आदिकवि जीतबहादुर सिंजाली मगर (जीवनी, २०४७)

ख) पीराड रूपयौं लूरीक "पचाए रूपैयाँको तमसुक" (अनुवाद , ?          )

ग) रङ्सीचकूड लीड "भोकाएकाहरूको" (गीतकवितासङ्ग्रह, २०५०)

घ) बूढा ईम "बूढो घर" (     ?          ,२०५७)

ङ) जजाबखट "बाल्यकाल" (उपन्यास, २०५२)

**विश्वप्रेम अधिकारी (२००३, करेन्डाँडा)**

क)पोखिएका कनिका (         संम्पा.    कवितासङ्ग्रह, २०२५)

ख) मेरी छोरी (कवितासङ्ग्रह, २०४९)

ग) अचाडू मनका स्वरहरू (कवितासङ्ग्रह, २०६१)

घ) बन्दीको मनस्थिति (लघुकाव्य, २०५२)

ङ) संकल्प (आमा स्मृति काव्य सहित, २०५५)

च) आँधीखोले लोकसंस्कृति र लोकगीत (२०५७)

छ) पश्चिमाञ्चलका लोकगीत र परम्परा (२०५८)

ज) भारबुटी ( संम्पा. बालकवितासङ्ग्रह, २०५९)

झ) स्याङ्जाली साहित्यकार र तिनका सिर्जनाहरू (समीक्षा सङ्ग्रह, २०६१)

**विष्णप्रसाद गुरुङ (२०११, बाँगेफड्के)**

क) फेस्टिभल एण्ड फेट्स इन नेपाल ( ?           )

ख) लाइफ स्टाइल इन नेपाल (    ?           ,२०६२)

**श्यामप्रसाद न्यौपाने (२०२६, निवुवाखर्क)**

क) बोली गजवको (गजल सङ्ग्रह, २०५९)

ख) सोऱ्ह दुनी आठ (मुक्तक सङ्ग्रह, २०६२)

ग) भाँसीकी रानी (खण्डकाव्य, २०६३)

घ) फेरी पनि अचम्मको वात (गजलसङ्ग्रह, २०६३)

**शरद अधिकारी (२०२८, राङ्खोला)**

क) नेपालमा प्रजातान्त्रिक समाजवाद (संम्पा.  ,  ?          )

**शारदा शर्मा (२०१५, चिलाउनेबास)**

क) सीमान्त अनुभूति (कवितासङ्ग्रह, २०४४)

ख) स्वर्णसूत्र (कवितासङ्ग्रह, २०५३)

ग) अरून्धती (कवितासङ्ग्रह, २०५३)

घ) युद्धोपरान्त (कवितासङ्लन, २०४९)

ङ) आस्थाको भग्नावशेष (कथासङ्ग्रह, २०४८)

च) उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका नारी पात्र (२०५३)

छ) अग्निस्पर्श (निबन्धसङ्ग्रह, २०६३)

**शालिकराम भण्डारी (२०४३, तुलसीमञ्ज्याङ)**

क) गरिबको दुखेसो ( ? २०६२)

**डा. शेषकान्त अर्याल (सन् १९४८, पु.ब.न.पा.)**

क) म. पृथ्वीमा जान पाऊँ ( ? ,कविता)

ख) ...... जिन्दगी आँफैले निलेको छु (कवितासङ्ग्रह, २०६०)

**सुकुम शर्मा (२०२७, पु.ब.न.पा.)**

क) अमिला अणु (मुक्तकसङ्ग्रह, २०४८)

ख) समयका छर्राहरू (मुक्तकसङ्ग्रह, २०५८)

ग) मर्मै मर्म (कवितासङ्ग्रह, २०४९)

घ) नारीका व्यथा (कवितासङ्ग्रह, २०५१)

ङ) लहराका फूलहरू (हाइकुसङ्ग्रह, २०५६)

च) नेपाली व्याकरणको ऐतिहासिक सर्वेक्षण (शोधग्रन्थ, २०५६)

छ) नेपाली व्याकरणको प्रारम्भिक इतिहास (शोधग्रन्थ, २०५८)

ज) नेपाली भाषामा टर्नरको योगदान (शोधग्रन्थ, २०५९)

झ) आगाको यात्रा (गद्यखण्डकाव्य, २०५७)

ञ) संघर्षशील युवाको डायरी (लघुउपन्यास, २०५७)

ट) अनवरत यात्रा (उपन्यास, २०५९)

ठ) कोम्रोङ्खोला बाँचे भेट होला (निबन्ध सं., २०५९)

ड) लाले र लिलीको कथा (बालकथा, २०६१)

ढ) कवि इच्छुक : कविताका सन्दर्भमा (समालोचना, २०६०)

ण) आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन (२०६२)

त) पारिजातका कविताको अध्ययन (२०६२)

थ) नेपाली भाषा साहित्यमा आन्दोलन (२०६३)

**सुन्दर मानन्धर (२०३१, क्याक्मी)**

क) फ्रेम भित्र (कथासङ्ग्रह, २०६३)

**सुरज उपाध्याय (आरुखर्क)**

क) तिम्रो मन फर्किएन (गजल, २०६०)

**सुरेन्द्र थापा मगर**

क) सारो पुन्च (फूलको युद्ध) (कवितासङ्ग्रह, )

**सूर्यप्रकाश मल्ल 'सुवास' (२०४६, पु.ब.न.पा.)**

क) बाँच्नेका पीडाहरू ( ? ,२०६३)

**सूर्यप्रसाद कोइराला (२०२१, स्वरेक)**

क) सुगन्धमयी छाया (उपन्यास, २०६१)

**सूर्यप्रसाद ढुम्रे (२०१०, तुलसीभञ्ज्याङ)**

क) दुई थोपा आँसु (शोक कविता, २०६०)

**सूर्यप्रसाद रेग्मी (सन् १९४८, वालिङ)**

क) शतपदी (कवितासङ्ग्रह, २०५६)

ख) तरङ्ग (गद्यपद्यसङ्ग्रह, २०५९)

**हरिप्रसाद काफ्ले (२०२५, वालिङ)**

क) मेरो किताब (व्याकरण, २०४७)

ख) केही प्रतिभा केही कृतिकार (समीक्षा, )

**डा. हरिप्रसाद शर्मा चापागाईं (२००८, रापाकोट)**

क) टुक्राटुक्री ( ? )

**हर्कबहादुर गुरुङ ( ? ,फेदिखोला)**

क) क्यू दे थुलेन (गीतसङ्ग्रह, २०१६)

**हितकाजी गुरुङ ( ? ,फेदिखोला)**

क) शुभकामना ( ? ,२०४८)

ख) सहिदको सपना साकार पारौं (?)

**हुमकान्त पाण्डे (२०१०, विर्घा)**

क) आँसुका अक्षरहरू ( ? ,२०४७)

ख) हुम्लाको लोकसाहित्य ( ? ,२०५८)

**हृषीकेश शाह (सन् १९२५, दहथुम)**

क) सार्वजनिक सुरक्षा, कानुन र बन्दीप्रत्यक्षीकरण ( ? )

ख) पद्य-पुष्पाञ्जली ( ? )

ग) नेपालमा प्रजातन्त्र र मानव अधिकार ( ? )

घ) नेपालः प्रशासन व्यवस्था एवं परराष्ट्र नीति -हिन्दी, ? )

ङ) नेपाल एन्ड वर्ल्ड ( ? )

च) हिरोज एन्ड बिल्डर्स अफ नेपाल ( ? )

छ) नेपाली पोलिटिक्सः रेट्रोस्पेक्ट एन्ड प्रोस्पेक्ट ( ? )

ज) एन इन्ट्रोडक्सन टु नेपाल ( ? )

झ) फ्युचर अफ साउथ एसिया ( ? )

ञ) मोर्डन नेपालः अ पोलिटिकल हिस्ट्री ( ? )

ट) थ्री डिकेड्स एन्ड टु किङ्स ( ? )

ठ) इक्लिप्स अफ नेपाल्स पार्टीलेस मोनार्किक रुल ( ? )

ड) एन्सन्ट एन्ड मेडिएभल नेपाल ( ? )

सबै साहित्यिक स्रष्टाहरूका कृति प्रकाशित भएका हुन्छन् भन्ने छैन । सिङ्गो कृति प्रकाशित नगरी फुटकर रचना प्रकाशन गरेर पनि साहित्यलाई निरन्तरता दिने र महत्त्वपूर्ण स्थान बनाउने साहित्यकारहरूको उपस्थिति बिर्सन मिल्दैन । त्यसै अनुरूप स्याङ्जा जिल्लामा जन्मेर जिल्लाभित्रै र जिल्लाबाहिर नेपाली साहित्यमा फुटकर रचनादेखि प्रकाशोन्मुख कृति लिएर देखापर्ने थुप्रै साहित्यकारहरू छन् । सम्भव भएसम्म ती सबै साहित्यकारहरूको नामावली यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ :

अग्निप्रसाद काफ्ले (२००७, वालिङ), अम्बिकाप्रसाद पौडेल, अशोककुमार श्रेष्ठ, आत्माराम पाण्डे, इन्दुशर्मा ढकाल, कर्मवीर नेपाली, कृष्णमणि भण्डारी, खेमनारायण शर्मा, गंगाप्रसाद ढकाल, गणेश ढकाल, चक्रपाणि कोइराला, चक्रबन्धु अर्याल, चन्द्रबहादुर गाहा, चन्द्रशेखर शर्मा, जगतबन्धु अर्याल, दण्डपानी शर्मा सुवेदी, नारायण मुनी पाण्डेय, डा. नारदमुनि पाण्डे, डा. पशुपति रेग्मी, प्रधुम्नराज पाण्डे, रामप्रसाद पाण्डेय, कमलप्रसाद न्यौपाने, प्रेमनारायण उपाध्याय, बोधराज काफ्ले, श्रीमती भारती उपाध्याय, भीमबहादुर पाण्डे, भुवनेश्वर शर्मा, मधुप्रसाद रेग्मी, मेघराज ढकाल, राजबहादुर गुरुङ, बिष्णु अर्याल, शशिकुमार उपाध्याय, शिवकुमार अधिकारी, श्रीकान्त रेग्मी, श्रीमती सावित्री अर्याल, श्रीमती सावित्री शाह, हीरामणि शर्मा, हुमनाथ पौडेल, हेमबहादुर कार्की, कृष्णप्रसाद शास्त्री, चक्रबहादुर पराजुली, कृष्णमुरारी शर्मा, हेमराज भण्डारी, जीवा गिरी, खगेन्द्रराज रेग्मी, तरुणकुमार पौडेल, महेन्द्रमान व्यथित, टंकप्रसाद पौडेल, गेजशर्मा वाग्ले, उपेन्द्रराज ढकाल, चोलाकान्त पराजुली, रमेश वि.जी., केदार भण्डारी, यायप्रकाश खनाल, विनोद खनाल, श्याम ढुङ्गाना, दिनेश अर्याल, मोती भण्डारी, बलराम दोरङ्गा, तुलसी प्रवाश, नवराज रेग्मी, यमकान्त खनाल, शिवप्रसाद तिमिल्सिना, मुक्तिप्रसाद सुवेदी, राजेन्द्र डुम्रे, कमल पंगेनी, इन्द्रप्रसाद वाग्ले, नन्दलाल पौडेल, गोपाल अधिकारी आदि ।

## ३.६ स्याङ्जा जिल्लाका कथाकारहरू र तिनका कथाकृतिहरू

प्रस्तुत शोधपत्रको प्रमुख उद्देश्य **नेपाली कथामा स्याङ्जा जिल्लाको योगदान** रहेकाले यस उपशीर्षकमा स्याङ्जा जिल्लाबाट कथा विधामा कलम चलाउने स्रष्टाहरूलाई क्रमशः ज्येष्ठताका आधारमा प्रस्तुत गरिएको छ-

**महेश्वर शर्मा (१९८८, चिलाउनेवास)**

क) बसिबियाँलो (२०५२)

**भेषजराज शर्मा (१९८९-२०५९, वालिङ)**

(क) झौरानीको सारी (२०६४)

**देवीप्रसाद वनवासी (१९९७, वालिङ)**

क) कथा-कथ्यौरी (बालकथा, २०२७)
ख) केही रमाइला कथा (बालकथा, २०३८)
ग) फूलपाती (बालकथा, २०४०)
घ) चुभुरचुभुर (बालकथा, २०४२)

ङ) छुनुमुनु (बालकथा, २०५१)
च) सिरीखुरी (बालकथा, २०५४)
छ) बालसङ्गीत (बालकथा, २०५८)
ज) पन्ध्रकथा पञ्चतन्त्रका (अनूदित, २०६०)

**जयप्रसाद पौडेल (२००५-२०६१, पु. व. न. पा)**
(क) दु:खका दिनहरू (२०५५)

**घनश्याम ढकाल (२०१०, पु.ब.न. पा)**
क) भरिया र यात्री (.२०४६)
ख) सहिद मानचित्रमा नपरेको सहिद (२०४८)
ग) समर्पणको बाटोमा (२०५१)
घ) आजको महाभारत ( २०५५)

**देवेन्द्र लम्साल (२०११, चिन्नेवास)**
क) अभिशप्त प्रेम (२०५४)

**शारदा शर्मा (२०१५, चिलाउनेबास )**
क) आस्थाको भग्नावशेष (२०४८)

**अनन्त अर्याल (२०२३, थुमपोखरा)**
क) अव्यक्त तृष्णा (२०६०)

**परशुराम कोइराला (२०२३, चिन्नेवास)**
क) निरुत्तर (२०६१)

**जलेश्वर पाण्डे (२०२६, विर्घा)**
क)सेक्सपियरका उत्कृष्ट कथाहरू ( अनु. ,२०५९)

**सुकुम शर्मा (२०२७, पु.ब.न.पा)**
क) लाले र लिलीको कथा (२०६१)

**सुन्दर मानन्धर (२०३१, क्याक्मी)**
क) फ्रेमभित्र (२०६३)

**अर्जुन अर्याल (२०३३, पु.ब.न.पा.)**
क) सुनिताको चिठी ( )

**दामोदर डुम्रे (२०४७ ,थुमपोखरा)**
क) आमाको माया (लोककथासङ्ग्रह, २०६१)

**अर्जुनप्रसाद लम्साल ( ? ,चिन्नेवास)**
क) देवकी (२०६२)

## ३.७ निष्कर्ष

स्याङ्जा जिल्लाको समग्र साहित्यिक सर्वेक्षण गर्दा स्याङ्जामा साहित्यलेखनको पृष्ठभूमि नेपाल एकीकरण अभियानसँगै सुरु भएको पाइन्छ । मौखिक परम्परामा लोकजीवनमा जीवित रहेको लोकसाहित्यबाट नै स्याङ्जामा साहित्यलेखनको आरम्भ भएको हो । लोकसाहित्यको धनी जिल्लाका रूपमा परिचित स्याङ्जामा रहेका अभिलेखको पनि साहित्यलेखनमा प्रभाव परेको पाइन्छ । नेपाली साहित्यको प्राथमिक कालअन्तर्गत वीरधाराको समयमा नै स्याङ्जाका यज्ञसुरि कोइरालाले पितृभक्तिमा आधारित श्रवणकुमारको पौराणिक कथालाई संस्कृत भाषामा **चन्द्रसम्भव** महाकाव्य रचना गरेबाट कवि कोइराला यस क्षेत्रका प्रथम साहित्यकार र **चन्द्रसम्भव** पहिलो कृति मानिन्छ । साथै लिखित साहित्यको सुरुवात पनि वीरधाराबाटै भएको मानिन्छ । नेपाली भाषामा भने पं. इश्वरीप्रसाद उपाध्यायको **देशभक्त केटो** (२००६) कवितासङ्ग्रहलाई स्याङ्जाको पहिलो साहित्यिक कृति मानिन्छ । स्याङ्जाको साहित्यिक गतिविधिमा विभिन्न पत्रपत्रिकाहरूमा **युगभाषा**, **रजस्थल**, **सगुन** आदि साहित्यिक र समाचारमूलक **विचार** साप्ताहिकले यस क्षेत्रका साहित्यकारहरूलाई साहित्यलेखनमा टेवा पुऱ्याएका छन् । **स्याङ्जा साहित्य परिषद्, गण्डकी साहित्य परिषद्, आँधीखोला साहित्य सदन, स्याङ्जा साहित्य प्रतिष्ठान, मोति साहित्य प्रतिष्ठान** आदि र यस क्षेत्रका स्थापित विभिन्न पुरस्कारहरूले स्याङ्जाको साहित्यिक गतिविधिमा महŒवपूर्ण योगदान गरेका छन् । स्याङ्जाका समग्र साहित्यकाहरूको सर्वेक्षण गर्दा कविता, कथा, उपन्यास, निबन्ध, भाषा, व्याकरण, लोकसाहित्य र अन्य वाङ्मयका क्षेत्रमा यहाँका साहित्यकारहरू निरन्तर लागिपरेको पाइन्छ । साहित्यकारहरूकै सर्वेक्षणबाट यसक्षेत्रका कथाकारहरूको पहिचान र तिनका कथाकृति केकति छन् भन्ने जानकारी समेत पाइएको छ । जसमा भेषराज शर्मा स्याङ्जाका कथा प्रकाशन गर्ने कथाकारहरूमा पहिलो मानिन्छन् । हालसम्म १५ जना कथाकारहरूका २५ वटा कथाकृति सङ्ग्रहका रूपमा र थुप्रै कथाहरू फुटकर रूपमा स्याङ्जाका कथाकारहरूबाट प्रकाशित भएको पाइन्छ ।

समग्रमा स्याङ्जा जिल्लाको साहित्यिक सर्वेक्षणबाट स्याङ्जा जिल्लाको साहित्यिक पृष्ठभूमि, साहित्य लेखनको आरम्भ आदिको बारेमा जानकारी प्राप्त भएको छ । लोकसाहित्य, अभिलेख, पुस्तकालय, पत्रपत्रिका, साहित्यिक संघसंस्था तथा पुरस्कार आदिको प्रभाव साहित्यका विभिन्न विधामा संलग्न साहित्यकारहरूको साहित्यिक गतिविधि र समग्र साहित्यमा स्याङ्जा जिल्लाको योगदानमा रहेको समेत पाइन्छ ।

# चौथो परिच्छेद
# स्याङ्जा जिल्लाका प्रमुख कथाकारको परिचय र तिनका कथा कृतिको अध्ययन तथा विश्लेषण

## ४.१ कथाको परिचय

कथाको सुरुवात मानिसको चेतनाको विकाससँगसँगै भएको हो । अहिले यो विधा आधुनिक विश्वसाहित्यमा अत्यन्त लोकप्रिय गद्य विधाका रूपमा चिनिन्छ । नेपाली साहित्यमा रुढ र पारिभाषिक शब्दका रूपमा प्रयुक्त कथाको उद्भव पूर्वीय साहित्यमा नभई पाश्चात्य साहित्यमा भएको हो ।[१] अहिलेसम्म अङ्ग्रेजी, हिन्दी, नेपाली आदि जस्ता थुप्रै साहित्यकारहरूले कथाको परिभाषा दिएका छन् ।

आधुनिक कथाको प्रारम्भ गर्ने कथाका स्रष्टा तथा समीक्षक एडगर एलेन पोलाई कथाको स्वरूप र संरचनाबारे पहिलोपल्ट विवेचना गर्ने श्रेय मिलेको छ ।[२] उनले कथाको समीक्षा गर्दा कथाको परिभाषा यसरी प्रस्तुत गरेका छन्- "छोटो कथा एक बसाइमै पढी सकिने सानो तर स्वयंपूर्ण इतिवृत हो । यो विशिष्ट प्रभाव उत्पन्न गर्नका निम्ति लेखिन्छ र त्यस प्रभावलाई अग्रसर नगराउने सारा उपकरणको यसमा निराकरण गरिएको हुन्छ ।[३]

एलटीका अनुसार- 'कथा एउटा घोडा दौड हो, जसले दौडको प्रारम्भ र अन्त्यको विशेष कलात्मकताद्वारा दर्शकलाई प्रभावित पार्छ ।"[४]

त्यसैगरी गुराल्निकका अनुसार- "कथा भनेको वास्तविक वा काल्पनिक घटनासँग सम्बद्ध श्रृङ्खलाको वर्णन हो ।"[५]

कथाको परिभाषा दिने क्रममा हिन्दी साहित्यकारहरूको पनि आआफ्नै भनाइ देखिन्छ । यसै क्रममा प्रेमचन्दको कथा सम्बन्धी परिभाषा यस्तो छ- "कथा एउटा रचना हो, जसमा जीवनको एक अंश वा एउटा मनोभावनाको प्रदर्शन हुन्छ, कथा एउटा रमणीय उद्यान होइन, जहाँ थरीथरीका फूल र बुटाबुटी हुन्छन्, त्यो त एउटा फूलले सजिएको गमला हो ।"[६]

---

[१] टंकप्रसाद न्यौपाने, साहित्यको रूपरेखा, दो.सं. (ललितपुर : सा.प्र., २०४९), पृ. १४८ ।

[२] ऐजन ।

[३] दयाराम श्रेष्ठ (सम्पा.), नेपाली कथा भाग ४ (ललितपुर : सा.प्र., २०५७), पृ. ७ ।

[४] टंकप्रसाद न्यौपाने, पूर्ववत्, पृ. १४८ ।

[५] डा. हिमांशु थापा, साहित्य परिचय, दो.सं. (ललितपुर : सा.प्र., २०५०), पृ. १५८ ।

[६] दयाराम श्रेष्ठ, पूर्ववत् ।

कथाको परिभाषा नेपाली साहित्यकारहरूले पनि दिएका छन् । लक्ष्मीप्रसाद देवकोटाको कथा सम्बन्धी परिभाषा यस्तो छ- "छोटो किस्सा एउटा सानो आँखी झ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ ।"[७]

भानुभक्त पोखरेलले कथाको परिभाषा दिँदै भनेका छन्- "कुनै पनि अनुभूति वा लक्ष्यलाई लिएर जीवनजगतका कुनै एक पक्षमा केन्द्रित भएर लेखिएको कौतुकमय वेगवत्ताका साथ एक तथ्यानुभूति गराउने गद्यमय सरस रचना कथा हो ।"[८]

मूलतः कथाका यी परिभाषाहरूलाई हेर्ने हो भने कथा संक्षिप्त रूपमा लेखिएको अनि स्वयंमै पूर्ण र जीवनको एक खण्ड वा अंशको संक्षिप्तमा चित्रण हुनुपर्दछ । निश्चित प्रकारको संरचनामा आवद्ध, कलात्मक र मूल्य भएको संक्षिप्त र स्वयंमा पूर्ण गद्यविधाका रूपमा कथालाई चिन्न सकिन्छ । भन्ने र सुन्ने परम्परामा कपोलकल्पना र तथ्यको मिश्रणसँगै कथाभित्र वर्णित घटनाहरू प्रत्येक पाठकलाई आफ्नैजस्तै लाग्ने हुँदाहुँदै पनि ती कुनै व्यक्ति विशेषको जीवनसित सम्बन्धित नभएर सबैको भएर पनि कसैको नहुने र कसैको नभएर पनि सबैको हुने कथाको साहित्यिक गुण हो ।[९]

## ४.२ कथा विश्लेषणका आधार

विभिन्न आधारमा साहित्यका हरेक विधाको विश्लेषण गर्न सकिन्छ । कथा विश्लेषणका पनि विभिन्न आधारहरू रहेका छन् । ती विभिन्न आधारमध्ये कथालाई साकार रूप दिने कथाका तत्त्व महत्त्वपूर्ण मानिन्छन् । साहित्यशास्त्रले महत्त्वपूर्ण मानेका तत्त्वमध्ये कुनैकुनै तत्त्वको प्रयोग नगरीकनै पनि आजभोलि कथा लेखिन थालेकाले कथातत्त्वलाई अनिवार्य तत्त्व नभनेर कथाका उपकरण भनिन्छ ।[१०]

कथाका लागि आवश्यक उपकरणका सम्बन्धमा विद्वान्हरूका बीच मतैक्यता पाइँदैन । विभिन्न अङ्गगत एकाइ वा तत्त्वहरूको आनुपातिक सिङ्गो योगबाट कथाको निर्माण हुने भएकाले कथा यौगिक रचना हो । कथाका तिनै अलगअलग अङ्गगत एकाइ वा तत्त्वहरूका आधारमा कथा विश्लेषणका तत्त्व वा उपकरण यसप्रकार छन्:

### ४.२.१ कथानक

कथाका तत्त्वहरूमध्ये कथानक स्थूल तत्त्व हो । पात्रद्वारा गरिने कार्य र घट्ने घटनाहरूलाई कथानक भनिन्छ ।[११] कथानक बन्नका लागि कथामा अभिप्रेरणा मुख्य रूपमा रहेको हुनुपर्दछ । कथानक भनेको कथामा घट्ने घटनावलीको कार्यकारण सम्बन्ध हो । वास्तवमा

---

७ ऐजन ।

८ भानुभक्त पोखरेल, सिद्धान्त र साहित्य (विराटनगर : श्याम पुस्तक भण्डार, २०४०), पृ. २२८ ।

९ घनश्याम नेपाल (सम्पा.), कथासागर (सिक्किम : जनपक्ष प्रकाशन, सन् १९८९), पृ. ३ ।


१० मोहनराज शर्मा, कथाको विकास प्रक्रिया, दो.सं. (ललितपुर : सा.प्र., २०५०), पृ. २० ।

११ घनश्याम नेपाल, पूर्ववत्, पृ. २३ ।

कथाको केन्द्रीय भावको कारणको रूपमा प्रारम्भ, कार्यरूप विकासावस्था, कौतूहल, संघर्ष र समस्यामा मडारिँदै कथानक मध्यतिर लम्कन्छ ।[१२] क्रियाव्यापार र द्वन्द्व कथानकका अनिवार्य उपकरण हुन् । कथानक भन्नु क्रियाव्यापार र द्वन्द्वको अन्योन्य सम्बन्धबाट स्वतः निर्मित घटनादिको एक कला अनुशासन हो ।[१३]

आवश्यक घटनाहरूको शृङ्खलात्मक र कलात्मक गठन र गुम्फन नै कथावस्तु हो । घटनाहरू फूलका थुँगा हुन् भने कथावस्तु फूलको माला वा गुच्छा हो । कथावस्तुमा मौलिकता र नवीनता हुनु यसको आवश्यकता र विशेषता हो । कथावस्तुमा समावेश गरिएका विभिन्न घटनामा सहजता र स्वाभाविकता हुनु नितान्त जरुरी छ ।[१४] इतिहास, लोककथा, दन्त्यकथा, पुराण आदिबाट लिइएका ऐतिहासिक विषयवस्तु, सामाजिक, मनोवैज्ञानिक आदर्श र यथार्थलाई समेटिएका विषयवस्तु, आशा, निराशा, वितृष्णा, अनुराग, वैराग्य आदि समेटिएका भावनात्मक विषयवस्तु, असम्भवलाई सम्भव बनाएर प्रस्तुत गरिएको स्वैरकाल्पनिक विषयवस्तु कथानकका स्रोत हुन् ।

कथानक आदि, मध्य र अन्त्य गरी तीन भाग र प्रारम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्षह्रास र उपसंहार गरी पाँच अवस्थामा शृङ्खलित हुन्छ । यसलाई वृक्षरेखमा यसरी देखाउन सकिन्छ ।




### ४.२.२ पात्र वा चरित्रचित्रण

चरित्र त्यो माध्यम हो जसका आधारमा कुनै घटनाको कल्पना गरी यथार्थको प्रस्तुतीकरणको प्रयास गरिन्छ ।[१५] पात्र भनेको कथानकको योजना गर्दा प्रयोग गरिने उपकरणहरूलाई क्रमवद्धता प्रदान गर्ने एक अत्यावश्यक माध्यम हो ।[१६] पात्र नभएको कथा हुँदैन, तर पात्र मानवेत्तर पशुपक्षी, निर्जीव वस्तु पनि हुन सक्छन् । पात्र परिवर्तनशील वा गतिशील र

---

[१२] दयाराम श्रेष्ठ, पच्चीस वर्षका नेपाली कथा (काठमाडौं : ने.रा.प्र.प्र., २०३९), पृ. ३० ।

[१३] ऐजन ।

[१४] हिमांशु थापा, पूर्ववत्, पृ. १६० ।

[१५] डा. केशवप्रसाद उपाध्याय, साहित्य प्रकाश, पाँ.सं. (ललितपुर : सा.प्र., २०४९), पृ. १४९ ।

[१६] डा. दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. २३० ।

स्थितिशील वा स्थिर गरी दुई प्रवृत्तिका हुन्छन् । स्थिर प्रवृत्तिका पात्रमा चारित्रिक विशेषताको परिवर्तन हुँदैन भने गतिशील पात्रमा परिस्थितिअनुसार चारित्रिक परिवर्तन देखापर्दछ ।[१७] कथामा आन्तरिक दृष्टिबिन्दु वा केन्द्रीय दृष्टिबिन्दुका प्रथम पुरुषीय पात्र र बाह्य वा परिधीय दृष्टिबिन्दुका तृतीय पुरुष पात्रका माध्यमले कथाकारले कथानकलाई पाठक समक्ष पुऱ्याउँछ ।

कथामा पात्रको सक्रियता वर्गगत, वैयक्तिक, गतिशील, गतिहीन, निरपेक्ष आदि विभिन्न रूपमा हुन्छन् । कथानकको गतिशीलता त्यसमा भएका पात्रमा निर्भर गर्छ । त्यसैले ती पात्रका क्रियाकलापलाई कथामा समावेश गर्नु नै चरित्रचित्रण हो ।

### ४.२.३ संवाद

संवादलाई कथोपकथन पनि भन्ने गरिन्छ कथोपकथनले पात्रको जीवन्ततालाई देखाउँदै तिनका प्रवृत्तिको प्रत्यक्षीकरण गर्दछ । कथामा नाटकीयता ल्याउन तथा प्रवाहलाई गति प्रदान गर्दै चरित्रको अवस्थालाई स्वयं व्यक्त गराउनमा संवाद सहायक हुन्छ ।[१८] कथामा संवादलाई एक अत्यावश्यक र अनिवार्य तत्त्वको रूपमा लिन सकिन्छ । कथामा कथावस्तुलाई गतिशील पात्रलाई क्रियाशील र विषयलाई संवेदनशील बनाउनमा संवादको महत्त्वपूर्ण र विशिष्ट भूमिका रहन्छ ।[१९]

कथामा संवादको प्रयोगले विविधता, सरसता र रोचकता थपेको हुन्छ । संवाद संक्षिप्त, सरल र आकर्षक भएमा कथालाई गतिशीलता प्रदान गर्दछ । संक्षिप्त संवाद प्रभावपूर्ण हुन्छ र यस्तो संवादको प्रयोगले कथामा गद्यात्मकता र जीवन्तता रहन्छ ।

### ४.२.४ परिवेश

वातावरण र परिवेश कथाको पृष्ठभूमि हो । स्थूल वा सूक्ष्म रूपमा साङ्केतिक वा विस्तृत प्रकारले कथामा यसको अङ्कन भएको हुन्छ । यस तत्त्वबाट कथामा स्थान र समयको सापेक्षताको परिचय प्राप्त हुन्छ कथालाई तीब्र र मुखर बनाउने तत्त्व वातावरण हो । एउटा पात्रको क्रियाकलापमा नवीनता देखापऱ्यो भने के कुरा अठोट गर्नुपर्ने हुन्छ भने त्यस पात्रको परिवेशमा त्यो नवीनता जन्माउन सक्ने कारण अन्तर्निहित छ । त्यस नवीनताको प्रेरणा भूमिगत रूपमै भए पनि पात्रले परिवेशबाटै प्राप्त गरिरहेको हुन्छ । त्यस प्राप्तिले पात्रको मनोरचना, चारित्रिक सम्भावना आदिलाई आफ्ना किसिमले प्रेरित गरिरहेको हुन्छ ।[२०]

वातावरणले कथालाई सजीव र स्वाभाविकबनाउँछ । सजीवता र स्वभाविक-ताको अभावमा कथा अविश्वासनीय बन्छ । विश्वसनीयता र जीवन्तताका लागि सार्थक वातावरणको

---

[१७] ईश्वर वराल (सम्पा.), झ्यालबाट, पाँ.सं. (ललितपुर : सा.प्र., २०४८), पृ. ६२ ।

[१८] टंकप्रसाद न्यौपाने, पूर्ववत्, पृ. १५० ।

[१९] डा. हिमांशु थापा, पूर्ववत्, पृ. १७६ ।

[२०] राजेन्द्र सुवेदी (सम्पा.), स्नातकोत्तर नेपाली कथा (ललितपुर : सा.प्र., २०५१), पृ. २३ ।

आवश्यकता पर्दछ । वातावरणले गर्दा समय र स्थानको निर्माण गर्दछ । स्थान र समयको समन्वित रूपबाट प्राप्त हुने चाप र छाप नै वातावरण हो ।[२१]

मूलतः कथालाई तिख्खर बनाउने उपकरणका रूपमा परिवेशलाई चिनिन्छ । परिवेशद्वारा नै कथा सत्य, स्वाभाविक र सजीव प्रतीत हुन्छ । यसद्वारा देशकाल एवं परिस्थितिको यथार्थ चित्रण गर्न सकिन्छ सामाजिक आचार-विचार, सांस्कृतिक विशेषता एवं राजनैतिक गतिविधिको परिचय दिन सकिन्छ ।

### ४.२.५ भाषाशैली

भाषाको प्रस्तुतिमा हुने विशेषता नै भाषाको शैली हो । शैली एक प्रकारको पद्धति वा ढाँचाको नाम हो । भाषाको त्यस्तै ढाँचा र पद्धतिलाई भाषाशैली भनिन्छ । रचनाकारको यस्तो विशिष्ट रचनाको प्रकारका अभिव्यक्तिलाई शैली भनिन्छ । जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवं विषयका दृष्टिबाट बिचलन हुन्छ ।[२२] शैली कथा विन्यास र भाषासँग सम्बन्धित हुन्छ । कथालाई रोचक र आकर्षक वा अरूचिकर र अनाकर्षक तुल्याउनमा शैलीको भूमिका प्रमुख रहन्छ ।

भाषा भाव सम्प्रेषणको माध्यम र शैली भाषागत शिल्प भएकाले दुवैको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । त्यसैले भाषालाई उच्चता प्रदान गर्ने शैलीको आवश्यकता रहन्छ ।[२३] शैलीलाई वर्णनात्मक, आत्मकथात्मक संलाप/संवादात्मक, पत्रात्मक, डायरीय, हास्यव्यङ्ग्यात्मक गरी अभिव्यक्ति प्रणालीका आधारमा पनि अध्ययन गरिएको पाइन्छ ।

भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढंग र तरिका शैली हो । भाषा कुनै वस्तुको आवरण हो भने शैली त्यस आवरणको प्रकार हो । भाषा व्यक्ति हो भने शैली व्यक्तिको व्यक्तित्व हो । यसरी भाषाको विविध रूप र प्रस्तुति नै शैली हो । मूलतः भाषा शैलीको प्रयोगले कथामा कथात्मकता प्रदान गर्नुका साथै यसले लेखकको व्यक्तित्वलाई पनि उच्चता प्रदान गर्दछ ।

### ४.२.६ उद्देश्य

उद्देश्यविहीन कथाको कल्पना नै व्यर्थ छ । जीवनको सत्यानुभवलाई कल्पनाको सहायताले प्रस्तुत गर्नु नै कथाको उद्देश्य वा लक्ष्य हो ।[२४] कथामा जीवनको कुनै एक पक्षको चित्रण हुन्छ र कुनै एक मनोदशाको प्रकटीकरण गरिन्छ । यसै आधारभूमिमा जीवन र जगतसम्बन्धी दृष्टि कथाले उद्देश्यको रूपमा प्रस्तुत गरेको हुन्छ ।

मूलतः उद्देश्य भन्नाले कथाकारले कथामा दिन खोजेको सन्देश भन्ने बुझिन्छ तर कथाको संरचनामा उद्देश्य भन्नाले मुख्य भाव भन्ने बुझिन्छ । प्राचीन र माध्यमिककालीन कथाको उद्देश्य

---

[२१] डा. हिमांशु थापा, पूर्ववत्, पृ. १८३ ।

[२२] मोहनराज शर्मा, शैली विज्ञान (काठमाडौं : ने.रा.प्र.प्र., २०४८), पृ. २ ।

[२३] ऐजन ।

[२४] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १५२ ।

नीति शिक्षा वा कुनै उपदेश दिने रहेको पाइन्छ । तर आधुनिक कथामा समाजको सूक्ष्म निरीक्षण गरिएको हुन्छ । आधुनिक कथाकारले यथार्थ र वास्तविकतालाई प्रस्तुत गर्दै निम्न उद्देश्य लिएर कथा लेखेका छन् :-

क) कुनै एक सत्यको झलक प्रस्तुति गर्न ।

ख) कुनै क्षण विशेषको अनुभूतिलाई देखाउन ।

ग) कुनै व्यक्ति विशेषको चरित्र वा प्रकृतिको उद्घाटन गर्न ।

घ) कुनै स्थान सापेक्ष वा निरपेक्ष भएर विचार व्यक्त गर्न । आदि

यसरी विभिन्न विद्वानहरूका मतलाई नियाल्दै कथाका मुख्य तत्त्व वा उपकरणहरू कथानक, पात्र/चरित्र, संवाद, देशकाल वातावरण, भाषाशैली र उद्देश्य गरी ६ वटा तत्त्वलाई देखाउन सकिन्छ । यिनै प्रमुख तत्त्वको आधारमा कथाको विश्लेषण गरिनु नै सान्दर्भिक हुनेछ ।

## ४.३ कथातŒवका आधारमा स्याङ्जाका कथाकारहरूका कथाको विश्लेषण

स्याङ्जा जिल्लाका कथाकारका कथाकृतिको अध्ययनमा कृति प्रकाशित गर्ने कथाकारलाई नै मूल आधारमा मानिएको छ । कथाकारको ज्येष्ठताका आधारमा कालक्रमिक रूपले परिचयात्मक अध्ययन यस कार्यमा गरिएको छ ।

### ४.३.१ महेश्वर शर्मा (१९८८-)

#### ४.३.१.१ परिचय

स्याङ्जा चिलाउनेवासमा वि.सं. १९८८ मा जन्मिएका महेश्वर शर्मा नेपाली साहित्यका सुपरिचित साहित्यकार हुन् । उनका थुप्रै फुटकर रचनाहरूका अतिरिक्त नेपाली साहित्यका उपन्यास, निबन्ध, कथा, संस्मरण, लेख आदि विधामा पुस्तकाकार कृति प्रकाशित भएका छन् ।

ग्रामीण सामाजिक धरातलमा आधारित भएर कथाकार शर्माले मौलिक कथाहरू रचना गरेका छन् । नीति र आध्यात्मिक चेतले भरिपूर्ण शर्माका कथामा आधुनिक नेपाली कथाका प्रणेता गुरूप्रसाद मैनालीको आदर्शोन्मुख यथार्थवादी चिन्तन पाइन्छ । उनका विभिन्न विषय समेटिएका १७ वटा कथाहरू सङ्गृहीत **बसिवियाँलो** (२०५२) आस्था प्रकाशन स्याङ्जाबाट प्रकाशित कथासङ्ग्रह हो । यस सङ्ग्रहका अतिरिक्त अन्य फुटकर कथा पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

#### ४.३.१.२ कथाको विश्लेषण

कथातत्त्व वा उपकरणका आधारमा महेश्वर शर्माका **बसिवियाँलो** कथासङ्ग्रह भित्रका समग्र कथाको अध्ययन तथा विश्लेषण यहाँ गरिएको छ । यस कथासङ्ग्रहमा **जागँरिला आइमाई !, बसिबियाँलो, बखती, बसमा बूढी आमै, सुब्बा बाजेको सपना, मिथुनयोग, मुजरिया, विर्धनेको भैसी, एः अचम्मै भएछ, उद्बोधन, बीरुबाबु, के जुग आए ए ! यस्ता ?, एक्लो वृहस्पति, मृत्युपछि भेट त भयो, तर..., मन्त्रीजीको चुनाव उल्टियो, पुर्पुरोमा लेखेको र मेरो छिमेकी लाटो** कथा राखिएका छन् ।

क)	कथावस्तु

महेश्वर शर्मा ग्रामीण जनजीवनका उकालीओराली, घरआँगन, पधेरा, वनपाखा आदिमा हुर्केका व्यक्ति हुन् । ग्रामीण सामाजिक परिवेशमा हुर्केका हुनाले उनका कथाका कथावस्तु पनि तिनै ग्रामीण सामाजिक परिवेशको नै पाइन्छ । ग्रामीण समाज र सहरीया वातावरणमा पाइने असमानता, सहरको आधुनिकता र ग्रामीण जनजीवनको सरलताबीच तादात्म्यता देखाउँदै सहरी वातावरणको प्रदूषण, फोहोर, धूलो, दुर्गन्ध आदिको चित्रण **जाँगरिला आइमाई** कथाको विषयवस्तुमा पाइन्छ । राजनीतिक व्यवस्थाको दुरूपयोग गर्ने र त्यसका आडमा सहरका मान्छेहरू अवसरवादी भएको यथार्थ मूलक विषयवस्तु **बसिवियाँलो** कथामा पाइन्छ । **बखती**, **बिर्धनेको भैंसी**, **एः अचम्मै भए**, **उद्बोधन**, **के जुग आए ए ! यस्ता ?**, **मन्त्रीजीको चुनाव उल्टियो**, **पुर्पुरोमा लेखेको**, **मेरो छिमेकी लाटो**, **बीरुबाबु**, **मुनरिया** आदि कथामा अन्याय, अत्याचार, शोषण, सामाजिक दुर्व्यवस्था र विसङ्गति दर्साउने कथावस्तु पाइन्छ । '**सुब्बा बाजेको सपना**', '**मिथुन योग**' र '**एक्लो वृहस्पति**' कथाले समकालीन राजनीतिक परिपाटीप्रति व्यङ्ग्य र सहरी जीवनको विकृति बोध गराउने कथावस्तु समेटेका छन् । बहुविवाहको विरोध, पुनर्विवाह नारीमाथिको शोषण आदिलाई **के जुग आए ए यस्ता** ? कथाको कथावस्तुले समेटेको पाइन्छ ।

समग्रमा महेश्वर शर्माको यस कथा सङ्ग्रहमा ग्रामीण समाजका थिचोमिचो, अन्याय, अत्याचार, शोषण प्रवृत्ति, सहरीया विकृति विसङ्गति, राजनीतिक दुर्व्यवस्था, नारीमाथिको शोषण आदिलाई नै विषयवस्तु बनाएर कथा लेखिएको पाइन्छ ।

ख)	चरित्रचित्रण

कथाकार महेश्वर शर्मा सामाजिक यथार्थलाई विषयवस्तु बनाएर कथा लेख्ने कथाकार भएकाले सामाजिक वर्गअनुसारका पात्रहरूको चयन गर्दछन् । समाजमा निम्नवर्गप्रति झुकाव भएका कारण उनले प्रायः निम्नमध्यम वर्गका पात्रहरूलाई आफ्ना कथामा उभ्याएका छन् । **जागँरिला आइमाई** कथाकी जिमुवाल्नी ग्रामीण, सरल, अबोध र सहरको रमझमबाट अनविज्ञ वर्गको प्रतिनिधित्व गर्ने पात्र हो । अवसरवादी चरित्रको प्रतिनिधित्व **बसिवियाँलो** कथाको दलजितेले गरेको छ भने विभिन्न कथाका लप्टन काहिँला, लप्टन्नी, बूढी, सुब्बाबाजे, धने, रवि, मुनरिया, विर्धने, उजेली, कान्छी, दिदी, बीरुबाबु, सुतरिया, जुनेली, जागिरे, कारिन्दा, श्याम, विर्खे, मानबहादुर, लाटो, धर्मलाल आदि सामाजिक यथार्थको प्रतिनिधित्व गर्ने यथार्थ पात्र हुन् ।

यसरी यी पात्रका माध्यमबाट कथाकारले ग्रामीण तथा सहरी समाजमा देखा परेका विकृति तथा विसङ्गति, शोषण, अन्याय, अत्याचार आदिको जीवन्त अभिनय प्रस्तुत गरेका छन् । त्यसैले शर्माले ग्रामीण सामाजिक यथार्थको चिनारी दिने खालका पात्रको चयन **बसिवियाँलो** कथासङ्ग्रहका चरित्रचित्रणमा गरेका छन् भन्न सकिन्छ ।

ग) संवाद

विषयवस्तुअनुसारका पात्रको चयन गर्नु शर्माको विशेषता नै देखिन्छ । **बसिवियाँलो** कथासङ्ग्रह ग्रामीण समाजमा प्रचलित अशिक्षित र निम्नमध्यम वर्गीय समाजका विषयवस्तु र पात्र छनोट भएका कथाहरूको सङ्ग्रह हो । त्यसैले यस सङ्ग्रहभित्रका कथाको संवादमा पनि सामान्य बोलचालमा आधारित संवादको प्रयोग गरिएको छ । संवादमा उखान एवं टुक्काहरूको प्रयोग, लोक आहानमा प्रचलित भाग्यमा निर्भर गर्ने जस्ता प्रसङ्ग **पुर्पुरोमा लेखेको** कथामा पाइन्छ । भाग्यवादी विचारयुक्त संवाद पनि कथामा पाइन्छ । ग्रामीण अशिक्षित पात्र अनुसारका भाषिक शब्दको प्रयोग कथाका पात्रको संवादमा पाइन्छ । धरहरालाई धजरा, दरवारलाई दर्वार जस्ता शब्दसंवादबाट ग्रामीण अशिक्षित वर्गको यथार्थ कथामा पाइन्छ । ग्रामीण सामाजिक परिवेश र सहरीया परिवेशका क्रियाकलापलाई पनि पात्रअनुसारको संवादबाट कथामा प्रस्तुत गरिएको पाइन्छ । विभिन्न व्यङ्ग्यात्मक तथा अन्य संवादात्मक क्रियाकलापमा प्रश्नवाचक र आश्चर्यवाचक संकेत आदिले कथालाई अझ रोचकता प्रदान गरेका छन् । बोलीचालीको शैलीमा यथार्थवस्तुलाई इङ्गित गर्ने शैली **बसिवियाँलो** कथासङ्ग्रहका कथामा पाइन्छ । **मुनरिया** कथामा तराईका निम्न वर्गीय परिवार र त्यहाँको यथार्थता व्यक्त गर्ने संवादको प्रयोग पाइन्छ । जस्तैः "तयसो होइन छोरी, त्यसो गरिस् भने हामी सबै जेल जानुपर्छ । ठूलाबडासँग जोरी खोज्नु हुँदैन, हामी आँफै जोगिनुपर्छ । अब तँ एक्लै नहिंड्, भाँडा माझ्न पनि मसँग मात्रै जाने गर्नुपर्छ" (मुनरिया) ।

समग्रमा **बसिवियाँलो** भित्रका कथामा प्रयुक्त संवादका माध्यमले सहरी, ग्रामीण, तराई, पहाडी भेगका अन्याय, अत्याचार, शोषण, दुर्व्यवस्था आदि पक्षको यथार्थ जस्ताको तस्तै झल्काउने खालको आभास पाइन्छ ।

घ) परिवेश

कथामा देशकाल-वातावरण भनेको उक्त कथामा प्रयुक्त कथावस्तुले ओगटेको क्षेत्र, समय र परिवेश भन्ने बुझिन्छ । महेश्वर शर्मा लिखित **बसिवियाँलो** कथासङ्ग्रहभित्र नेपाली ग्रामीण सामाजिक वातावरण नै बेसी देखिन्छ । ग्रामीण सामाजिक परिवेशसँगै सहरी वातावरणको समेत प्रयोग भएको छ । **मुनरीया** र **बीरुबाबु** कथाले तराईको जनजीवन र परिवेश वा वातावरणलाई झल्काएका छन् । त्यसैले यस कथासङ्ग्रह भित्रका कथामा नेपाली गाउँ, सहर, पहाड, तराई, उपत्यका आदिको परिवेशलाई समेटिएको छ । देशको राजनीतिक परिवर्तनअनुसार देशका विभिन्न स्थानमा देखिएका थिचोमिचो, शोषण, अन्याय, अत्याचार आदिलाई कथामा समावेश गरिएकाले कथाको निश्चित समय नतोकिए पनि देशमा सामाजिक प्रथाले जरो गाडेको समय नै यस कथासङ्ग्रहको समय मान्न सकिन्छ । कथासङ्ग्रहभित्रका कथामा गण्डकी अञ्चलभित्रका विभिन्न ठाउँ विशेषलाई बढी प्रयोग गरिएकाले यस सङ्ग्रहमा आञ्चलिकता देखिए पनि उपत्यका र तराईका क्षेत्रलाई समेत समेटिएको छ ।

सीमित आञ्चलिकताको आभास पाइने **बसिवियाँलो** कथासङ्ग्रहभित्रका कथाको देशकाल-वातावरण भन्नु नै नेपाली डाँडाकाँडा, लेकबेसी, तराई-पहाड काठमाडौ. उपत्यकाको र स्याङ्जा-पाल्पाका विभिन्न क्षेत्रहरूमा समयसमयमा भएका घटनाहरूको यथार्थ प्रस्तुति हो ।

ङ)	भाषाशैली

प्रत्येक कथाकारको कथा लेख्ने शैली आफ्नै प्रकारको हुन्छ । त्यस्तै कथाकार महेश्वर शर्माको कथालेखन परम्परागत ढाँचामा आधारित छ । उनका कथामा आदि, मध्य र अन्त्यको क्रम क्रमवद्ध रूपमा अघि बढेकाले परम्परागत शैलीका प्रयोक्ताका रूपमा शर्मालाई चिनिन्छ । कथामा सामान्य बोलीचालीका भाषालाई सफलतापूर्वक प्रयोग गर्दै शर्माले ठेट नेपाली शब्द, अनुकरणात्मक शब्द र लोकप्रचलित उखान एवं टुक्काहरूको प्रयोग गरेका छन् । त्यसैले शर्माको **बसिवियाँलो** कथासङ्ग्रह भित्रका कथामा भाषिक रोचकता र कौतूहलता पाइन्छ । मूलतः महेश्वर शर्मा सामाजिक यथार्थको प्रस्तुति गर्ने कथाकार भएकाले कथामा क्षेत्रीयता, ग्रामीण रहनसहन र बोलीचालीलाई भाषाका माध्यमले प्रस्तुत गरेका छन् । शर्मा सरकारी कर्मचारीका रूपमा लामो समयसम्म सेवारत भएर देशका विभिन्न ठाउँमा घुमेकाले उनका कथामा देशका समग्र क्षेत्रका ग्रामीण परिवेशमा प्रयोग गरिने भाषाको प्रभाव परेको पाइन्छ । शैलीका दृष्टिले कथाका बीचबीचमा वर्णनात्मक र संलाप वा संवादात्मक शैलीको प्रयोग शर्माका कथामा पाइन्छ । शर्माले कथाका बीचबीचमा प्रश्नात्मक भाषा र आश्चर्यजनक भाषाको प्रयोग गरेका छन् ।

च)	उद्देश्य

आधुनिक कथाकार गुरूप्रसाद मैनालीका जस्तैः महेश्वर शर्माका कथामा पनि सामाजिक यथार्थको प्रस्तुति वा वास्तविकताको चित्रण गर्दै समाज सुधारको उद्देश्य पाइन्छ । **बसिवियाँलो**मा सङ्कलित कथाहरूको प्रमुख उद्देश्य सामाजिक विकृति र विसङ्गति माथि तीव्र प्रहार गर्दै सुधारको सन्देश प्रसार गर्नु हो । समाजको सूक्ष्म निरीक्षण गरी सामाजिक यथार्थ विषयवस्तुलाई विनापूर्वाग्रह चित्रित गर्दै समाजका अँध्यारा पक्षमा उज्यालो ल्याउने प्रयत्न गरिबी र अन्धविश्वासले पिल्सिएको ग्रामीण समाजलाई चेतना प्रवाह गर्दै राजनीतिक दुर्व्यवस्था र अवसरवादी प्रवृत्तिको समूल अन्त हुनुपर्ने समग्र कथाको उद्देश्य हो ।

४.३.१.३ फुटकर कथाहरू

**बसिवियाँलो** कथासङ्ग्रहका अतिरिक्त शर्माका विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा थुप्रै कथाहरू छरिएको उल्लेख कथाकारले गरेका छन् । त्यसरी छरिएका फुटकर कथाहरूमध्ये स्याङ्जा साहित्य प्रतिष्ठान, स्याङ्जाबाट प्रकाशित **रजस्थल** त्रैमासिक साहित्यिक पत्रिकामा छोरीको विहे ( अंक २, २०५६), **मेरा आँखा उसैका खोजीमा छन्** (अंक १६), **बस यात्राको वियाँलो** (अंक १७), **यो चामल, डिन नी** (अंक २५), **दसैंको सम्झना** (अंक २३), **विरोधाभासका विविध बान्की** (अंक २५) र **लाटोको बिहेः माओवादी नारा** (अंक २९) क्रमशः २०५६, २०५९/०६०, २०६०, २०६२, २०६२, २०६२ र २०६३ सालमा प्रकाशित छन् ।

सामाजिक यथार्थवादी विषयवस्तुलाई मूल रूपमा देखाइएका यी कथामा दाइजो प्रथाका कारण छोरीको विवाह गर्न कठिनाइ भएको वर्तमान अवस्था, अन्य कार्यालयको अधिकृतस्तरको कर्मचारी भन्दा भ्रष्टाचार गर्न पाइने भएकाले भन्सार कार्यालयको सुब्बा नै ठीक मानिने प्रवृत्ति, भ्रामक समाचारका कारण जिउँदो मानिसलाई भेटी (मर्दा पर्दा लगिने घ्यू, चिनी चामल) लगेको

प्रसङ्ग, माओवादी जनयुद्धका कारण नेपाल प्रहरी तथा सेनाहरू दसैंजस्तो महान् चाडमा पनि घर फर्कन नपाएको अवस्था, भारतीय सेनामा संलग्न नेपाली युवाहरू घर फर्कन नपाएको अवस्था, नेपाली ग्रामीण समाजमा अनेक लोभ तथा प्रलोभन देखाएर सोझासिधाबाट फाइदा लिने प्रवृत्ति माओवादी जनयुद्धताका राज्य र माओवादी दुवै पक्षबाट सोझासिधा जनताहरू प्रताडित हुनुपरेको अवस्था आदिको चित्रण गरेको पाइन्छ ।

आर्थिक अवस्था कमजोर भएका कारण छोरीको विवाह गर्न नसक्ने विपन्न पात्र, नारी पात्रहरू, भ्रष्ट कर्मचारी, नेपाल प्रहरी तथा सेनामा संलग्न व्यक्ति, सोझा सिधाबाट फाइदा लुट्ने खालका आदि पात्रहरू फुटकर कथामा आएका छन् ।

पञ्चायती शासन व्यवस्था र माओवादी जनयुद्धको समयमा भएका घटनालाई आधार मानिएका यी कथामा नेपालको ग्रामीण परिवेशदेखि काठमाडौं उपत्यकाका विभिन्न ठाउँ र उपत्यका बाहिर सर्लाही र भारतीय परिवेशको समेत चित्रण गरिएको छ ।

ग्रामीण व्यक्तिले प्रयोग गर्ने ठेट नेपाली भाषादेखि भारतीय सेनामा संलग्न नेपाली युवाहरूले प्रयोग गर्ने सैनिक आज्ञा युक्त भाषा प्रयोग गरिएका यी कथामा पत्रात्मक र संवादात्मक शैली समेत पाइन्छ ।

फुटकर रूपमा प्रकाशित यी कथाहरूको प्रमुख उद्देश्य दाइजो प्रथाले ल्याएको समस्या भन्सार कार्यालयमा भ्रष्टाचार गर्न पाइने मानसिकता, अपुष्ट समाचारका कारण आइपर्ने समस्या, सोझासिधामाथिको शोषण, माओवादी जनयुद्धका समयमा राज्य र माओवादी दुवैबाट सास्ती भोग्न वाध्य नेपाली जनता आदिको चित्रण गर्नु हो ।

४.३.१.४ निष्कर्ष

नेपाली साहित्यका विविध विधामा कलम चलाएर लगभग एक दर्जन जति कृति प्रकाशित गराएका महेश्वर शर्माको आस्था प्रकाशन स्याङ्जाबाट ९२ पृष्ठमा प्रकाशित **बसिवियाँलो** कथासङ्ग्रह मूलत नेपाली ग्रामीण समाज र अंशत सहरी समाजको यथार्थ विषयवस्तुलाई लिएर रचना गरिएका मझौला आकारका १७ वटा कथाहरूको सँगालो हो । विषयवस्तुअनुसारका चरित्र, चरित्रअनुसारको संवाद, ठेट र अनुकरणात्मक शब्द, लोकप्रचलित उखान टुक्काको प्रयोग गरिएको कलात्मक भाषा, संवादात्मक र वर्णनात्मक मिश्रित शैलीमा सामाजिक यथार्थको प्रस्तुति गर्दै समाज सुधारको उद्देश्य प्रस्तुत कथासङ्ग्रहको विशेषता हो । सरलता र सुबोधताका साथ नेपाली समाजका उकाली-ओराली, तराई-पहाड अनि उपत्यकाको सेरोफेरोका समाजमा व्याप्त विसङ्गति, शोषण र पीडाजस्ता विषयलाई कथाकारले मार्मिक रूपमा यस सङ्ग्रहमा सङ्गृहीत कथामा प्रस्तुत गरेका छन् । नारी हृदयको अन्तर्व्यथालाई प्राथमिकताका साथ प्रस्तुत गर्दै गाउँले सरल भाषाको प्रयोग र वैचारिक अभिव्यक्ति नै **बसिवियाँलो** सङ्ग्रहका विशेषता हुन् । यिका फुटकर कथामा पनि सामाजिक यथार्थ कै चित्रण छ ।

४.३.२ भेषजराज शर्मा (१९८९-२०५९)

४.३.२.१ परिचय

भेषजराज शर्माको जन्म हालको बालिङ नगरपालिका वडा नं. ११ स्थित तल्लो पेखुमा वि.सं. १९८९ कार्त्तिक २४ गते शुल्क पञ्चमीका दिन भएको हो ।[२५] शिक्षाआर्जनका क्रममा २००७ सालअघि नै बनारस पुगेका शर्मा संस्कृतमा नव्य व्याकरणाचार्य र साहित्यशास्त्रीसम्मको शैक्षिक योग्यता हासिल गरी आफ्नो जीवनकालमा साहित्य, राजनीति र शिक्षक पेसामा संलग्न रहेको पाइन्छ ।[२६] हालसम्म कवितासङ्ग्रह र खण्डकाव्य प्रकाशित भइसकेका शर्माका **द्यौरानीको सारी** कथासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ । शर्माका विभिन्न पत्रपत्रिकामा बनारस देखिनै कविता, गजल, कथा, एकाङ्की, निबन्ध, हास्यव्यङ्ग्य र बालकविता समेत फुटकर रूपमा प्रकाशित भइसकेका छन् ।[२७] लामो समयसम्म साहित्य साधनामा संलग्न रहेका शर्माको जीवन लीला ७० वर्षको उमेरमा २०५९ असोज १४ गते समाप्त भएको हो ।[२८]

नेपाली साहित्यका विभिन्न विधामा सिद्धहस्त देखिने शर्माका कृतिमा प्रगतिवादी स्वर पाइन्छ ।

४.३.२.२ कथाको विश्लेषण

सङ्ग्रहका रूपमा शर्माका कुनै कथाकृति प्रकाशित नभए पनि फुटकर रूपमा थुप्रै कथाहरू प्रकाशित भएका छन् । बनारसबाट प्रकाशित हुने **छात्रदूत** पत्रिकामा वि.सं. २०१३ सालमा प्रकाशित **कन्यादान** (कुथुङ्ग्री) शर्माको पहिलो प्रकाशित कथा हो ।[२९] यस बाहेक **सपनाको कथा** (छात्रवाणी २०१४ : बनारस), **निमन्त्रणा** (छात्रदूत २०१६ बनारस) **अष्टग्रहयोग** (छात्रपथ २०१८ बनारस) **मृत्यु** (साहित्य धारा २०२२ : पाखेरा), **एक जिन्दगी एक सपना** (युगभाषा २०२३ : स्याङ्जा) **द्यौरानीको सारी** (साहित्यधारा २०२३ : पोखरा) **बत्ती बाल्न लाग्दा** (मधुमालती : २०३४), **फाटेको अन्डरवियर** (रजस्थल २०५६ स्याङ्जा) आदि शर्माका प्रकाशित कथाहरू हुन् भने **डुप्लिकेट** (२०३४), **शची** (२०५६) **बोल्ने रुख, विकास आगमन** आदि अप्रकाशित कथाहरू छन् । प्रकाशित कथाका आधारमा शर्मा स्याङ्जा जिल्लाबाट कथा क्षेत्रमा लाग्ने पहिलो कथाकारका रूपमा चिनिन्छन् ।[३०]

क) कथानक

भेषजराज शर्माका प्रकाशित तथा प्रकाशोन्मुख फुटकर कथाहरूमा प्रेमप्रसङ्ग र छोरीको इच्छा विपरीत विवाहको प्रसङ्ग **कन्यादान** कथामा पाइन्छ भने काल्पनिक विषयवस्तुको प्रयोग **सपनाको कथा**मा भेटिन्छ । **मृत्यु** कथामा नारीमाथि पुरुष र नारी कै शोषण र अत्याचारको प्रसङ्ग

---

[२५] श्यामप्रसाद ढुंगाना, भेषजराज शर्माको जीवनी, व्यक्तित्व र कृतिगत विवरण, त्रि.वि. पृथ्वीनारायण क्याम्पस, पोखरा, अप्रकाशित शोधपत्र, २०६२, पृ. १३ ।

[२६] देवीप्रसाद वनवासी, "भेषजराज शर्मा : सम्झनाका गोरेटोमा" सगुन,( वर्ष २, अंक ४), २०६०, पृ. १ ।

[२७] ऐजन ।

[२८] ऐजन ।

[२९] श्यामप्रसाद ढुंगाना, पूर्ववत्, पृ. ४६ ।

[३०] पूर्ववत्, पृ. ४६ ।

देखाइएको छ । सौतेनी आमाको पीडा र फ्रायडीय मनोविज्ञानको प्रयोग **निमन्त्रणा**मा भेटिन्छ । त्यस्तै गरी प्रजातन्त्र प्राप्तिपछिको विद्रोहात्मक स्वर, आजको डुप्लिडेट जमाना र आइमाईका मागहरू, लोग्ने स्वास्नीबीचको कचिङ्गल, जागिरे लोग्नेका समस्या, राष्ट्रियता र देशका नागरिकप्रति राष्ट्रको भूमिका, २०४६ को जनआन्दोलन र प्रजातन्त्र प्राप्तिपछिको अवस्था, मजदुर वर्गमा प्रजातन्त्रको कुनै प्रभाव नपरेको अवस्था आदिलाई कथाकार शर्माले आफ्ना कथामा विषयवस्तुको रूपमा प्रयोग गरेका छन् ।

ख) पात्र

कथाकार शर्माका कथाहरूमा विचार, कल्पना, मनोविज्ञान सबै मिसिएको पाइन्छ । **फाटेको अन्डरवियर** कथा भित्रको वीरबहादुर विचार ओकल्ने पात्र हो भने **निमन्त्रणा**भित्रको कमल अर्थात् म पात्र फ्रायडीय मनोविज्ञानयुक्त पात्र हो । त्यसैगरी **मृत्यु** कथामा प्रयुक्त ठूली-कान्छी लगायतका पात्रहरू नारी दमित पात्रहरू हुन् । शर्माका कथामा शिक्षक, विद्यार्थी, जागिरे, मजदुर, अपाङ्ग, शिक्षित अशिक्षित लगायत काल्पनिक पात्रहरूको समेत प्रयोग पाइन्छ ।

ग) संवाद

शर्माका केही कथामा विचारहरू सरर वगे पनि धेरै जसो कथामा पात्र पात्रका बीचमा रोचक संवादको प्रयोग भएको पाइन्छ । जस्तैः

... **" ए दिदी, मरौं भो ।" हुन्छ कहिले मरौं कान्छी" "आउँदो बुधवार" हुन्छ पक्का पक्की भयो नि, कसैसित नभने है ।" "हुन्छ, ठीक आधा रातमा काम धन्दा सिद्धाएर** ... (मृत्युकथा २०२२) यस्ता संवादले शर्माका कथामा थप रोचकता थपेका छन् । त्यस्तै शर्माका कथामा लोग्नेस्वास्नीका बीचको झगडात्मक संवाद पाइन्छ भने मजदुर वर्ग, प्रेम प्रसङ्ग, काल्पनिक प्रसङ्गका समेत संवाद पाइन्छ ।

घ) परिवेश

शिक्षाआर्जनका निम्ति बनारस पुग्दादेखि नै कथालेखनमा संलग्न रहेका शर्मा कथामा बनारसदेखि नेपालको स्याङ्जा जिल्ला र यसको आसपासका ग्रामीण तथा सहरी परिवेश पाइन्छ । आँधीखोला क्षेत्र, स्याङ्जाबजार लगायत कुनैकुनै कथामा काल्पनिक परिवेशसमेत पाइन्छ । त्यसैगरी राणाकालदेखि प्रजातन्त्रको पुनर्वहालीपछिको अवस्थासम्म नेपाली ग्रामीण समाज तथा बनारस क्षेत्रमा भएका घटनाहरूलाई शर्माले आफ्ना कथामा समेटेका छन् ।

ङ) भाषाशैली

संस्कृत भाषाका श्लोकदेखि तत्सम शब्द र अङ्ग्रेजी भाषाका मजिस्ट्रेट, मेट्रिक, प्याराग्राफ, प्रोग्राम क्यान्सिल कन्ट्रोल, यु.एस.एस.आर., यु.एस. आदि शब्दको प्रयोग शर्माका कथामा पाइन्छ । ठेट नेपाली शब्दहरूदेखि भ्वाम्म जस्ता अनुकरणात्मक शब्दले उनका कथामा

रोचकता प्रदान गरेका छन् । कतैकतै उखानको प्रयोग छ र झर्कन्छे, जर्कन्छे, मर्कन्छे, तर्कन्छे जस्ता अनुप्रासयुक्त शब्दले कथामा काव्यात्मकता थपेका छन् ।

कतै रैखिक र कतै वृत्ताकारीय ढाँचामा बगेका शर्माका कथामा संवादात्मक संस्मरणात्मक, प्रश्नात्मक, वर्णनात्मक आदि शैलीको सफल प्रयोग भएको पाइन्छ ।

च) उद्देश्य

कथाकार शर्माका समग्र कथाको अध्ययनबाट नारी र पुरुषबीचको प्रेम प्रसङ्गलाई स्पष्टयाउनु, नारीमाथिको शोषण र अन्यायको उजागर गर्नु, गरिब मजदुरले प्रजातन्त्रको फल प्राप्त गर्न नसक्नु, हरेक सामान बजारमा नक्कली मात्रै फेला पर्नु, सानो जागिरले ल्याएको अभाव देखाउनु, देशका नागरिकप्रति राज्यको वेवास्था आदि मूल उद्देश्यका रूपमा रहेको पाइन्छ ।

४.३.२.३ निष्कर्ष

अध्ययनका क्रममा बनारस रहेका अवस्थादेखि नै कथा लेख्ने र प्रतियोगितामा समेत भाग लिएर तृतीय स्थान प्राप्त गरेका शर्माका कथामा ग्रामीण परिवेश प्रमुख रहेको पाइन्छ । मजदुरमाथि प्रजातन्त्रको शून्य प्रभाव, फ्रायडीय मनोविश्लेषण र महिलामाथिको अन्याय, अत्याचार, दमन, शोषण आदिको विरोधी स्वरका कारण शर्माका कथामा प्रगतिशीलता देखिन्छ । विषयवस्तु र शैलीमा रोचकता पाइने शर्माका कथामा स्थानीय भाषिकामा प्रशासन भित्रको लापरवाही, घुस, चाकडी, चाप्लुसी आदिलाई कलात्मक पाराले उतारेको पाइन्छ । घरभित्रको प्रसङ्गदेखि घरबाहिर प्रेमप्रसङ्ग र राष्ट्र र राष्ट्रियतासम्मको विषयवस्तुलाई विचार, कल्पना र मनोवैज्ञानिक आधारमा आफ्ना कथामा व्यक्त गर्न सफल भएकाले समकालीन कथाकारका दाँजामा शर्मा पनि सफल कथाकारका रूपमा रहेको पाउन सकिन्छ ।

४.३.३ देवीप्रसाद वनवासी (१९९७-)

४.३.३.१ परिचय

नेपाली बालसाहित्यका क्षेत्रमा चर्चित साहित्यकार देवीप्रसाद वनवासीको जन्म वि.सं. १९९७ कार्तिक २७ गते वालिङ नगरपालिका वडा नं. ७ अरमादी, शंखरेडाँडा, स्याङ्जामा भएको हो ।[३१] वनवासी, आँधीखोले ... जस्ता विभिन्न उपनामबाट परिचित साहित्यकार वनवासीको थर भने उपाध्याय रेग्मी हो ।[३२] नेपाली साहित्यका क्षेत्रमा वनवासीका कविता, बालकथा, बालजीवनी, गद्यलेखोट, हास्यव्यङ्ग्य कविता आदि कृतिका रूपमा र केही कथा, निबन्ध र समालोचनात्मक रचनाहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित छन् । विभिन्न साहित्यिक पत्रपत्रिका सम्पादनमा संलग्न रहेका वनवासी साहित्यिक संघसंस्थाहरूमा पनि उत्तिकै संलग्न देखिन्छन् ।

[३१] देवीप्रसाद वनवासी, **हरेलो**, (स्याङ्जा : चित्रलेखा प्रकाशन), २०६१, आवरण पृष्ठ ।

[३२] ऐजन ।

आफ्नै गाउँठाउँमा बसेर बालसाहित्यका क्षेत्रमा एकान्त साधना गर्न मनपराउने वनवासीका थुप्रै साहित्यिक कृतिहरूमध्ये यहाँ कथा कृतिको अध्ययन गरिन्छ ।

४.३.३.२ कथाको विश्लेषण

फुटकर रूपमा विभिन्न साहित्यिक पत्रिकामा केही पौढ कथाहरू प्रकाशित भए पनि बालकथाका क्षेत्रमा वनवासीको महत्त्वपूर्ण योगदान रहेको छ । हालसम्म वनवासीका ७ वटा बालकथासङ्ग्रह र '**पन्धकथा पञ्चतन्त्रका**' अनूदित कथासङ्ग्रह प्रकाशित छन् । वनवासीका बालकथासङ्ग्रहहरू यस प्रकार छन्- **कथा कथ्यौरी** (२०२७), **केही रमाइला कथा** (२०३८), **फूलपाती** (२०४०), **चुभुरचुभुर** (२०४२), **छुनुमुन** (२०५१), **सिरिखुरी** (२०५४) र **बालसँगाती** (२०५८) । यिनै ७ वटा बालकथासङ्ग्रह र **पन्धकथा पञ्चतन्त्रका** अनूदित कथासङ्ग्रहका आधारमा वनवासीका कथाहरूको अध्ययन गरिन्छ ।

क) कथानक

वनवासीका प्रस्तुत बालकथासङ्ग्रहमा रहेका केही कथाहरू नेपाली लोकजीवनमा प्रचलित लोककथाहरूमा आधारित छन् भने केही कथाहरू इतिहासविषयमा आधारित रहेर प्रस्तुत गरिएका छन् । बहुविवाहको विरोध, धन भन्दा बुद्धि ठूलो, घमण्डको घृणा, बाबुआमाको राम्रो हेरचाह, लोभको नराम्रो परिणाम, गरिबीका कारण मानिस निर्धो र कुरूप बन्ने कुरा उनको पहिलो कथा सङ्ग्रह **कथाकथ्यौरी** भित्रका कथामा विषयवस्तुका रूपमा आएका छन् । व्यवहारिकता, मिहिनेतबाट प्रगति गर्न सकिने, पदको दुरूपयोग गर्न नहुने, न्याय र उचित काममा संलग्न हुनुपर्ने प्रसङ्गलाई पनि उनले कथानकका रूपमा उपयोग गरेका छन् । पदासिन व्यक्तिहरूबाट हुने ठगी र धुर्त्याई, यौनसँग सम्बन्धित कथावस्तु समेत केही कथामा आएका छन् । जमिनदारबाट गरिने शोषण, लोग्नेस्वास्नीबीचको कलहबाट उत्पन्न हुने स्थितिको चित्रण, अनाथ र अनाथाश्रम बारे जानकारी दिने खालका कथावस्तुलाई रोचक र बालमनोभाव अनुकूल कथामा प्रस्तुत गरिएको छ । ऐतिहासिक विषयवस्तुलाई आधार बनाएर न्याय र कर्तव्यको पाठ सिकाइएको समेत पाइन्छ । अम्मलबाट हुने हानि माथिल्लो दर्जाका कर्मचारीहरूबाट तल्लो दर्जाका कर्मचारी माथि हुने शोषण, अर्कालाई दुःख दिन र हिंसा गर्न नहुने, इज्जत जोगाउन मानिसले गर्ने अनेक कार्य र आत्महत्या जस्ता विषयवस्तुलाई पनि कथावस्तुका रूपमा प्रयोग गरिएको पाइन्छ ।

त्यस्तै करिब दुईहजार वर्षअघि विष्णु शर्माले पञ्चतन्त्र राजाका मूर्ख छोराहरूलाई राजकाज र जीवन व्यवहारका कुरा सिकाउन राजनीतिका साम, दान, दण्ड, भेद आदि प्रयोग गरेर लेखिएका पञ्चतन्त्रका पौराणिक आख्यानमा आधारित कथाको अनुवाद गरेको कृति **पन्धकथा पञ्चतन्त्रका** हो । यसमा १५ वटा कथाहरू छन् । यो पनि नीति सन्देश र उपदेशमूलक विषयवस्तुमा आधारित कथासङ्ग्रह हो । यो सङ्ग्रह मौलिक नभएर पनि पूर्ण हुबहु नभएको कुरा स्वयं लेखकले कथासङ्ग्रहमा उल्लेख गरेका छन् ।

ख) चरित्रचित्रण

वनवासीका कथाहरू लोकजीवनमा प्रचलित लोककथामा आधारित भएकाले पात्रहरू पनि कथाका शीर्षकअनुसार चयन भएका छन् । इतिहास प्रसिद्ध राम शाह, महात्मा गान्धी, गौतम बुद्ध, राम, कृष्णजस्ता धार्मिक पात्रहरूको प्रयोग भएको पाइन्छ । त्यस्तै मानवीय चरित्रहरूदेखि कुकुर, सीमलचरी, बाघ, बिरालो, सर्प, भ्यागुतो, गँगटोजस्ता पशुपक्षीको उपस्थितिले वनवासीका बालकथामा पात्रगत रोचकता थपेका छन् । **पन्ध्रकथा पञ्चतन्त्रका** कथामा पनि यस्तै पौराणिक मानव, राक्षस पशुपक्षीलाई पात्रको रूपमा उभ्याइएको छ ।

ग) परिवेश

विषयगत ज्ञानका साथै भौगोलिक जानकारी दिने वनवासीका उपदेशमूलक कथामा स्याङ्जा, काठमाडौं, जुम्ला, भोट आदि स्थान किटान गरिएपनि काल्पनिक देशकाल वातावरण पनि आएका छन् । **पन्ध्रकथा पञ्चतन्त्रमा** भने पौराणिक आख्यानमा आधारित स्थानको चर्चा पाइन्छ । इतिहास प्रसिद्ध घटना र पात्रको चयन गरेर ऐतिहासिक समयलाई समेत कथामा प्रस्तुत गरिएको छ ।

घ) भाषाशैली

बालमनोविज्ञानलाई मध्यनजर गर्दै रचिएका वनवासीका बालकथाहरूमा बालबालिकाहरूको रुचिअनुसार परिमार्जित तथा पुनर्लिखित भाषाशैलीको प्रयोग भएको पाइन्छ । ठेट नेपाली भाषाका साथै स्याङ्जा आँधीखोला क्षेत्रको स्थानीय भाषिकाको प्रभाव र कथाका बीचबीचमा उखान एवं टुक्काको प्रयोग (जस्तालाई तस्तै ढिंडालाई निस्तै) वनवासीका कथामा पाइन्छ । संवादात्मक दृष्टिले वनवासीका कथामा मानवीय, पशुपक्षी र राक्षसी पात्रका बीचमा संवादको आदानप्रधान भएको पाइन्छ । कतै उपदेशमूलक वर्णनात्मक शैली रैखिक ढाँचामा अगाडि बढेको छ भने कतै संवादात्मक अन्तर्क्रियामा कथाको शैली अगाडि बढेको पाइन्छ ।

ङ) उद्देश्य

वनवासीका ७ वटा बालकथासङ्ग्रह र एउटा **पन्ध्रकथा पञ्चतन्त्रका** अनूदित कथासङ्ग्रहको अध्ययनबाट ऐतिहासिकता, सामाजिक यथार्थता, मानवीय संवेदना, सांस्कृतिक चेतना र लोकजीवन सापेक्ष चित्रण गरेर बालबालिकाहरूमा उपदेश प्रदान गर्नु नै यी कथाको मूल उद्देश्य मानिन्छ । कोरा शास्त्रीय विद्वान्भन्दा अपठित बुद्धिमान मान्छे राम्रो र असल हुन्छ भन्ने शिक्षा **पन्ध्रकथा पञ्चतन्त्रका** भन्ने कथासङ्ग्रह भित्रका कथाहरूले दिन खोजेका छन् भन्ने कुरा स्वयं कथाकारले कथासङ्ग्रहमै समेत उल्लेख गरेका छन् । त्यसैले समग्रमा वनवासीका कथाहरूको प्रमुख उद्देश्य नै औपदेशिकता हो ।

४.३.३.३ निष्कर्ष

बालसाहित्यकै क्षेत्रमा सिद्धहस्त देवीप्रसाद वनवासीका समग्र बालकथाको अध्ययन गर्दा विषयगत विविधता, शिल्पगत परिष्कार, आयामगत विस्तार आदिको पालना गरेको पाइन्छ । बालभावना अनुरूप लेखिएका वनवासीका कथामा आदर्शव्यवहार, अनुशासन, मर्यादा, नैतिकता, ज्ञानविज्ञान, कर्तव्य, मनोरञ्जन जस्ता विविध उपदेशात्मक सन्देश पाइन्छ । ऐतिहासिकता,

सामाजिक यथार्थता, औपदेशिकता, सांस्कृतिक चेतना, मानवीय संवेदना र लोकजीवन सापेक्ष चित्रण गर्दै रचिएका वनवासीका बालकथामा रसिलो, भरिलो र उखान टुक्का युक्त भाषाशैलीको प्रयोग पाइन्छ । हास्यव्यङ्ग्यलाई समायोजन गर्दै मानवीय तथा मानवेतर पात्रका माध्यमबाट आफ्ना विचार वा सन्देशलाई छोटो, मीठो र उपयुक्त शीर्षकमा कथामा प्रस्तुत गर्नु कथाकारको प्रमुख विशेषता मानिन्छ ।

**कन्डैसिती** कथामा शीर्षक चयन **सगोत्रिया** कथामा आत्महत्याको प्रसङ्ग र **मुष्टिको धन दृष्टिको स्वास्नी** कथामा प्रयुक्त कथानक तथा भाषिक कमजोरीहरू देखिए पनि अन्य कथामा प्रयुक्त कथानक, पात्र चयन, संवाद, वातावरण, भाषाशैली र उद्देश्यका हिसावले वनवासीका कथाहरू सुरुदेखि क्रमशः परिष्कार र परिमार्जन हुँदै कथाप्रति बालकको मन तान्न सफल यी कथाहरू पौढहरूका लागि पनि उत्तिकै पठनयोग्य रहेका छन् ।

### ४.३.४ जयप्रसाद पौडेल (२००५-२०६१)

#### ४.३.४.१ परिचय

स्याङ्जाका कथाकारहरूमा जयप्रसाद पौडेलको योगदान महत्त्वपूर्ण र उल्लेखनीय रहेको छ । स्याङ्जा पुतलीबजार नगरपालिका वडा नं. १ स्याङ्जा बजारमा वि.सं. २००५ चैत्र १० गते जन्मिएका पौडेलको मृत्यु २०६१ श्रावण २० गते भएको हो ।[३३] वी.एड. सम्मको शिक्षा हासिल गरेका पौडेल लामो समयसम्म शिक्षक पेसा अँगालेर प्रधानाध्यापकबाट सेवा निवृत्त थिए ।[३४] शिक्षक पेसामा संलग्न रहेर पनि पञ्चायतकालमा प्रजातन्त्र प्राप्तिका लागि पटकपटक जेल जीवनयापन गरेका पौडेल बेलाबेलामा भूमिगतसमेत रहेका थिए ।[३५] कवितासङ्ग्रह बालगीतसङ्ग्रह, लघुकाव्य, उपन्यास, कथासङ्ग्रह आदि कृति प्रकाशित भइसकेका पौडेलका कविता, निबन्ध, समीक्षा, लेख आदि फुटकर रूपमा पनि प्रकाशित छन् । सर्वप्रथम वि.सं. २०२० मा रचित र २०२५ सालमा प्रकाशित (शिशिरको सिरेठो) कविताबाट साहित्ययात्रा थालनी गरेका पौडेलका साहित्यिक रचनामा ग्रामीण सामाजिक परिवेशमा समयसमयमा देखापरेका विकृति र विसङ्गतिप्रति तिखो व्यङ्ग्यवाण हान्दै बालमनोविज्ञानलाई समेत महत्त्व दिएको पाइन्छ ।[३६] साहित्य, राजनीति र शिक्षा गरी त्रिवेणी व्यक्तित्वमा अगाडि बढेका पौडेल आफ्नो जीवन कालमा विभिन्न पत्रपत्रिकाका सम्पादनमा समेत संलग्न रहेको पाइन्छ ।

#### ४.३.४.२ कथाको विश्लेषण

नेपाली साहित्यका विविध विधामा कलम चलाए पनि एक मात्र प्रकाशित **दुःखका दिनहरू** (२०५५) कथासङ्ग्रहले स्व. जयप्रसाद पौडेललाई सफल कथाकारका रूपमा चिनाएको छ । यस

---

[३३] नन्दलाल पौडेल, 'साहित्य साधक, स्व. जयप्रसाद पौडेलको साहित्यिक यात्रा : एक सिंहावलोकन', सगुन, (वर्ष ४, पूर्णाङ्क १०), २०६३, पृ. ३४२ ।

[३४] त्रिभुवन शर्मा, 'साहित्यकार जयप्रसाद पौडेल एक निष्ठावान व्यक्ति', रजस्थल, (वर्ष ७, पूर्णाङ्क १९-२०), पृ.४८ ।

[३५] ऐजन ।

[३६] नन्दलाल पौडेल, पूर्ववत् ।

कथासङ्ग्रहमा वि.सं. २०२९ देखि २०५५ सम्म रचिएका र विभिन्न समयमा प्रकाशित भएका समेत गरी जम्मा १२ कथाहरू सङ्गृहीत छन् । ती कथाहरू यस प्रकार छन् :- **विस्मित इजलास, माफ, खाडल, यी पनि लोग्ने स्वास्नी हुन्, नौलो प्रेम, ब्रम्हादत्त हर्के भित्रको हर्के, कैलीको वैश, दुवैले देखेका थिए, विना कसुर सजाएँ, साँहिलो र म र साहिलाहरू र म ।**

क) कथानक

**दुःखका दिनहरू** भित्रका कथामा नेपाली ग्रामीण जनजीवनमा घट्ने घटनाहरूलाई कथानकका रूपमा प्रस्तुत गरिएको छ । दाइजोको निहुँमा बुहारी माथि गरिएको लज्जास्पद व्यवहारले गर्दा न्यायालयमा बुहारीबाट व्यक्त नारी अस्तित्व, नारीको यौन चाहना, सामाजिक विषमता, नारी र पुरुषबीचको सम्बन्धमा देखा पर्ने कचिङ्गल, शिक्षित पति र अशिक्षित पत्नीका बीचको दाम्पत्य जीवनका असमानता, पञ्चायती शासनकालमा युवाहरूका कुण्ठित स्वरहरू आदि कथाका विषयवस्तुका रूपमा आएका छन् । नेपाली युवायुवतीहरूको प्रेमप्रसङ्ग, भाइ मरेपछि भाइको अंश खान भाइबुहारी मराउनसमेत पछि नपर्ने सामाजिक विकृति, गरिबहरूका छोरीहरूको यौनचाहना, होटलमा गरिएको बालश्रम शोषण आदिलाई कथावस्तुका रूपमा यस कथासङ्ग्रहका कथाहरूमा प्रयोग गरिएको छ ।

ख) चरित्रचित्रण

विषयवस्तुअनुसारका पात्रको प्रयोग गर्नु कथाकारको प्रमुख दायित्व हो । त्यसैले कथाकार जयप्रसाद पौडेलले पनि यस कथासङ्ग्रहमा विषयवस्तु अनुसार नारी पात्रहरूलाई प्रमुखता दिएका छन् । **विस्मित इजलास** कथा भित्रकी राधिका नारी अस्तित्ववादी पात्र हो । राधिकाका माध्यमबाट नारीलाई प्रकृतिका रूपमा चित्रण गरिएकाले यो कथामा दार्शनिक चिन्तनसमेत पाइन्छ । त्यस्तै अन्य कथाका देवी, कैली, भावना, पार्वती आदि कथामा उल्लेख्य भूमिका भएका नारी पात्र हुन् । न्यायाधीश, विचारी जस्ता अदालती पात्रहरू शिक्षित युवायुवती, नोकर, कमाराकमारी आदि पात्रहरूको प्रयोग पनि कथामा पाइन्छ ।

ग) संवाद

कथाकार पौडेलका **दुःखका दिनहरू** कथासङ्ग्रहभित्रका कथाहरूमा प्रायः ग्रामीण परिवेशका विषयवस्तु प्रयोग गरिएकाले पात्रको संवादमा पनि ग्रामीण छनक नै पाइन्छ । प्रायः कथाहरू संवादात्मक शैलीमा उनिएका छन् । **सुन्नुहोस् श्रीमान न्यायाधीश ज्यू नारी उर्वरा भूमि हो । .................................. मेरो कुरा यही हो श्रीमान्** । (**विस्मित इजलास, पृ. ३**) यस संवादले कथामा कानुनी संवादको प्रयोग भएको जानकारी दिन्छ भने त्यस्तै शिक्षित वर्ग र अशिक्षित वर्ग बीचका संवादहरू पनि कथामा पाइन्छन् ।

घ) परिवेश

**दुःखका दिनहरू** सङ्ग्रहभित्रका कथामा ग्रामीण तथा सहरी दुवै परिवेशलाई समेटिएको छ । यस सङ्ग्रह भित्रका कथाहरूमा **विस्मित इजलास** भित्र ग्रामीण समाजमा घटेका घटनालाई

अदालतमा यथार्थ रूपमा बयान गर्ने कार्य भएको छ भने **माफ** कथाभित्र सहरी समाजको बेरोजगारी चित्रण गरिएको छ । **विनाकसुर सजायँ** नेपालका ग्रामीण परिवेशदेखि भारतको गोरखपुरसम्मको परिवेशमा घटेका समस्या प्रस्तुत गरिएको कथा हो । समग्रमा यो कथासङ्ग्रह नेपालका खोलानाला, वनजङ्गल, गाउँसहर सबै क्षेत्रमा फैलिएका कथाहरूको समष्टि हो ।

ङ) भाषाशैली

ग्रामीण र सहरी तथा शिक्षित र अशिक्षित सबै क्षेत्रबाट कथावस्तु लिएर कथारचना गरेका कथाकार पौडेलको यस कथासङ्ग्रहमा ठेट नेपाली शब्दहरूको प्रयोग गरिएको पाइन्छ । कतैकतै संस्कृतका तत्सम शब्दको प्रयोग भएको पाइन्छ भने कतै अङ्ग्रेजी शब्दहरूको समेत प्रयोग भएको पाइन्छ । त्यस्तै इजलास, विचारी न्यायाधीशजस्ता कानुनी शब्दको प्रयोग पाइन्छ भने कतै स्थानीय भाषिकाको समेत प्रयोग पाइन्छ । कथामा नेपाली उखान तथा टुक्काका साथै पौराणिक प्रसङ्गले समेत कथाको भाषिक क्षेत्रलाई मिठास बनाएको छ ।

भाषिक संवादमा प्रश्नोत्तर शैली, पत्रात्मकशैली, संस्मरणात्मक शैली आदिको प्रयोगले कथाहरू रोचक र कुतूहलसमेत रहेका छन् । प्रस्तुत सङ्ग्रहभित्रका कथामा रैखिक र वृत्ताकारीय दुवै शैलीको प्रयोग भएको पाइन्छ ।

च) उद्देश्य

प्रस्तुत सङ्ग्रहभित्रका कथाहरूमा नारी अस्तित्त्व, नारी यौन चाहना, शैक्षिक वेरोजगारको समस्या, समाजमा भएका धनी र गरिबबीचका खाडल, नेपाली युवायुवतीहरूको प्रेमप्रसङ्गको उजागर, नोकरहरू माथि मालिकहरूको अन्याय, पञ्चायती शासनमा नेपाली युवामाथि लगाइएका झुटा मुद्दाहरू आदिको प्रस्तुति नै प्रमुख उद्देश्यका रूपमा आएका छन् ।

४.३.४.३ निष्कर्ष

स्व. जयप्रसाद पौडेल स्याङ्जा जिल्लाको आँधीखोला क्षेत्रलाई कर्मथलो बनाई बालमनोविज्ञान र नारीपात्रलाई प्रमुखता दिएर विभिन्न समयमा ग्रामीण परिवेशमा देखापरेका विकृति र विसङ्गतिप्रति तीखो व्यङ्ग्यवाण हान्दै साहित्यरचना गर्ने साहित्यकार हुन् । नारी अस्तित्व, नारी यौनचाहना, पञ्चायती कालका कुण्ठित युवास्वरहरू आदि विषयवस्तुको प्रयोग गरिएको **दुःखका दिनहरू** कथासङ्ग्रहभित्रका कथामध्ये **विस्मित इजलास** अस्तित्ववादी कथा हो भने **यी पनि लोग्ने स्वास्नी हुन** लेखक स्वयंमको आत्मकथा हो । त्यसैगरी **ब्रह्नदत्त** आयामेली, **कैलीको वैश** रतिरागात्मक **दुवैले देखेका थिए** नेपाली युवास्वरमाथि पञ्चायती दमनको चित्रण भएको कथा हो । समग्रमा कथावस्तु, पात्र, संवाद, भाषाशैली, उद्देश्य आदिका दृष्टिले केही कथाहरू रोचक र कुतूहलपूर्ण छन् भने केही कथाहरू असफल देखिन्छन् । केही कथामा शीर्षक चयन र कथावस्तु संयोजनमा केही कमजोरी देखिए पनि समग्रमा सामाजिक तथा राजनीतिक यथार्थ र नारी यौनचाहना तथा नारी अस्तित्व, बालमनोविज्ञान आदि प्रस्तुत गर्न भने यिनका कथा सफल छन् ।

४.३.५ घनश्याम ढकाल (२०१०-)

४.३.५.१ परिचय

स्याङ्जाका कथाकारहरूमा घनश्याम ढकालको योगदान महत्त्वपूर्ण र उल्लेख्य रहेको छ । वि.सं. २०१० माघ १५ गते स्याङ्जाको सतौंमा जन्मिएका साहित्यकार घनश्याम ढकाल हाल पोखरा सिमलचौरमा स्थायी बसोबास गर्दै आइरहेका छन् । तथ्याङ्कशास्त्रमा स्नातकोत्तर र कानुनमा स्नातकसम्मको अध्ययन पूरा गरेका ढकाल पृथ्वीनारायण क्याम्पस पोखरामा प्राध्यापन पेसामा समेत संलग्न थिए ।[३७] **मातृभूमिको गारेटोमा** (२०२६) निबन्धबाट साहित्य आरम्भ गरेका ढकालले नेपाली साहित्यको प्रगतिवादी धारमा रहेर निबन्ध, कविता, कथा, उपन्यास र समालोचना विधामा आफ्नो लेखन क्षेत्र विस्तार गरेका छन् ।[३८] प्रकाश शर्मा, सागर, अज्ञातशर्मा आदि उपनामबाट साहित्य सिर्जना गरे पनि यिनको साहित्यिक नाम भने घनश्याम ढकाल नै हो ।[३९] समाजमा व्याप्त निम्न वर्गमाथिको अन्याय, शोषण वा थिचोमिचोका विरुद्धमा कलम चलाएका साहित्यकार ढकालका साहित्यिक कृतिमा शोषित र पीडित वर्गको पक्ष र शोषक र सामन्ती वर्गप्रति विद्रोह व्यक्त गर्ने खालका वर्गीय चिन्तन पाइन्छ । समाजमा वर्गीय समानता कायम राख्न शोषक वर्गले शोषित वर्गमाथि गर्ने शोषणलाई निर्मूल गर्ने प्रमुख हतियारका रूपमा साहित्य सिर्जनालाई लिएका छन् ।

प्रस्तुत अध्ययनमा नेपाली साहित्यका बहुमुखी प्रतिभाशाली प्रगतिवादी साहित्यकार घनश्याम ढकालका निबन्ध, कविता, कथा, उपन्यास र समालोचनात्मक कृतिमध्ये कथाकृतिको ससर्ती अध्ययन गरिएको छ ।

४.३.५.२ कथाको विश्लेषण

नेपाली साहित्यका विविध विधामा कलम चलाए पनि कथाकारका रूपमा परिचित प्रगतिवादी कथाकार घनश्याम ढकालका वैचारिक पक्ष, कथाशिल्प र सामाजिक अध्ययनले पूर्ण विषयवस्तुको समावेश भएका ४ वटा कथासङ्ग्रह प्रकाशित भएका छन् । कमजोर आर्थिक अवस्थाका कारण भोग्नुपरेका विवशता र त्यसैमाथि ठूलावडा भनाउँदाहरूको अत्याचारका जाँतामा पिसिनु पर्ने निम्न वर्गका जनताको बाध्यतालाई सामाजिक रूपमा प्रस्तुत गरी त्यसको मुक्तिका लागि सङ्घर्ष नै प्रमुख रहने कुरा उल्लेख गरेको पाइन्छ । यस्तै विविध विषयवस्तुलाई समेटेर रचना गरेका कथा कृतिहरू यसप्रकार छन् :-

### अ. भरिया र यात्री

प्रकाशनका दृष्टिले **भरिया र यात्री** (२०४६) कथाकार घनश्याम ढकालको पहिलो कथासङ्ग्रह हो । यस सङ्ग्रहमा **देशद्रोही**, **चुनाव**, **सहरको अध्याँरो बस्तीभित्र**, **देशभित्र देश बाहिर**, **राष्ट्रियताको खोजीमा**, **श्री लाल नेता नारायण**, **भरिया र यात्री**, **जनसहभागिता**, **कुलीन घर** र

[३७] सुकुम शर्मा, 'परिचयका सन्दर्भमा साहित्यकार घनश्याम ढकाल', सगुन,( वर्ष ४, अङ्क १०, स्याङ्जा विशेषाङ्क), २०६३, पृ. २११ ।

[३८] ऐजन ।

[३९] ऐजन ।

**पट्टामा अनुवाद भएको जिन्दगी** गरी जम्मा ११ कथाहरू सङ्ग्रहीत छन् । यस कथासङ्ग्रहमा सामाजिक पक्ष नै मूल रूपमा आएको छ ।

क) कथावस्तु

पञ्चायतकालीन राजनीतिक विषयवस्तुदेखि लिएर नेपाली समाजमा विद्यमान रहेका अन्धविश्वास, राष्ट्रियता, शैक्षिकस्थिति, विकासकार्य, सामाजिक संस्कार, सामन्ती संस्कार, लाहुरेको स्थिति आदि यस सङ्ग्रहमा कथावस्तुका रूपमा आएका छन् । पञ्चायती शासनकालमा नेपाली समाजमा घटेका वास्तविक घटनाहरूलाई विद्रोहात्मक रूपमा प्रस्तुत गरिएका यी कथामा प्रगतिवादी विचार पाइन्छ ।

ख) चरित्रचित्रण

नेपाली ग्रामीण तथा सहरी परिवेश भित्रका सामाजिक तथा राजनीतिक विषयवस्तुले युक्त ढकालका कथामा राष्ट्रवादी र राष्ट्रघाती चरित्रदेखि लिएर नेता, निम्नवर्गीय र कुलीन चरित्र, मजदुर वर्गका चरित्र, लाहुरेको अवस्था चित्रण गर्ने चरित्र आदिको प्रयोग भएको पाइन्छ ।

ग) परिवेश

अन्धविश्वास, राष्ट्रियता, शैक्षिक स्थिति सामन्ती संस्कार आदि चित्रण गरिएका यस सङ्ग्रहभित्रका कथाको मूल समय पञ्चायती शासन काल हो । पञ्चायती शासन कालका नेपाली ग्रामीण तथा सहरी परिवेश र भारतीय सेनामा संलग्न नेपाली लाहुरे युवाको चित्रण गरिएको भारतीय परिवेश नै यी कथाको मुख्य परिवेश हो ।

घ) भाषाशैली

ठेट नेपाली शब्दहरूको बहुल प्रयोग भएका यी कथामा संस्कृतका तत्समदेखि अन्य भाषाका केही आगन्तुक शब्दहरूको प्रयोगले भाषिक संवादमा रोचकता थपेको पाइन्छ । प्राय कथाहरू स्वतन्त्रताको पक्षमा वकालत गर्ने खालका रहेकाले विद्रोहात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

**ङ) उद्देश्य**

नेपाली समाजमा विद्यमान अन्धविश्वासको अन्त्य, वर्गीय शोषणको विरोध, राजनीतिक सुधारको चाहना, राष्ट्रियताको उजागर, सामन्ती संस्कारको अन्त्य, नेपाली लाहुरे युवाहरूको दयनीय अवस्था आदिको चित्रण गर्नु नै यी कथाको प्रमुख उद्देश्य हो ।

## आ. सहिद मानचित्रमा नपरेको सहिद

कथाकार घनश्याम ढकालका प्रकाशित कथासङ्ग्रहमध्ये **सहिद मानचित्रमा नपरेको सहिद** (२०४८) दोस्रो कथासङ्ग्रह हो । यस सङ्ग्रहमा **जन आन्दोलनको पूर्व सन्ध्यामा** (२०४७ः पसिना),

**एकादेशको प्रजातन्त्र**, **चङ्खमान**, **सहिद मानचित्रमा नपरेको सहिद**, **मुक्तिदाता**, **बाघ र वामपन्थी** र **प्रतिगामी** गरी जम्मा ७ वटा कथाहरू सङ्गृहीत छन् ।

**क) कथावस्तु**

मूलतः राजनीतिक विषयवस्तुलाई कथावस्तुका रूपमा प्रयोग गरिएका कथाकार ढकालका कथामा सामाजिक क्षेत्रमा मौलाएका सामन्ती प्रवृत्ति, चेलिबेटी बेचविखनको दयनीय स्थितिलाई देखाइएको छ । नेपाली राजनीतिमा जनआन्दोलन अगाडिका भ्रष्टहरू आन्दोलनपछि प्रजातान्त्रिक परिपाटीमा समावेश भएका अवस्था पनि कथामा उल्लेख पाइन्छ । प्रजातन्त्रका नाममा मौलाएको अवसरवादी प्रवृत्ति र सहीदप्रति गरिएको अपमानलाई पनि कथावस्तुका रूपमा यी कथामा प्रस्तुत गरिएको छ ।

**ख) चरित्रचित्रण**

कथाकार घनश्याम ढकालका कथासङ्ग्रहमध्ये यो पनि प्रगतिवादी विचार धारामा लेखिएको कथाहरूको सँगालो हो । त्यसैले यस सङ्ग्रहभित्रका कथामा वर्गीय पात्रहरूको प्रयोग भएको छ । राजनीतिमा संलग्न भ्रष्ट र अवसरवादी चरित्रदेखि राष्ट्र निर्माणमा सहिद हुनसम्म पनि पछि नपर्ने राष्ट्रवादी पात्रहरू पनि कथामा प्रयोग भएका छन् । सामन्ती प्रवृत्तिका शोषक वर्ग र सोझा सिधा आचरणका कारण बेचिन विवश नेपाली ग्रामीण अशिक्षित नारी पात्रहरूसमेत ढकालका यस सङ्ग्रहका कथामा उनिएका छन् ।

**ग) परिवेश**

यस सङ्ग्रह भित्रका प्रायः कथाहरू २०४६ सालको जनआन्दोलनको पूर्व सन्ध्यादेखि लिएर आन्दोलन र आन्दोलनपछिको २ वर्षसम्मको नेपाली राजनीतिक र सामाजिक परिवेशमा केन्द्रित छन् । यही ३/४ वर्षको समयावधिभित्र नेपालका ग्रामीण तथा सहरी परिवेशमा देखिएका सामन्ती संस्कारभित्रका अन्याय र अत्याचारयुक्त विकृति र विसङ्गतिलाई कथाकारले यी कथाहरूमा प्रयोग गरेका छन् । नेपाल बाहिर भारतीय वेश्यालयमा बेचिएका नेपाली चेलीहरूको अवस्था चित्रण गर्न केही कथामा भारतीय परिवेशसमेत यी कथामा आएका छन् ।

**घ) भाषाशैली**

नेपाली ग्रामीण तथा सहरी परिवेशमा देखिएका अन्याय र अत्याचारयुक्त विकृति र विसङ्गतिलाई देखाउन यी कथामा नेपाली गाउँले जीवनशैलीको भाषा प्रयोग भएको पाइन्छ । मानवीय मर्म, आक्रोश, अत्याचार आदि व्यक्त गर्ने सहज र खरो भाषाको प्रयोगसमेत भएको पाइन्छ । प्रायः रैखिक ढाँचामा लेखिएका यी कथाहरूमा बीचबीचमा आक्रोशयुक्त शैली पाइए पनि वर्णनात्मक ढाँचा नै प्रवल रहेको छ । तृतीय पुरुष कथन पद्धति, संस्मरणात्मक, डायरी र पूर्वदीप्ति शैली र पर्वती भाषिकामा पनि स्थानीय भाषाको प्रयोगले ढकालका यी कथामा संवादात्मक रोचकता पाइन्छ ।

### ङ)  उद्देश्य

सामन्ती संस्कारको विरोध, अवसरवादीहरू माथि कारवाही, राजनीतिक विकृति र विसङ्गतिप्रति विरोध, प्रजातन्त्रको दुरूपयोग, प्रजातन्त्रप्राप्तिका निम्ति आफ्नो भौतिक शरीरअर्पण गर्ने महान सहिहदहरू प्रतिको अपमान, नेपाली चेलिवेटी बेचविखनको दयनीय अवस्थाको विद्रोहात्मक चित्रण नै कथाकार ढकालका यी कथासङ्ग्रहभित्रका कथाको प्रमुख उद्देश्य हो ।

## इ. समर्पणको बाटोमा

लामा छोटा १७ वटा कथाहरूको सँगालो **समर्पणको बाटोमा** (२०५१) ढकालको तेस्रो कथासङ्ग्रह हो । **बौलाहा बाँसुरी बाधक**, **जीवन यात्रा**, **निर्वासित भविष्य**, **सुललित लेखक**, **रेलको इन्जिन**, **अनावरण**, **उपचार**, **पागल करोडपति** (गण्डकी संगम : २०५०), **मृगतृष्णा**, **तयारी**, **अन्धकार**, **विजयोत्सव**, **समर्पणको बाटोमा**, **चक्रवर्ती अदालतको फैसला विरुद्ध**, **कायरता**, **पर्यटन नगरमा आखिरी दिन** र **खेल र खेलाडी** यस सङ्ग्रहमा सङ्ग्रहीत कथाहरू हुन् ।

### क)  कथावस्तु

ऋणका नाममा चर्को व्याज लिएर जवर्जस्ती गरिबका घरजग्गा पास गर्ने, विधवा विवाहलाई मान्यता नहुँदा नहुँदै पनि पात्रमा विधवा विवाह गराएर प्रगतिवादको अनुसरण गर्ने, गरिबका बच्चा पढ्ने चाहना भएर पनि मुग्लान पस्नुपर्ने, वर्गीय असमानता र शोषणको अन्त गर्न समाजका विभिन्न जातजाति, वर्ग आदिलाई रेलका पाटपुर्जा जोडेजस्तै एकताको सूत्रमा बाँधेर सङ्घर्ष गर्नुपर्ने, जातपात, छुवाछुत आदिको विरोध, शिक्षाको अभाव, अस्पतालको दयनीय अवस्था, विरामीप्रति डाक्टरको लापरवाही, दाइजो प्रथाको विरोध, वैदेशिक रोजगारको नाममा दलालबाट फसिएका गरिबहरूको अवस्था, समर्पणमा लाग्नेहरूको असहयोगी व्यवहार, पुँजी साम्राज्यले अदालत कब्जा गरेको अवस्था, जग्गा दर्ता गराइदिने नाममा चुनावमा सुकुम्बासीलाई प्रयोग गरेको अवस्था, विजयपश्चात् कायरहरू नै अगुवा हुने स्थिति, गरिबहरू पलायन हुनुपर्ने बाध्यता आदि यस सङ्ग्रहमा कथावस्तुका रूपमा आएका छन् ।

### ख)  चरित्रचित्रण

प्रत्येक कथामा वर्गीय र जातीय समस्यायुक्त विषयवस्तुको प्रयोग गर्ने कथाकारले प्रायः प्रत्येक कथामा नै अन्याय, अत्याचार, शोषण, दमनका बारेमा सानो ठूलो स्वर निकालेकै छन् । यस सङ्ग्रहभित्रका कथामा बौलाहा भएर पनि विरोध गरिरहने बौलाहा बाँसुरी बादकजस्तै थुप्रै पात्र वा चरित्रहरू वर्गीय हिसाबले मजदुरी गरेर वा आफ्नो श्रम वेचेर खाने खालका छन् भने कतिपय तिनै श्रमिक मजदुरहरूको रगतपसिना चुसेर खाने शोषक, सामन्ती साहु महाजनहरू पनि छन् । जातीय आधारमा तल्लो जातका निमुखाहरूदेखि आफूहरूलाई माथिल्लो जात भनेर तल्लो जातमाथि रोवरवाफ देखाउनेहरू पनि छन् । त्यस्तै सुकुम्वासी शासकवर्ग, शासित वर्ग सबै

खालका पात्रको प्रयोग पाइन्छ । विधवा र नारीपात्रहरू पनि कथामा विभिन्न भूमिकामा आएका छन् ।

**ग) संवाद**

कथामा पात्र अनुसारका भाषिक संवाद पाइन्छ । शासक वर्गले शासित माथि कडा भाषाको प्रयोग र शासकसँग शासितले नम्र भाषिक संवाद गरेका पाइन्छ । पात्रपात्रका बीचमा कतै विद्रोह गरिएको संवाद पाइन्छ भने कतै मनोवादमा विद्रोहको संवाद पाइन्छ । जस्तैः "चामल, भैंसीलाई ढुटो, तेल, एउटा मात्र सारी त्यै पनि चिरित्त च्यातियो भने ........" (तयारी) । यस संवादमा अभावहरू मनोवादका रूपमा ओकलिएका छन् ।

**घ) परिवेश**

प्रस्तुत कथासङ्ग्रहभित्रका कथामा नेपाली भूगोलमा घटेका सामाजिक, सांस्कृतिक र राजनीतिक विकृति र विसङ्गतिलाई समावेश गरिएको छ । खास गरेर प्रजातन्त्रको पुनर्वहालीदेखि पहिलो जननिर्वाचन र त्यसको केही वर्षयताका समयमा घटेका मुख्य कुरालाई लिइएको हुनाले **समर्पणको बाटोमा** कथासङ्ग्रहको मुख्य कार्य पीठिका नेपालभित्र कै भूगोल हो भने गौण रूपमा भारतका विभिन्न स्थान र अन्य (कोरिया) ठाउँहरू पनि छन् । प्रजातन्त्र प्राप्तिपछिको केही समय नै प्रस्तुत कथाहरूको समयावधि हो ।

**ङ) भाषाशैली**

कथाकारले जातिगत र वर्गगत आधारमा पात्रको चयन गरेका छन् भने तिनै वर्गीय वा जातीय स्तर अनुसारको नेपाली ठेट र झर्रा शब्दहरूको प्रयोग गरेका छन् । कतैकतै प्रयोग गरिएका उखान र टुक्काले पनि कथालाई मार्मिकता प्रदान गरेका छन् । विरोधात्मक भाषा, संवादात्मक, संस्मरणात्मक, वर्णनात्मक र पत्रात्मक शैलीको पनि प्रयोग गरिएको छ । कतैकतै क्लिष्ट भाषा, एकलापीय शैली र अङ्ग्रेजी भाषा आदिको उचित प्रयोग हुँदाहुँदै पनि सर्वसाधारणका निम्ति कुनैकुनै कथा भाषिक दृष्टिले अप्ठ्यारा जस्ता लाग्न सक्छन् । भाषिक प्रयोगमा, बीचबीचमा कसम (किरिया) खाने प्रवृत्ति र गीतको प्रयोगले कथा सहज र रोचक रहेको पाइन्छ ।

**च) उद्देश्य**

समग्रमा प्रगतिवादी कथाकार घनश्याम ढकालको प्रस्तुत कथासङ्ग्रहमा देशमा विद्यमान सामाजिक, सांस्कृतिक, राजनैतिक र आर्थिक क्षेत्रमा देखिएका विकृति विसङ्गतिप्रति सबैलाई सचेत गराएर अन्याय, अत्याचार, शोषण, जातपात, छुवाछुत आदिका विरुद्धमा लाग्न प्रेरित गर्नु नै प्रमुख उद्देश्य हो ।

**ई. आजको महाभारत**

कथाकार घनश्याम ढकालको **आजको महाभारत** (२०५५) चौथो कथासङ्ग्रह हो । यस सङ्ग्रहमा **ठेला**, **कामरेड**, **मुखिया**, **ठेक**, **दशैंको खुशीयाली**, **एक नम्बर**, **आजको महाभारत**, **ब्रहन सत्य जगत मिथ्या**, **एउटा विद्रोह**, **आतङ्कवादी**, **वीरेन हाम्रो पारिवारिक सदस्य बनिसकेछ**, **छापामारको खोजी**, **ध्रुवमानको अन्त्य**, **बिग्रेको छोरो**, **जीवनमूल्यको खोजी गर्दै** र **मनभित्र फुलेको लालीगुराँस** गरी जम्मा १५ वटा कथाहरू सङ्गृहीत छन् ।

क) कथावस्तु

प्रस्तुत सङ्ग्रहमा देशमा प्रजातन्त्रको आगमन पछि शासनमा कुनै परिवर्तन नदेखिए पछि वि.सं. २०५२ बाट सुरुवात भएको माओवादी जनयुद्धको परिवेशलाई केन्द्र बनाइएको छ । वर्गीय शोषण, क्रान्तितर्फ उन्मुख, डाक्टरी पहुँच नपुगेका गरिबको अवस्था, जग्गा ठेकमा गर्ने गरिब माथिको शोषण, गरिवका दसैं, गरिवको उन्नति देख्न नसक्ने सामन्ती चरित्र, अन्यायका विरुद्ध बोल्न नपाइने अवस्था, जातपात र छुवाछुतको अन्त, वर्गीय मुक्ति, पुलिस प्रशासनको दवदबा, निर्दोष व्यक्तिमाथिको गिरफ्तारी, अन्यायको लुकेर विरोध गर्नुपर्ने अवस्था आदि मुख्य रूपमा कथाका विषयवस्तुका रूपमा आएका छन् ।

ख) चरित्रचित्रण

यस सङ्ग्रहभित्रका कथामा पनि श्रमिक, मजदुर, किसान आदि निम्नवर्गका पात्रदेखि पुलिसप्रशासन, नेता, मुखिया रहेका छन् । जातीय आधारमा पनि तल्लो जात भनिने निम्नस्तरका पात्र छन् भने माथिल्लो जातका उच्चस्तरका पात्रहरू पनि छन् । विधवा पात्रको पनि प्रयोग गरिएको छ । यस सङ्ग्रहभित्रका कथामा भ्रष्ट, मुखिया तथा नेताहरूले पुलिस प्रशासनको आड लिएर ग्रामीण समाजमा रहेका वर्गीय र जातीय हिसाबले निम्नस्तरका व्यक्ति माथि अनावश्यक रूपमा देशद्रोही, राजद्रोही र आतङ्कारीको विल्ला भिराएर उनीहरूलाई अनेक षड्यन्त्र गरी दुःख दिएको कुरा उल्लेख पाइन्छ । तिनै षड्यन्त्रकारी क्रियाकलाप र जातपात तथा छुवा छुतका विरुद्ध आवाज उठाउन त्यस्तै खालका पात्रहरूको समायोजन कथामा गरिएको छ ।

ग) परिवेश

वि.सं. २०५२ को माओवादी जनयुद्धको थालनीदेखि लिएर कथासङ्ग्रह प्रकाशन गर्दाको समयसम्म नेपाली ग्रामीण समाजका हरिकङ्गालवस्ती, ग्रामीण परिवेश, सहरी परिवेश, जङ्गलमा हुने माओवादी र पुलिसप्रशासन बीचको युद्धस्थल आदि नै प्रस्तुत सङ्ग्रहभित्रका कथाको देशकाल वातावरण हो ।

घ) भाषाशैली

प्रायः ग्रामीण समाजको चित्रण भएकाले सामान्य ठेट नेपाली शब्दको प्रयोग, संवादात्मक र संस्मरणात्मक भाषाशैली, मनोवाद वा संवादको प्रयोग कथामा पाइन्छ । कवितात्मक संरचना पाइने यस सङ्ग्रहभित्रका कथाहरूमध्ये नेपाली ग्रामीण समाजमा जरो गाडेको जातपात

छुवाछुतलाई देखाउने संवाद **एउटा विद्रोह** कथामा पाइन्छ । जस्तैः- **पानीसम्म चल्ने जातकी भए पनि बरु केही थिएन, अन्त कतै नपाएर जेठा कामीकी छोरी ..........**" ।

ङ) उद्देश्य

गरिव माथि रासन पसलेहरूको शोषण क्रान्तिकारी भनाउँदाहरूको दमन, गाउँका भ्रष्ट मुखिया नेता आदिको अत्याचारी प्रवृत्ति, शान्तिका लागि बन्दुक, जातपात र छुवाछुतका विरुद्ध जंगल पस्नु पर्ने बाध्यताको उल्लेख नै प्रस्तुत सङ्ग्रहको उद्देश्य हो ।

४.३.५.३ फुटकर कथाहरू

सङ्ग्रहका रूपमा बाहेक ढकालका **छोरासँगको भेट** (२०५६: कलम), **विकास भित्रको गोली** (२०५८ मुक्तिमोर्चा), **अछापे** (२०५९: प्रजा-पराग), **माटोको खोजी गर्दा** (२०५९: वेदना), **श्रीमतीलाई चिठी** (२०६०: रजस्थल), **भोट हाल्ने धोको** (२०६० : वेदना), **सुरक्षा** (२०६० : वेदना), **औषधोपचार** (२०६० : वेदना), **पछुतो** आदि ढकालका कथा तथा लघुकथाहरू प्रकाशित छन् ।

सुरुदेखि नै अन्याय र अत्याचारप्रति विद्रोहका भाव ओकलिएका ढकालका कथामा वर्गीय समानताको आह्वान गरिएको पाइन्छ । सामाजिक क्षेत्रका जातपात, छुवाछुत, चेलीवेटी बेचविखन, सामन्तीसंस्कारदेखि राजनीतिमा देखिएको अवसरवादी प्रवृत्ति हुँदै ढकालका कथा माओवादी जनयुद्धको छापामार शैलीलाई समेत आत्मसात गर्न पुगेका छन् ।

कुरूप संसारको समूल ध्वंश र श्रमयुक्त सुन्दर संसारको निर्माण गर्ने प्रमुख उद्देश्य र नरम हुनाको अर्थ आफै माथि दमन निम्त्याउनु हो भन्ने मान्यता अनुरूप प्रगतिवादका नाममा प्रयोग गरिएको कठोर भाषा जो कोही नरम मिजासका पाठक वर्गप्रति ढकालका कथा अपाच्य हुन सक्छन् तरे पनि सिङ्गो नेपाली सामाजिक तथा राजनीतिक क्षेत्रमा देखिएका यथार्थ विसङ्गतिप्रति औंलो ठड्याउँदै सुधारका निम्ति विद्रोहको स्वर उराल्नु कथाकार ढकालको महत्त्वपूर्ण योगदान मानिन्छ ।

४.३.५.४ निष्कर्ष

समग्रमा हेर्दा कथाकार घनश्याम ढकालका कथा नेपाली सामाजिक र राजनीतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिप्रति लक्षित छन् । पहिलो कथासङ्ग्रह **भरिया र यात्री**मा ढकालले जनआन्दोलन अगाडि पञ्चायती शासन कालमा विद्यमान अन्धविश्वास, सामन्ती संस्कार, नेपाली लाहुरेहरूको अवस्था, राष्ट्रियता, शैक्षिक स्थिति, विकासकार्य, सामाजिक संस्कार आदिको चित्रण गरेका छन् भने **सहिद मानचित्रमा नपरेको सहिद** सङ्ग्रहभित्रका कथामा २०४६ को आन्दोलन

अघि र पछिका केही समयमा देखिएका विकृति र विसङ्गतिहरू जस्तै सामन्ती प्रवृत्ति, प्रजातन्त्रको नाममा मौलाएको अवसरवाद, सहिदहरूप्रतिको अपमान, चेलिबेटी बेचविखनको दयनीय अवस्था आदिको चित्रण गरिएको छ । तेस्रो कथासङ्ग्रह **समर्पणको बाटोमा** भित्रका कथामा पनि धनी र गरिवका बीचको वर्गीय असमानता, दाइजोवृत्ति, डाक्टरी वृत्ति, धनवादको विरोध, निर्दोष व्यक्ति पागल बन्ने अवस्था, चुनावी प्रवृत्ति, धनका पक्षमा न्याय गर्ने अवस्था आदिप्रति विद्रोह गरेको पाइन्छ । मजदुर जीवनको चित्रण, सामन्ती प्रवृत्ति, अन्यायको प्रतिरोध, चाडपर्वले पार्ने मर्म, व्यक्तिवादी पागलपन, छुवाछुतको विरोध, शोषकप्रतिको भौतिक कारवाही, भूमिगत छापामार शैली आदिको प्रस्तुत गरिएको ढकालको चौथो कथासङ्ग्रह **आजको महाभारत**मा २०५२ सालभन्दा अगाडिको राजनीतिक परिवेशले निम्त्याएको माओवादी जनयुद्धको चित्रण गरिएको छ ।

४.३.६ देवेन्द्र लम्साल (२०११-)

४.३.६.१ परिचय

देवेन्द्र लम्सालको जन्म २०११ भाद्र १६ गते चिन्नेवास २ ज्यागदी स्याङ्जामा भएको हो ।[४०] उनी एम.ए., वी.एड. सम्मको शिक्षा पूरा गरी हाल शिक्षक पेसामा संलग्न छन् । भौगोलिक विकटता र सञ्चारको अभावमा पनि कविता विधाबाट साहित्यमा प्रवेश गरेका लम्सालले कविताका फुटकर रूपदेखि खण्डकाव्य, स्मृतिकाव्य, सामाजिक काव्य, कवितासङ्ग्रह, कथासङ्ग्रह आदिमा कलम चलाएका छन् । मधुमालती र दीपज्योति जस्ता साहित्यिक मासिक पत्रिकाको सम्पादनदेखि नाटक, निबन्ध र प्रकाशोन्मुख महाकाव्यमा समेत संलग्न रहेको उल्लेख पाइन्छ ।

नेपाली साहित्यका विविध विधामा सिद्धहस्त लम्सालका साहित्यिक कृतिमा प्रायः ग्रामीण सामाजिक परिवेशमा घट्ने यथार्थ विषयवस्तुलाई जनआवाजका साथ चिरफार गर्दै प्रस्तुत गरिएकाले उनी प्रगतिवादी साहित्यकारका रूपमा चिनिन्छन् । प्रगतिवादी साहित्यकार लम्सालका विविध साहित्यिक विधामध्ये कथा विधामा उनको योगदानलाई यहाँ अध्ययन गर्ने जमर्को गरिएको छ ।

४.३.६.२ कथाको विश्लेषण

ग्रामीण परिवेशमा बसेर ग्रामीण सामाजिक यथार्थ घटनालाई मूल विषयवस्तु बनाएर कथा लेख्न प्रखर व्यक्तित्व देवेन्द्र लम्सालका कथामा बालमनोविज्ञान, नारीहरूको मनोदशा, नारी यौन शोषण, गाउँका टाठाबाठाहरूको प्रवृत्ति, यौन दूराचार जस्ता गाउँले जनजीवनका विकृति र विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गर्दै सभ्य र सुसंस्कृत समाजको स्थापना गर्ने प्रवृत्ति पाइन्छ । उनका यस्तै यस्तै विषयवस्तु र उद्देश्य भएका १६ वटा मझौला खालका कथाहरूको सङ्ग्रह **अभिशप्त प्रेम** (२०५५) प्रकाशित भएको छ ।

क) कथावस्तु

[४०] राजेन्द्र डुम्रे, 'कथाकार देवेन्द्र लम्साल र उनको लेखन-धर्मिता, **सगुन**, वर्ष ४, पूर्णाङ्क १०, २०६३, पृ. ३३८ ।

**अभिशप्त प्रेम** भित्रका कथामा कारखानाका भ्रष्ट कर्मचारीका कारण कसरी मजदुरहरू कामबाट निकालिन्छन् र त्यसको प्रभाव स्वरूप गरिवको अवस्था कति दयनीय बन्न पुग्दछ भन्ने कुरा **चञ्चला** कथामा पाइन्छ । गरिबीकै कारण मायाप्रिती सार्थक बनाउन नेपाल छाडेर छिमेकी मुलुकमा जानुपर्ने बाध्यता, छिमेकी मुलुकमा वेरोजगारको समस्या, गुण्डागर्दी, नारी यौन शोषण, सुरक्षाका निम्ति रोइनीयाया गोल्थेलाई छाडी लाहुरेसँग जाँदा उसका मनमा उब्जेका अनेक तर्कविर्तक **अभिशप्त प्रेम** कथाभित्रको दयनीय प्रेम हो । छिमेकी मुलुकको कोइलाखानीमा काम गर्न गएकी आलेको पीरमा उसकी नवविवाहित दुलहीको मृत्युले उसमा पारेको असामान्य मनोवृत्ति **मेरो गाउँको आले** कथामा व्यक्त गरिएको छ । छिमेकी मुलुकमा होटल मालिकको शोषण, उमेर छँदासम्म बाँधा बनाएर काम गराउने र अशक्त भएपछि घर निकाला गर्ने साहुहरूको प्रवृत्ति र विरोध **बूढो ठागू** कथामा पाइन्छ । अभावै अभावमा गरिवहरूले दशैं मनाउनुपर्ने अवस्था र धनी व्यापारी तथा साहु महाजन भनाउँदाहरूले भरिया र तल्लो स्तरका माथि गरेको शोषण **दशैंका अनुहारहरू** कथामा पाइन्छ । गरिबीका कारण विभिन्न प्रसङ्गमा चर्को व्याजको ऋणले घरवार छाडेर हिड्नु पर्ने अवस्था साहुकै प्रस्ताव अनुसार अधिया गर्नुपर्ने गरिवहरूको अवस्था **बोकेको दाह्री** कथामा पाइन्छ । प्रतिभाशाली व्यक्तिले भन्दा पहुँचवाला व्यक्तिले शैक्षिक अवसर प्राप्त गर्ने शिक्षा क्षेत्रको विकृति र विसङ्गति **सगरमाथा** कथाको विषयवस्तु हो । रोवरवाफ देखाउने गाउँले मुखिया आफ्नो कुकर्मका कारण दुई-दुईवटी श्रीमती विहे गरेर पनि मर्ने बेलामा एकमुठी पानी खुवाउने आफ्नो सन्तान नपाएको कुरा **एकमुठी पानी** कथामा उल्लेख छ । यस्तै गरी कष्टकर अपुताली जीवन, किसानहरूको पसिनाको मोलमाथि अदुवा व्यापारीको शोषण, अपाङ्ग नारीका यौनेच्छा पूर्तिको अभाव, जवानी जोशमा इज्जत लुटिएपछि त्यसको परिणामलाई लुकाउन गरेका अनेक प्रयास र पश्चाताप, गाउँबाट सहर पसेपछि एकाएक प्याउलीमा आएको व्यवहारिक परिवर्तनले प्रतापबहादुरको घरपरिवार बिग्रेको अवस्था, नारीहरूले विनाबाबुको सन्तानलाई पाटी पौवा र सत्तलमा जन्म दिएर अन्योलमा छाड्ने र पछि पछुताउने अवस्था आदि **अभिशप्त प्रेम** कथा सङ्ग्रह भित्रका कथाका विषयवस्तु हुन् ।

ख) चरित्रचित्रण

कारखानाका कर्मचारी, होलटमालिक, साहुमहाजन, मुखियाजस्ता उच्च वर्गदेखि मजदुर, किसान, दलित जस्ता निम्न वर्गीय पात्रहरूको प्रयोग कथामा गरिएको छ । अपाङ्ग नारी यौनमनोदशा व्यक्त गर्ने मनिसरा पात्र, अपुताली र असाह्य साभ्रेबुढीजस्ता नारी पात्र, फूलमाया, बौलाही, अपरिचित आइमाइ, लाहुरेकी स्वास्नीजस्ता यौनशोषित नारी पात्रहरू पनि कथामा प्रयोग भएका छन् । काले, सेते, रामे, शिवप्रसाद जस्ता बालपात्रले कथामा उच्च र निम्न वर्गका बीचमा भएको विभेद देखाएका छन् ।

ग) परिवेश

स्याङ्जा, पाल्पा जिल्लाका ग्रामीण तथा स्थानीय सहरी परिवेशदेखि नेपालका नदीनाला, खेतबारी, लेकबेसीलगायत काठमाडौंका नयाँ सडक, काँकडभित्ता, दार्जिलिङ्ग, नेपाल बाहिरका गोरखपुर, कानपुर, श्रीनगर आदि परिवेशमा प्रजातन्त्र प्राप्तिअघिको एकतन्त्र र प्रजातन्त्र

प्राप्तिपछिको मनपरीतन्त्रको समयमा घटेका यथार्थ घटनालाई **अभिशप्त प्रेम** कथाको प्रमुख उद्देश्य मानिन्छ ।

घ) भाषाशैली

सहज एवं सरल ठेट नेपाली भाषामा लेखिएका कथाहरूमा कतैकतै स्थानीय भाषाको प्रभाव एवं स्वरूप पाइए पनि पाठकहरूमा भाषिक जटिलता भने महसुस हुँदैन । सहज संवादले कथाभित्र यथार्थप्रति विद्रोह गर्दै प्रगतिवादी स्वर उरालेको पाइन्छ । केही कथाहरूमा आदि, मध्य र अन्तको शृङ्खला मिलेको पाइन्छ भने केही वृत्ताकारीय शैलीमा अगाडि बढेका छन् ।

ङ) उद्देश्य

नेपाली ग्रामीण समाजका युवायुवतीबीचमा रहेको प्रेमप्रणय जगत्लाई उजागर गर्दै समाजमा उच्च वर्गकाले निम्नवर्गमाथि गरेको अन्याय र अत्याचारलाई देखाउनु यस कथासङ्ग्रहभित्रका कथाको प्रमुख उद्देश्य हो । मजदुर वर्गमाथि मालिक वर्गको शोषण, भारतीयभूमिमा नेपाली महिलाहरूको बलात्कार, गरिबीका कारण चाडपर्वहरू खिन्न भएका अवस्था र औषधोपचारको अभावमा मृत्युवरण गर्न पुगेका नेपालीहरूको पीडाको अवस्था उल्लेख नै यी कथाको लक्ष्य हो ।

४.३.६.३ निष्कर्ष

भ्रष्टाचारदेखि बलात्कारसम्मका निकृष्टताहरू र वर्गीय शोषण र दोहनका विरुद्ध प्रगतिवादी स्वर पाइने कथाकार देवेन्द्र लम्सालको **अभिशप्त प्रेम**भित्रका कथामा सामाजिकता, मनोवैज्ञानिकता, विसङ्गति आदिको विद्रोह र आशावादी स्वर पनि पाइन्छ । कथाभित्रका घटना, विषयवस्तु, पात्र, संवाद, भाषाशैली र उद्देश्यमा सहजता पाइए पनि कथावस्तुअनुसारको प्रभावकारी शीर्षक चयनमा भने कथाकार त्यति सफल भए जस्तो लाग्दैन । लम्सालका कथाहरू पढ्दा नेपाली ग्रामीण परिवेशदेखि कलकारखानासम्म र भारतका विभिन्न क्षेत्रमा नेपालीहरूले भोग्नु परेका यथार्थ घटनाहरूलाई सहज पात्रका माध्यमबाट प्रस्तुत गरेको पाइएकाले लम्साल यस क्षेत्रका सफल कथाकारका रूपमा चिनिन्छन् ।

४.३.७ शारदा शर्मा (२०१५-)

४.३.७.१ परिचय

कथाकार शारदा शर्मा स्याङ्जा जिल्लामा जन्मेर कथा लेख्ने सशक्त नारी साहित्यकारका रूपमा परिचित छिन् । वि.सं. २०१५ सालमा स्याङ्जाको चिलाउनेवासमा जन्मिएकी शारदा शर्मा कविता विधाबाट साहित्यमा प्रवेश गरेकी हुन् । उनका **सीमान्त अनुभूति** (२०४४), **युद्धोपरान्त** (२०४९), **स्वर्णसूत्र** (२०५३), **अरून्धती** (२०५३) आदि कवितासङ्ग्रह र **उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका नारी पात्र** (२०५३) लेख र **आस्थाको भग्नावशेष** (२०४८),

कथासङ्ग्रह प्रकाशित भएका छन् । यिनी सामाजिक यथार्थमा आधुनिक कथा लेख्ने नारी कथाकार हुन् ।

४.३.७.२ कथाको विश्लेषण

साहित्यका कविता, कथा तथा लेख विधामा संलग्न शर्माको एउटा मात्रै कथासङ्ग्रह **आस्थाको भग्नावशेष** (२०४८) प्रकाशित छ । **भाष्कर**, **पक्षाघात**, **अज्ञात यात्रा**, **नागपास**, **आस्थाको भाग्नावशेष**, **भाग्य विधाता**, **नियतिको बाटो**, **धुवाँ**, **फूल झरिरहेछन्**, **सुकेका पात** र **झ्यालखान** गरी जम्मा ११ वटा कथाहरू यस कथासङ्ग्रहमा सङ्गृहीत छन् । यहाँ कथातत्त्वको आधारमा यिनै कथाहरूको विश्लेषण गरिएको छ ।

क) कथावस्तु

प्रायः सामाजिक र राजनीतिक विषयवस्तुलाई कथामा प्रस्तुत गर्ने शर्माका कथामा पञ्चायती क्रूरताका विरुद्ध नेपाली शिक्षित युवाहरूले गरेको विरोधका बदलामा उनीहरूलाई बेपत्ता पार्ने र मार्ने जस्ता कुरा **भाष्कर** कथामा प्रस्तुत गरिएको छ । भोग्य साधनका रूपमा नारीलाई पुरुषहरूले प्रयोग गर्ने अवस्था र पुरुषका पनि आमा र पत्नीतर्फको उत्तरदायित्वको बाध्यता **पक्षाघात** कथामा प्रस्तुत गरिएको छ । विदेश पढ्न गएका नेपाली विद्यार्थीहरूको असुरक्षित यौन सम्पर्कका कारण प्राणघातक रोग एड्सबाट ग्रसित युवाको मानसिकताको चित्रण, विदेशमा पनि गरिबीका कारण नारीहरू देह व्यापारमा संलग्न हुनुपर्ने अवस्था आदिको चित्रण **अज्ञात यात्रा** कथामा पाइन्छ । विवाहिता नारीले आफ्ना लोग्ने भन्दा परपुरुषबाट प्राप्त गरेको प्रेम र नारीको मातृत्वको चित्रण **नागपाश** कथामा पाइन्छ । सडक दुर्घटनामा परेर छोरो मरेपछि विक्षिप्त बनेका बाबु, आमा, पत्नी, छोरा आदि सबैको आस्थाको एउटै केन्द्र समाप्त भएको दुःखद् अवस्थाको यथार्थ चित्रण **आस्थाको भग्नावशेष** कथामा पाइन्छ । ज्योतिषीबाट ठूलो मान्छे बन्ने भविष्यवाणी गरिएको व्यक्ति काठमाडौंमा टाइपिस्ट पेसामै सीमित भएर अभावै अभावमा बाँच्नु परेको अवस्था, काठमाडौंमा मुख्यमुख्य चोकमा वेश्यावृत्तिमा संलग्न महिला, जादुवालाहरूको छलकपट आदिको चित्रण **भाग्य विधाता** कथामा गरिएको छ । नियतिले ल्याएको दुःखद् प्रेमकथामा आधारित प्रेमप्रसङ्ग **नियतिको बाटो** कथामा देखाइएको छ । लागुऔषधको परिणाम, चुरोट सेवनबाट हुने हानि आदि देखाएर स्वास्थ्यबर्धक शिक्षा **धुँवा** कथामा देखाइएको छ । अस्तित्ववादी र निरर्थक जीवन चित्रण **फूल झरिरहेछन्** कथामा पाइन्छ । **सुकेका पात** कथामा लोग्नेको अभावमा तड्पिएकी महिलाको चित्रण गरिएको छ भने यौवनको रस छँदा दरबार छिरेकी र राजा साहेबको मृत्युपछि दरबारबाट निस्केकी नारीको चित्रण **झ्यालखान** कथामा गरिएको छ ।

समग्रमा हेर्दा शर्माका यी कथामा सामाजिक यथार्थको चित्रण गर्दै नारीले समाजमा भोग्नु परेका विभिन्न अवस्थाको चित्रण गरिएको छ ।

ख) चरित्रचित्रण

सामाजिक यथार्थ विषयवस्तुले युक्त शर्माका कथामा पञ्चायती शासनकालका क्रूर शासक वर्गबाट पीडित बौद्धिक वर्गका पात्रदेखि नारी पात्र, बालपात्र, बृद्ध पात्र, पुरुषहरूबाट

पीडित नारी भोग्यपात्र, कुलतमा फसेका पात्र, एड्सबाट ग्रसित मानसिक तनावले युक्त पात्र, नर्स, डाक्टर, विवाहिता र आमासमेत बनिसकेकी नारीमाथि चोखो माया गर्ने पुरुष पात्र, छोरो, पति र बाबुको मृत्युबाट विक्षिप्त बनेका पात्र, ज्योतिषी, जादुवाला, वेस्यावृत्तिमा संलग्न महिला, जीवनलाई निरर्थक मान्ने र अस्तित्ववादी पात्र, सुसारेका रूपमा दरवार पस्ने र निस्कने नारी पात्र आदिको चित्रण गरिएको छ ।

ग) परिवेश

सामाजिक तथा राजनीतिक विषयवस्तु प्रयोग गरिएका शर्माका कथामा नेपाली ग्रामीण परिवेशदेखि नेपालको राजधानी काठमाडौंवरिपरि घटेका घटना र विदेशी भूमि, अस्पताल, हवाईजहाज, पाल्पा, काठमाडौंदेखि भैरहवासम्मको सडकमा घटेका दुर्घटना आदि परिवेश आएका छन् । उनका केही कथामा पञ्चायती शासनका क्रूर यातनालाई सङ्केत गरिएकाले उनका कथा पञ्चायती शासनकालमा केन्द्रित छन् ।

घ) भाषाशैली

प्रायः वृत्ताकारीय ढाँचामा लेखिएका शर्माका कथामा ठेट नेपाली भाषाका शब्द, संस्कृतका तत्सम शब्द, चिकित्साक्षेत्रमा प्रयोग गरिने शब्दावली आदि सरल भाषामा प्रयोग गरिएको छ । वर्णनात्मक, संस्मरणात्मक प्रश्नोत्तर र कतैकतै संवादात्मक शैली र मनोवादको प्रयोग पनि शारदा शर्माका कथामा पाइन्छ ।

ङ) उद्देश्य

पञ्चायती शासनकालमा नेपालको सामाजिक तथा राजनीतिक क्षेत्रमा देखिएका यथार्थ घटनाहरूलाई कथाका माध्यमबाट प्रस्तुत गर्नु नै शर्माको कथालेखनको प्रमुख उद्देश्य देखिन्छ । समाजमा नारी माथि हुने शोषण र त्यसले नारी मानसिकतामा पार्ने प्रभावको मनोवैज्ञानिक चित्रण गर्नु पनि कथाकार शर्माको उद्देश्य हो । असुरक्षित यौनसम्पर्कबाट लाग्ने प्राणघातक रोग एड्सको चर्चा गरिएका कथाबाट त्यसबाट बच्न सबैलाई सचेत बनाउनु र लागु औषधको कुलतमा नफस्नसमेत शिक्षा प्रदान गरिएका यी कथामा स्वास्थ्यसम्बन्धी सन्देश दिइएको छ । मूलतः नारीप्रति लक्षित यी कथामा नारीका देहव्यापारदेखि स्वेच्छाले परपुरुष गमनसम्म गर्नुपर्ने अवस्थाको चित्रण गर्नु नै प्रमुख लक्ष्य मानिन्छ ।

४.३.७.३ निष्कर्ष

सामाजिक तथा युगीन चेतनालाई सरल ढङ्गबाट विषयवद्ध गर्न सफल शारदा शर्माका कथामा नेपाली मानसिकताका चरित्रहरूलाई सफल रूपमा प्रयोग गरिएको छ । युगीन संवेदनाका लहरलाई समेटेर कथा लेख्ने नारी कथाकार शारदा शर्माका कथामा त्रासपूर्ण जीवन र पीडापूर्ण क्षणको चर्चा पाइन्छ । विद्रोह वा विरोधाभास पाइने उनका कथामा बाध्यता, पीडा र मायास्नेहको समावेशका साथै विसङ्गतिभित्र अस्तित्व, निस्सारताभित्र अर्थ र हाँसोको खोजी गरिएको पाइन्छ । नेपाली धरतीभित्रकै परिवेशमा घटेका यथार्थ घटनाबाट नेपाली पात्रको चेतनालाई उतार्न सफल

शारदा शर्मा नेपाली कथाका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने नारी कथाकारका रूपमा परिचित छन् ।

४.३.८ परशुराम कोइराला (२०२३-)

४.३.८.१ परिचय

स्याङ्जाको चिन्नेवास-३, वि.सं.२०२३ सालमा जन्मिएका परशुराम कोइराला हाल पृथ्वीनारायण क्याम्पस, फोखरामा प्राध्यापनरत छन् । विभिन्न पत्रपत्रिका प्रकाशन तथा सम्पादनदेखि साहित्यिक संघसंस्थामा आवद्ध रहेर उनले नेपाली कविता र कथा विधामा कृति प्रकाशन गरेका छन् भने विभिन्न पत्रपत्रिका तथा स्मारिकाहरूमा दर्जनौं कविता, निबन्ध, व्यङ्ग्य समालोचना, कथा, समसामयिक लेखहरू फुटकर रूपमा प्रकाशन गरेका छन् ।

समकालीन साहित्य आकासका समाजवादी यथार्थवादी धारामा कलम चलाउने युवा हस्ताक्षर परशुराम कोइरालाले वि.सं. २०५५ मा स्नातकोत्तर तह आठौं पत्रको प्रयोजनका लागि **लासहरू रोइरहेछन्** कथासङ्ग्रह सिर्जनात्मक कृति प्रस्तुत गरेका छन् । उनले २०६१ मा '**निरुत्तर**' कथासङ्ग्रह प्रकाशित गरेका छन् । समाजवादी वा प्रगतिवादी चिन्तनमा आधारित विषयवस्तुलाई लिएर **उपेक्षित प्रश्नहरू**, **अविस्मरण**, **हुने विरुवाको चिल्लोपात**, **आतङ्क**, **निरुत्तर**, **बुद्धजीवि**, **सहिदको खाते छोरो**, **विधवा एक स्मृति अनेक**, **मृतवस्तीका मृत्यु कथाहरू**, **ठूला मान्छे, तारुङ्ग र बुधेहरू**, **एकादेशको शान्तिराज्य** र **स्मृतिशेष** गरी कोइरालाको ८७ पृष्ठमा १३ वटा मझौला आकारका कथाहरू यस सङ्ग्रहमा प्रस्तुत गरेका छन् ।

ग्रामीण जीवन र परिवेशलाई समेटेर अधिकाङ्श कथाहरू रचना गरिएको 'निरुत्तर' कथासङ्ग्रह साहित्य शृङ्खला पोखराबाट प्रकाशित कृति हो ।

४.३.८.२ कथाको विश्लेषण

कथाभित्र प्रयुक्त विषयवस्तु, पात्र वा चरित्र, संवाद, देशकाल-वातावरण, भाषाशैली र उद्देश्य प्रमुख कथाका तत्त्व वा उपकरणहरू हुन् । यिनै तत्त्व वा उपकरणका आधारमा कथाकार परशुराम कोइरालाको **निरुत्तर** कथासङ्ग्रहभित्रका कथाहरूको अध्ययन तथा विश्लेषण गरिएको छ ।

क) कथानक

कथाकार कोइराला ग्रामीण परिवेशमै जन्मे हुर्केकाले **निरुत्तर** कथासङ्ग्रहका अधिकांश कथामा ग्रामीणजीवन त्यहाँको परिवेशमा घट्ने कार्यव्यापार सुहाउँदो कथावस्तु पाइन्छ । ग्रामीणजीवनमा व्याप्त गरिबी, अशिक्षा, शोषण जातीय विभेद दर्साउने कथानकका साथै बहुदलीय व्यवस्थाको पुनस्थापनापश्चात् सत्ताधारी पार्टीमा देखिएको राजनीतिक अदूरदर्शिता, नीतिहीनता,

सत्तालोलुपता जस्ता राजनीतिक विकृति र विसङ्गतिलाई विषयवस्तुका रूपमा प्रयोग गरेका छन् । छोरो विरामी परेर पार्टीको सानो कार्यक्रममा सहभागी हुन नसकेको इमान्दार हरिलाल **उपेक्षित प्रश्नहरू** कथामा पार्टीबाट निष्कासित भएको छ । **हुने बिरुवाको चिल्लो पात** कथामा हैकमवादी प्रवृत्तिका गाउँले जिम्माल, मुखिया र कथित पण्डितबाट गाउँका निम्न वर्गकाले गरेको प्रगतिले आफ्नो मालिकत्व गुम्ने आशङ्कामा रने जस्ता प्रतिभाशाली व्यक्तिको प्रतिभालाई निमोठ्ने प्रयास गरेका छन् । मन्त्री बनेपछि नेताहरू कार्यकर्ताप्रतिको उत्तरदायित्वबाट उम्कन खोज्ने विषयवस्तु **आतङ्क** कथामा पाइन्छ । **तारुङ्ग र बुधेहरू** कथामा ग्रामीण सिधा, परिश्रमी र इमान्दार व्यक्ति तारुङ्ग र बुधेका साथै ग्रामीण परिवेशको चित्रण गरिएको छ ।

नैतिकता, त्याग र इमान्दारिताका सट्टामा स्वार्थ, सङ्कीर्णता र पदलोलुपता बढ्दै गएकाले राजनीतिमा विकृति, विसङ्गति र अन्यौलता छाएको छ । चेतनशील सामाजिक संयन्त्र र आत्मनिर्भरताको विकास गरेर देशमा छाएको राजनीतिक विकृति, विसङ्गति र अन्यौलता हटाउन सकिने कुरा **अविस्मरण** कथाको विषयवस्तुका माध्यमबाट कथाकारले व्यक्त गरेका छन् । वर्तमान शासन व्यवस्थामा देखिएका अव्यवस्थाका कारण कतिपय कुराहरूलाई लुकाउन खोज्दाखोज्दै पनि सत्य कुरा नलुक्ने विचार **निरुत्तर** कथाको कथावस्तुका रूपमा आएको छ । देशका निम्ति बलिदान गरेको बाबुको छोराले भोग्नु परेको खाते वा सडक छाप अवस्था र तिनै खाते बच्चाको नाममा एन.जी.ओ. तथा आई.एन.जी.ओ.ले भ्रम फिजाएर गरेको डलर खेती र सहिद बच्चाप्रति सरकारको वेवास्तालाई **सहिदको खाते छोरो** कथामा कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ । आफ्नो पतिको मृत्यु पछि पत्नीलाई लगाइने बोक्सी, टोकाहीजस्ता आरोपका कारण घर त्याग्न बाध्य विधवालाई विद्रोह र संघर्ष गर्न लगाई प्रगतिवादी विषयवस्तुलाई कथावस्तुका रूपमा **विधवा एकः स्मृति अनेक** मा प्रयोग गरेका छन् । देशमा मौलाएको हत्या, हिंसा, तस्करी, भ्रष्टाचारी जस्ता क्रियाकलापमा संलग्न व्यक्तिहरू देशका उच्च ओहदामा रहेका व्यक्तिकै संरक्षणमा छन् । ती कुकार्यको कार्वाहीको नाउँमा गरिब र निर्दोष कसरी पीडित छन् भन्ने कुरा **ठूला मान्छे** कथामा देखाइएको छ ।

निबन्धमय प्रस्तुति, साम्यवादी प्रकृति र आध्यात्मिक रङ्गले युक्त रोगभोक, दुःखकष्ट र अशान्ति नभएको आदर्श राज्यको कल्पना भएको विषयवस्तु **एकादेशको शान्ति राज्य** कथामा पाइन्छ । अन्याय र शोषणमा पिल्सिएका बुदुने र सेती माया र गाउँमा मुखियाको चर्को शोषणका कारण विदेशिन बाध्य बुदुने धन कमाएर ल्याउनाको सट्टाबीच बाटामै दोहोरो गोली हानाहानमा मारिनु, मरेको खबरले विहोश भएकी सेतीमाया होसमा नआई मर्नु, गाउँमा मुखियाको चर्को शोषणका विरुद्धमा अब सबै जाग्नुपर्छ, शोषणका विरुद्धमा सबैजना लाग्नुपर्छ भन्ने प्रगतिवादी विचार व्यक्त गर्नु आदि **मृतवस्तीका मृत्यु** कथाहरूको कथावस्तु रहेको छ । विगतमा लेखक आफैले भोगेका दुःख, कष्ट र संघर्षलाई कथाको विषयवस्तु बनाएर देशभक्तिपूर्ण लाहुरेको भावना समेत **स्मृतिशेष** कथामा व्यक्त गरेका छन् ।

यसरी समग्रमा कथाकार परशुराम कोइरालाको **निरुत्तर** कथासङ्ग्रहमा नेपालको ग्रामीण समाजमा जिम्माल, मुखिया र कथित पण्डितबाट गरिब तथा निर्दोष निमुख व्यक्तिमाथि भएका

अन्याय, अत्याचार शोषणयुक्त क्रियाकलापलाई समेटिएको छ । राजनीतिक पार्टीको अदुरदर्शी क्रियालाप, सत्तामोह, देशमा भएको शासन परिवर्तनले सर्वसाधारण जनतामा कुनै प्रभाव नपरेको कुरा, सहिद बच्चाहरूको स्थिति, राजनीतिक विकृति र विसङ्गति, तस्करीमा ठूला भनाउँदाहरूको संलग्नतालाई **निरुत्तर** भित्रका कथामा कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

ख) चरित्र-चित्रण

कथावस्तुलाई अगाडि बढाउने काम चरित्रका माध्यमबाट गरिन्छ । कथाकार कोइरालाले पनि आफ्ना कथामा विषयवस्तुअनुसारका पात्रहरूको चयन गरेका छन् । कोइराला मूलतः प्रगतिवादी कथाकार भएकाले उनले कथामा वर्गीय पात्रहरूको प्रयोग गरेका छन् । कथामा रने, तारुङ्ग, बुधे, सहिद पुत्र, बुदुने, सेतीमाया, रिक्साचालक जस्ता पात्रहरू इमान्दार र परिश्रमको फल खाने गाउँका निम्न वर्गको प्रतिनिधित्व गर्ने पात्र असल हुँदाहुँदै पनि शोषितपीडित र कार्वाहीमा पर्ने निर्दोष पात्र हुन् । नेताको जसो नभएर हरिलाल पार्टीबाट निष्कासित इमान्दार कार्यकर्ता हो । मुखिया जिम्माल र कथित पण्डितहरू शोषकवर्गको प्रतिनिधित्व गर्ने पात्र हुन् । नेता तथा मन्त्रीहरू स्वार्थी प्रवृत्तिका पात्र हुन् । तारिणी सर, ताराखर, छोरी, बुढा लाहुरे आदि देशको चिन्ता गर्ने र देशभक्तिको भावना व्यक्त गर्ने पात्र हुन् । धने इमान्दार रिक्सा चालक हो भने नौलो मान्छे गृहमन्त्रालयको ठूलै पदको मान्छेको आडमा गाँजा चरेस जस्ता लागु पदार्थको सीमा वारपार गर्ने तस्करी हो । त्यसैगरी विधवा सामाजिक अन्याय र अत्याचार सहन नसकी विद्रोह र सङ्घर्षमा उत्रेकी पात्र हो ।

यसरी कथाकारले **निरुत्तर** कथासङ्ग्रहका कथामा विषयवस्तु अनुसारका पात्रहरू छनोट गरेका छन् ।

ग) परिवेश

परिवेशले कथाको कार्यपीठिका वा क्षेत्रविशेष, कथाको समय र परिवेशलाई जनाउँछ । कथाकार कोइरालाको यस सङ्ग्रह भित्रका कथाको परिवेश नेपाली ग्रामीण सामाजिक वातावरण प्रमुख हो भने राजनीतिक अवस्था र आर्थिक उपार्जनका निम्ति विदेश पसेका नेपालीको दूरावस्थाको चित्रण र भारतीय युद्धअवस्था पनि हो ।

प्रस्तुत सङ्ग्रहभित्रका अधिकांश कथाहरू नेपाली भूगोलअन्तर्गत प्रायः ग्रामीण समाजमा व्याप्त रहेको गरिबी, शोषण, अन्याय र अत्याचारलाई झल्काउने परिवेश हाम्रै वरिपरिका गाउँ, सहर, पहाड, तराई, उपत्यका आदिका साथै नेपाल-भारत सीमा, दोहोरो गोली हानाहानको अवस्था रहेको भारतीयभूमि आदिको वर्णन गरिएको छ । कथाको समस्या वा घटना उत्पन्न हुने परिस्थिति त्यसलाई मद्दत गर्ने सामाजिक, आर्थिक, राजनैतिकस्थिति र त्यसबाट उब्जेको पात्रको मानसिक अवस्था सबै वातावरणअन्तर्गत पर्दछन् । सामाजिक, आर्थिक, राजनैतिक आदिका नाममा देखापरेका विकृति र विसङ्गतिका कारण नेपाली जनताले भोग्नु परेका दुःख, कष्ट र अत्याचारबाट तिनले सामाजिक, आर्थिक र राजनैतिक वातावरणको काम गरेका हुन्छ । **निरुत्तरमा** सामाजमा देखिएका सामाजिक विकृतिका कारण विधवाले भोग्नु परेको समस्या कथाको सामाजिक वातावरण

हो भने गरिबीका कारण विभिन्न पात्रहरूले भोग्नु परेको आर्थिक दूरावस्था आर्थिक वातावरण हो । त्यस्तै देशको राजनीतिक क्षेत्रमा देखिएका असङ्गति वा विकृतिका कारण देखिएका समस्यायुक्त कथाको क्षेत्र राजनीतिक वातावरण हो ।

समयका दृष्टिले **निरुत्तर** कथाको एउटा बूढा शिक्षकको **रक्सी फेरिन्छ, बोतल उस्तै, यो वाद ऊ वाद, यो दर्शन, ऊ दर्शन, जसका लागि परिवर्तनको खाँचो हो, उनीहरूलाई त अनुभूतिसम्म हुन सकेन** भन्ने संवादबाट कथाहरूको समय प्रजातन्त्रको पुनर्स्थापना भन्दा केही अघिदेखि पुनर्स्थापना पछिको समय हो भन्ने थाहा हुन्छ । प्रजातन्त्र पुनर्स्थापना अघि र पछि राज्यमा कुनै परिवर्तन नहुनु नै मुख्य कारण हो ।

घ) संवाद

कथाकार कोइरालाले राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक आदि विविध क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिलाई हटाउन कथामा उच्च वर्गका शोषक, सामन्तीहरू, निम्न वर्गका निमुखा, निर्दोष, गरिब पात्रहरूको प्रयोग गरेका छन् । विषयवस्तुअनुसारका पात्रको चयन र पात्रअनुसारका संवादात्मक क्रियाकलापहरू कथाकारका प्रमुख विशेषता भएका छन् । नेता भनाउँदाहरूको हप्कीदप्की, कार्यकर्ताको अनुनयविनय, गरिबीका कारण लोग्नेमाथि स्वास्नीको घोचपेच, जिम्माल, मुखिया र पण्डित भनाउँदाहरूको रोवरवाफ यथार्थ संवादका माध्यमबाट कथामा प्रस्तुत गरिएको छ । विषयवस्तुअनुसारको प्रश्नोत्तर संवाद प्रयोग गर्नाका साथै ठूलासित साना वर्गकाले बोल्दा बीचबीचमा अड्किँदै नम्र शब्दको प्रयोग गरेर बोल्नु पर्ने अवस्था र सानासित ठूला वर्गकाले बोल्दा झर्रा र कठोर शब्दको प्रयोगले कथाको संवादमा यथार्थता झल्काउँछ । "**रने ! ए ... ए ... रने ? हेर हेर टोकाहाको चाल** ? ... ......... **चाडो घिचाएर बेशी पठा ।**" (हुने विरुवाको चिल्लो पात) जस्ता संवादहरूले पहाडी समाजका लेकबेंसी र ग्रामीण अशिक्षित समाजको चित्रण गरेका छन् ।

यस्तैयस्तै स्तरअनुसारका अनेकौं संवादैसंवादको जालोबाट कथाहरू बुनिएका छन् ।

ङ) भाषाशैली

कथामा भाषा अभिव्यक्तिको माध्यम हो । **निरुत्तर** कथासङ्ग्रहमा अधिकांश कथाहरूमा गाउँघरमा बोलिने बोलीचालीको भाषा प्रयोग भएको छ । कथाकारले कथाका विषयवस्तुअनुसारको पात्रको स्तरनिर्धारण र स्तरअनुसारकै भाषाको प्रयोग गरेका छन् । प्रायः नेपाली मूलका झर्रा शब्द तथा उखानटुक्काहरूको प्रयोग कथामा गरिएकाले कथा सरल, रोचक र बोध्य बन्न पुगेका छन् ।

कथामा वर्णनात्मक, संवादात्मक, संस्मरणात्मक जस्ता परम्परागत शैलीको उपयोग भएको पाइन्छ ।

च) उद्देश्य

शोषण, अन्याय, अत्याचार, आर्थिक तथा राजनैतिक असमानता र सामाजिक सांस्कृतिक विकृति र विसङ्गतिजस्ता पक्षको समूल अन्त नै कथाकारको चाहना हो । त्यसैले 'निरुत्तर' कथासङ्ग्रहमा गरिबी, अशिक्षा, रोग-भोक, असमानता, शोषण, अन्याय, अत्याचार र सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिलाई जरैदेखि उखेलेर फाल्नका निम्ति विद्रोह वा संघर्ष सिर्जना गर्ने कथाकारको प्रमुख उद्देश्य रहेको छ । देशको अवस्थामा सुधार ल्याउन नेता तथा राजनीतिक दलमा सुधार ल्याउनु, समाजमा गरिव र निर्दोष जनतामाथिको अन्याय र अत्याचार निर्मूल गर्नका निम्ति चेतनाको आवश्यकता देखाउनाका साथै देशका भ्रष्टाचार, मन्त्रीहरूको अनुत्तरदायित्वपन, तस्करी व्यवस्था आदिको उजागर गर्ने प्रमुख उद्देश्य निरुत्तर कथासङ्ग्रहका कथामा पाइन्छ ।

४.३.८.३ निष्कर्ष

समग्रमा कथाकार परशुराम कोइराला नेपाली कथासाहित्यका प्रगतिवादी धारमा कथा लेख्ने कथाकार हुन् । त्यसैले समाजवादी यथार्थवादी विषयवस्तुअनुसारका कथा लेखेर देशका राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक आदि विभिन्न क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिलाई हटाउने चाहना अनुरूप कथा रचना गरेका छन् । यसका अतिरिक्त उनका कथामा नेपाली ग्रामीण समाजको यथार्थपरक चित्रणमा धनी र गरिबका बीचको भेदभाव, असमानता, वर्गविभेदता आदि देखाउँदै सामन्ती संस्कारप्रति ठाडो प्रहार गरेका छन् । अन्याय तथा शोषणको अन्त्यका लागि मानवीय गुणको आधारमा मानिसको मूल्याङ्कन गर्दै मानव-मानवबीचको असमान व्यवहारलाई हटाउन सकेमा मात्रै स्वस्थ समाजको निर्माण गर्न सकिन्छ भन्ने कथाकारको मूल वैचारिक निष्कर्ष हो ।

४.३.९ जलेश्वर पाण्डे (२०२६-)

४.३.९.१ परिचय

स्याङ्जा जिल्लाबाट अनुवाद साहित्यमा हात हाल्ने प्रमुख व्यक्ति जलेश्वर पाण्डेको जन्म वि.सं. २०२६ मा विर्घा गा.वि.स. मा भएको हो । हाल यिनी शिक्षक पेसामा संलग्न छन् । साहित्यलाई कुनै एउटा भाषा र क्षेत्र विशेषमा सीमित राख्नु हुँदैन भन्ने मान्यता अनुरूप पाण्डेले अङ्ग्रेजी साहित्यका महान् हस्ती सेक्सपियरका विश्वप्रसिद्ध दस कथाहरूको अनुवाद गरी **सेक्सपियरका विश्वप्रसिद्ध कथाहरू** प्रकाशित गरेका छन् ।

विश्व साहित्यमै नाट्यसम्राटका रूपमा परिचित सेक्सपियरका उत्कृष्ट नाटकका विषवयवस्तुहरूलाई आधार बनाएर चाल्स र मेरील्याम्बद्वारा लिखित **टेल्स फ्रम सेक्सपियर**मा समावेश दसवटा कथाहरूलाई पाण्डेले नेपालीमा अनुवाद गरेका छन् ।

४.३.९.२ कथाको विश्लेषण

पाण्डेले अनुवाद गरेको कृतिमा समावेश भएका कथाहरू **सिम्बलिन**, **तुफान**, **रोमियो** र **जुलियट**, **हिउँदको कथा**, **एथेन्सका राजा तिमन**, **एउटी कर्कसाको सुधार**, **भेनिसको व्यापारी**, **जस्तो तिमी चाहान्छौ**, **बाह्रौं रात** र **वरोनाका दुई भद्र पुरुषहरू** हुन् ।

क) कथावस्तु

सेक्सपियरको समयभन्दा पहिलेका विषयवस्तुलाई लिएर लेखिएका यी कथाहरूमा राजपरिवारसँग सम्बन्धित मोजमस्ती, मनोरञ्जन, राज्यच्यूत र राज्यहस्तान्तर, अपहरण, सौतेनी आमाका निरङ्कुश व्यवहार, फरक फरक परिवार बीचमा पाइने हिंसा र द्वन्द्वको अन्त्य, धनी व्यापारीहरूको वियोगान्त प्रसङ्ग आदि यस अनुवादित सङ्ग्रहभित्रका कथामा कथावस्तुका रूपमा रहेको पाइन्छ । चर्च र विवाह आदिको प्रसङ्ग पनि कथामा आएका छन् ।

ख) चरित्रचित्रण

राजपरिवारदेखि उच्च वर्गीय कुलीन पात्रहरू, भद्र पुरुष पात्रहरू, नरनारी चरित्रको चित्रण गर्ने पात्रहरू, शोषक र उदारवादी व्यापारिक पात्रहरू यस सङ्ग्रहभित्र कथामा आएका छन् । अनाथदेखि समुद्री जहाजका क्याप्टेनसमेत कथामा पात्रका रूपमा आएका छन् ।

ग) परिवेश

यस सङ्ग्रहभित्रका कथा पन्ध्रौंसोह्रौं शताब्दीको समयमा आधारित रहेर युरोपियन देशका राजदरबारदेखि वनजङ्गल, सामुद्रिक यात्रा, चर्च आदि परिवेशका रूपमा रहेका छन् ।

घ) भाषाशैली

अङ्ग्रेजी भाषामा लेखिएको **टेल्स फ्रम सेक्सपियर**लाई नेपाली भाषामा अुनवाद गरिएको यस सङ्ग्रहभित्रका कथामा सरल नेपाली भाषाको प्रयोग गरिए पनि अङ्ग्रेजी भाषाका पात्रहरूको प्रयोगले कथाहरू बुझाइमा केही कठिनाइ भने महसुस भएको पाइन्छ । प्रायः वर्णनात्मक शैलीमा लेखिएका यी कथामा बीचबीचमा संवाद शैलीको प्रयोग भएको पाइन्छ । रैखिक ढाँचामा लेखिएका यी कथाका शीर्षक केही नेपालीमा अनुवाद भए पनि केही अङ्ग्रेजी पात्र कै नाममा प्रस्तुत भएका छन् ।

ङ) उद्देश्य

सेक्सपियरका नाटकसँग सम्बन्धित यी कथामा त्यतिबेलाको राजपरिवारको मोजमस्ती र राजनीतिक चलखेलदेखि, विवाह, व्यापारिक प्रवृत्ति आदि उजागर गर्ने खालका उद्देश्यलाई सहज रूपमा अनुवाद गरिएको छ ।

४.३.९.३ निष्कर्ष

समग्रविश्व साहित्यका विश्वप्रसिद्ध साहित्यकार सेक्सपियरका कथालाई नेपाली भाषामा अनवाद गर्नु जलेश्वर पाण्डेको महत्त्वपूर्ण कार्य मानिन्छ । विश्वसाहित्यका महान् हस्तीहरूका साहित्यक रचनाको अध्ययन गर्ने मन जोसुकै साहित्यानुरागीहरूको हुन सक्छ, तर सबै साहित्यानुरागी सबै भाषाका ज्ञाता नहुन सक्छन् । यही कुरालाई मध्यनजर गर्दै पाण्डेले सेक्सपियरका विश्वप्रसिद्ध कथाहरूलाई नेपाली भाषामा अनुवाद गरी पाठक वर्गलाई महत्त्वपूर्ण गुण लगाएका छन् । अङ्ग्रेजी साहित्यका चम्किला नक्षत्र सेक्सपियर र उनका महत्त्वपूर्ण साहित्यिक रचनाहरूका बारेमा सम्भव भएसम्म केही जानकारी गराउनु र पाठक वर्गलाई सेक्सपियरका मूल कथा कृति अध्ययन गर्न अभिप्रेरित गर्न सके आफूलाई सफल अनुवादक मान्ने पाण्डेले यस सङ्ग्रहमार्फत नेपाली साहित्यनुरागीहरूलाई विश्वसाहित्यको अध्ययनतर्फ अभिप्रेरित गरेको पाइन्छ ।

४.३.१० सुकुम शर्मा (२०२७-)

४.३.१०.१ परिचय

वि.सं. २०२७ साउन २० गते स्याङ्जाको गुडिखोलामा जन्मिएका सुकुम शर्मा हाल त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा प्राध्यापन पेसामा संलग्न छन् । युवावस्थादेखि नै साहित्यलेखनमा अग्रसर रहेका शर्माका नेपाली साहित्यका कविता, कथा, उपन्यास, निबन्धजस्ता विधामा थुप्रै फुटकर रचनादेखि कृतिसमेत प्रकाशन भएका छन् । शर्माले विभिन्न पत्रपत्रिका सम्पादनदेखि लिएर गोकुल जोशी, कुलमानसिंह भण्डारीजस्ता नेपाली साहित्यमा ओझेल परेका साहित्यिक व्यक्तित्वहरूका कृति सम्पादन गरेर प्रकाशमा ल्याउने कामसमेत गरेका छन् । शर्माले व्यक्तिकेन्द्री, लोकसाहित्यकेन्द्री र भाषाकेन्द्री समालोचनामा कलम चलाएका छन् ।[४१] **आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन** (२०६२) स्याङ्जा क्षेत्रकै उल्लेखनीय कार्य हो भने **नेपाली व्याकरणको ऐतिहासिक सर्वेक्षण** (२०५६), **नेपाली व्याकरणको प्रारम्भिक इतिहास** (२०५८), **नेपाली भाषामा टर्नरको योगदान** (२०५८) आदि नेपाली भाषा तथा व्याकरणका क्षेत्रमा शर्माले गरेको योगदान स्याङ्जा क्षेत्रकै गौरवको कुरा हो ।

कविता विधाबाट साहित्य आरम्भ गरेका शर्माको साहित्यिक नाम सुकुम शर्मा हो भने वास्तविक नाम भने गोविन्दप्रसाद शर्मा (तिमल्सिना) हो ।[४२] व्याकरण, भाषा र साहित्य सबैतिर उत्तिकै साधनारत शर्माका साहित्यिक रचनाहरूमध्ये कथागत योगदानलाई यहाँ उल्लेख गरिएको छ ।

४.३.१०.२ कथाको विश्लेषण

---

[४१] अशोक थापा, 'समीक्षाका कसीमा समालोचक सुकुम शर्मा', सगुन, वर्ष ४, अङ्क १०, स्याङ्जा विशेषाङ्क-२०६३, पृ. २३८ ।

[४२] कथाकारसँगको प्रत्यक्ष कुराकानीबाट ।

भाषा, साहित्य र व्याकरणमा निरन्तर साधनारत शर्माको २०५८ सालमा 'मितेरी' पत्रिकामा प्रकाशित **साहिंलीको आश** नै पहिलो प्रकाशित कथा हो ।[४३] त्यसपछि क्रमशः विभिन्न पत्रपत्रिकामा उनका थुप्रै कथाहरू फुटकर रूपमा प्रकाशित भए पनि सङ्ग्रहका रूपमा व्यवस्थित भने छैनन् । बालकथामा समेत संलग्न रहेका शर्माको **लाले र लिलीको कथा** (२०६१) नामक बालकथासङ्ग्रह प्रकाशित भएको छ । यहाँ लाले र लिलीको कथा विश्लेषण गरिएको छ ।

क) कथावस्तु

गुडिखोला भन्ने रमणीय खोलाको आसपासमा पर्ने कुनै एउटा पहरामा बस्ने काल्चे नामको चराजातिको सृष्टिक्रमलाई लिएर एक, दुई, तीन ... गर्दै नौ भागसम्मको धाराप्रवाहित शृङ्खलात्मक कथाहरूको सङ्ग्रह नै **लाले र लिलीको कथा** हो । लाले र लिली चराजगत्मा तल्ला जात भनिने काल्चे चराका भाले र पोथी बच्चा हुन् । कथामा तल्ला जातका काल्चे चराहरू अन्य चराहरू भन्दा साना जात मानिएकाले उनीहरू अछुत भएकाले माथिल्लो जातको सेवामा समर्पित हुनुपर्ने बाध्यताले उनीहरू ठूला जातका भनाउँदाहरूबाट शोषित भएको कुरा छ । त्यसैगरी चराचर जगत्मा ठूला जातका चराका बचेराले पढ्न नहुने र साना जातका चराका बचेराले पढ्न हुने र पढेमा कुनै अपसगुन आइपर्न सक्छ भन्ने कुरा कथामा प्रस्तुत गर्दै तल्लो जातिका नाममा शोषण भएको देखाइएको छ । लाले र लिलीको पढ्ने इच्छा भएर पनि पढ्न नपाउनु, लुकीचोरी पढेकाले जुरेली मास्टरको हप्की सहनु पर्ने, असिनाले कुटिएर मरेकी उसकी आमा उनीहरूको लुकीचोरी पढाइको अपसकुन बन्नु, पोथी मरेपछि भालेको एक्लोपना, केही समयपछि भालेको पुनः विवाह, विवाह भएपछि विस्तारैविस्तारै सौतेनी आमाले लाले र लिलीमाथि गरेको दुर्व्यवहारका कारण दुःख मनाउ गर्दै उनीहरू मावलीतर्फ लागेको, केही समय मावलीमा बसेपछि त्यहाँ पनि उनीहरू वर्ता भएपछि लाले बहिनी लिलीलाई लिएर अर्को ठाउँमा बस्न जानु, विद्यालयमा पढ्नु, हुर्किसकेकी बहिनीलाई बिहा गरिदिनु, लालेको बाबु मरेको खबरले लाले र लिली दुवैजना दुःखी हुनु, शिक्षाआर्जन गरेको लालेले आफूभन्दा साना र अशिक्षितलाई शिक्षा बाड्नु, काल्चे जातिमाथिको शोषणको विरोध र दासत्वमोचनको उपाय खोज्दै आफ्ना जातिकालाई चेतना जगाउन शिक्षा प्रदान गर्न हिंड्नु, ठूला जातिकालाई लालेको यस्तो कार्यप्रति असह्य भएर विरोध स्वरूप उसलाई मरणासन्न हुने गरी कुट्नु, उसका विचारको मृत्यु नहुने अठोट गर्दै उसलाई अन्य गाउँलेले सहयोग गरी ठूला जातका विरुद्धमा लाग्नु पर्ने कुराहरू कतै गीतका रूपमा त कतै अन्धविश्वास रूपी भनाइबाट कथावस्तुका रूपमा कथामा पोखिएका छन् ।

ख) चरित्रचित्रण

कथामा प्रायः काल्चेजातका निम्नवर्गीय अछुत जातका चराको समस्या माथि कथावस्तु रहे पनि ठूला वा उच्च वर्गका चराको पनि चित्रण गरिएको छ । उच्च वर्गका चराले अछुत वर्गका चरामाथि गरेको शोषण मै केन्द्रित रहेकाले कथामा वर्गीय चरित्रका पात्रको प्रयोग पाइन्छ ।

[४३] सुकुम शर्मा, 'साहिंलीको आश', मितेरी, (वर्ष १, अङ्क १), २०४८, पृ. १ ।

सौतेनी आमाको हेलाले लाले र लिलीले घर छोड्नु पर्ने अवस्थाको समेत चित्रण गरिएको छ । कथामा लाले र लिली नै मूल पात्र हुन् ।

ग) परिवेश

यस कथामा गुडिखोलाको किनारवरिपरिको पहाड, खोलानाला, वनजङ्गल र त्यसका वरिपरिको चित्रण गरिएको छ भने समय धेरै वर्षअघिको कुरा भनेर उल्लेख भएको छ ।

घ) भाषा

भाषा संवादका हिसाबले चराहरू भएर पनि मानवीय भाषामा संवाद गरेका छन् भने बालकथा भनिएकाले सरलभन्दा सरल नेपाली भाषाका शब्दको प्रयोग भएको. पाइन्छ । समाजमा छुवाछुतका नाममा तल्लो जातमाथि गरिने दमननै उनीहरू सधैं तल पर्नु पर्ने कुरा यस संवादबाट प्रष्ट हुन्छ- **कांचल्वेहरू दास होइनन्, उनीहरूले समय पाउनासाथ अरु चराले भन्दा राम्रो गर्दछन् ।** तत्समदेखि ठेट नेपाली भाषाका शब्दहरूको प्रयोग गरिएको यस सङ्ग्रहमा गीतको समेत प्रयोग गरिएको छ ।

ङ) उद्देश्य

**लाले र लिलीको कथा** बालकथा भएर पनि यथार्थ रूपमा नेपाली ग्रामीण समाजमा विद्यमान ठूला जातका भनाउँदाहरूले तल्ला अछुत जातमाथि गरेको शोषण, अन्याय, अत्याचारको सजीव चित्रण उतार्ने काम भएको छ । वास्तवमा कथामा 'लाले र लिली'का जस्ता इच्छा र आकाङ्क्षा भनेका तल्ला जातिका छोराछोरीका इच्छा र आकाङ्क्षा हुन् । त्यसैले यस कथाले नेपाली समाजमा रहेको छुवाछुत प्रथा, दलितमाथिको शोषणको अन्तको शङ्खघोष जस्तोसुकै अवस्थामा पनि गर्नुपर्ने कुरा लालेको अन्तिमतिरको प्रयासले जानकारी गराएबाट यो कथा समाजवादी प्रगतिवादीतर्फ उन्मुख कथा हो ।

समग्रमा हेर्दा **लाले र लिलीको कथा** विभिन्न कथाहरूको सङ्ग्रह नभएर एउटै कथावस्तुमा आधारित नौ भागमा संरचित कृति हो । त्यसैले एउटै कथावस्तुलाई विभिन्न भागहरूमा प्रस्तुत गरिएकाले **लाले र लिलीको कथा** बालकथासङ्ग्रह भन्दा पनि बाल उपन्यास हो भन्दा उक्त कृतिको न्याय गरिएको ठहरिन्छ ।

### ४.३.१०.३ फुटकर कथाहरू

शर्माका लघुकथा, बालकथा र थुप्रै फुटकर कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । फुटकर कथाहरूमा **साहिंलीको आश** (मितेरी : २०४८) पहिलो प्रकाशित कथा हो । त्यस्तै **विश्वासघात** (प्रतिभा : २०४९), **ज्या उनको त** (प्रयोग : २०४९), **अस्तित्वको मृत्यु शून्यभित्र** (

माछापुच्छ्रे : २०५०), **मुक्ति** (सेतापूलहरू : २०५०), **सत्य डग्दैन साथी राजेश** (शुभकामना : २०५२), **पेटको राँको** (गण्डकी सङ्गम : २०५३), **जिन्दगी खुवै मिठो छ** (सेतापूलहरू : २०५३), **दृष्टिभ्रम र नीता** (जनमत, २०५३), **फेवातालमा उनी र म** (पोखरा मासिक : २०५३), **कस्तो नशा हो त जिन्दगी** (सगर : २०५५), **उत्तेजित भिडको पछि भावुक कवि** (मियो : २०५७), **ऊ अर्थात कवि** (साहित्यसागर : २०५७), **विरोधको प्रतिरोध** (जनदिशा : २०५८), **मुखियाको दृष्टि** (वेदना : २०५९), **बाँकी कथा आउँदो पिंढीलाई** (नवपोखरा टाइम्स : २०५९), **सडक दृश्य** (नेपाल समाचार पत्र : २०६० साउन १०), **छलाङ्** (फित्कौलीः २०६२), **महको स्वाद** (**नवउद्घोष** : २०६४) आदि थुप्रै कथाहरू विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

क)	कथानक

दार्शनिकता, माया प्रेमका कुरा, सामाजिक यथार्थ, नारीमाथि पुरुषहरूको शोषणको विरोध, नारीको सौन्दर्यलाई व्यापार गर्ने माध्यम बनाउनु, पैसा र पहुँचले बुर्जुवा शिक्षाबाटै क्रान्तिकारी छलाङ मार्न सक्ने कुरा, अस्तित्ववादी जीवनदृष्टि, गरिबीका कारण विदेशी पल्टनमा भर्ती भएको नेपालीको रणभूमिमै मृत्युपछि जहान परिवारको आशा सबै खरानीमा परिणत भएको कुरा, संस्मरण यात्रा, साहित्यिक क्षेत्रको व्यङ्ग्य, मानवमुक्तिको आवाज, विवशता र बाध्यतालाई अन्त गर्दै कर्मशील जिन्दगीमा गतिशील हुनुपर्ने, गरिबीको पीडा, सौतेनी आमाका व्यङ्ग्यवचन, बि.ए. पढेर पनि गाउँमै फर्की हलोजोत्न मै रमाउने दार्शनिक विचार, कारखाना मालिकको शोषणमा मजदुरको विरोध, मायाका नाममा यौन शोषण गरी विश्वासघात, निरङ्कुश राजतन्त्रको विरोध आदि शर्माका फुटकर कथामा विषयवस्तुका रूपमा आएका छन् ।

ख)	चरित्रचित्रण

सामाजिक यथार्थ, महिलामाथिको यौनशोषण र गरिबमाथिका अन्याय अत्याचारका अन्त्यका निम्ति सचेत, दार्शनिकता, जीवन अस्तित्वको खोजी आदि कथात्मक प्रवृत्ति भएका शर्माका फुटकर कथामा मजदुर, कारखाना मालिक, हैकमवादी साहित्यकार, गरिबी कै कारण यौनशोषण हुन बाध्य सोझा नारी, धनी भएकै कारण पैसाको लोभमा यौनशोषण गर्नेहरू, सुन्दरताकै कारण व्यापारमा खटिनुपर्ने तिब्बतीमूलका नारीहरू, पैसा र पहुँचको भरमै योग्यता थपेर आर्थिक स्तर उकास्नेहरू, विधवा नारी आदि पात्रहरू शर्माका फुटकर कथामा प्रयोग भएका छन् ।

ग)	भाषाशैली

शर्माका कथामा पात्र अनुसारको संवादको प्रयोग भएको पाइन्छ भने कतिपय कथामा चिठीको प्रयोग गरेर म पात्रले सबै कथावस्तुलाई भन्दै गइरहेको पाइन्छ । त्यसैले केही पत्रात्मक

कथा, यात्रा संस्मरणमा आधारित कथा दार्शनिकता पाइन्छ । भाषाका दृष्टिले नेपाली ठेट शब्दको प्रयोग, बीचबीचमा उखान एवं टुक्काको प्रयोग पाइन्छ । शैली पत्रात्मक, संवादात्मक, वर्णनात्मक खालको पाइन्छ ।

घ) परिवेश

नेपाली ग्रामीण परिवेशमा देखिएका गरिबी, अभाव, शोषण, अन्याय, अत्याचार, नारीदमन आदि र केही सहरी परिवेशमा पनि गरिबीको अवस्था प्रस्तुत कथाको क्षेत्र हो ।

ङ) उद्देश्य

नेपाली ग्रामीण तथा सहरी क्षेत्रमा देखिने गरिबी, अन्याय, अत्याचार, शिक्षामा पैसा तथा पहुँचको बोलवाला, साहित्यिक व्यक्तित्वमा भएका हठी स्वभाव, मजदुरमाथिको दमन, नारी यौनशोषण, सौतेनी टोकसोजस्ता विविध सामाजिक यथार्थ तथा दार्शनिकता जीवनवादी अस्तित्त्वको खोजी नै शर्माका कथाको मूल उद्देश्य हो ।

४.३.१०.४ निष्कर्ष

समग्रमा सुकुम शर्माका कथाको अध्ययन गर्दा **लाले र लिलीको कथा** नामक लामो कथा बालकथा भएर पनि नेपाली ग्रामीण समाजमा विद्यमान जातपात छुवाछुत प्रथाको अवगत गराउँदै यसका अन्त्यका निम्ति विद्रोह गर्नुपर्ने स्वर उरालिएको छ । त्यसैगरी विभिन्न पत्रपत्रिकामा छरपष्ट रूपमा छरिएका शर्माका थुप्रै फुटकर कथाहरूमा अस्तित्ववादी जीवनदृष्टि, दार्शनिकता, महिलामाथिको यौनशोषण, गरिबमाथिका अन्याय अत्याचारजस्ता सामाजिक यथार्थ पाइन्छ ।

थोरै पात्रको प्रयोग गरेर नेपाली ग्रामीण तथा सहरी परिवेश र नेपालको शिक्षँ क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई उजागर गर्न सफल शर्माका कथामा नेपाली ठेट भाषाका शब्द, तत्सम शब्द र गीतको प्रयोग गर्दै संस्मरणात्मक तथा संवादात्मक शैलीलाई अवलम्बन गरिएको छ । कम पात्रको प्रयोग गरेर नेपाली ग्रामीण तथा सहरी परिवेशमा देखिएका जातपात छुवाछुतदेखि अन्य सामाजिक विकृति विसङ्गति तथा शिक्षा क्षेत्रमा देखिएका कसरमसरलाई उजागर गर्नु नै शर्माका समग्र कथाको उद्देश्य हो ।

४.३.११ कथाकार सुन्दर मानन्धर (२०३१-)

४.३.११.१ परिचय

सुन्दर मानन्धरको जन्म क्याक्मी-७, स्याङ्जामा वि.सं २०३१ कार्तिक १४ गते भएको उल्लेख पाइन्छ ।[44] नेपाली विषयमा स्नातकोत्तर मानन्धर हाल पोखरा-१६, बाटुलेचौरमा स्थायी बसोबास गर्दै आइरहेका छन् । निबन्ध तथा समालोचनाका क्षेत्रबाट साहित्यमा प्रवेश गरेका मानन्धर कथामा समेत प्रवेश गरेका छन् । नयाँ प्रयोग र शैलीको अवलम्बन गर्ने मानन्धरका कथामा आयामेली लेखन र प्रगतिवादी स्वर पाइन्छ ।

४.३.११.२ कथाको विश्लेषण

हालसम्म कथाकार सुन्दर मानन्धरको **फ्रेमभित्र** कथासङ्ग्रह प्रकाशित भएको छ । **फ्रेमभित्र**, **अर्की आमा**, **अब के हुन्छ ?**, **जिजीविषाको अनुहार**, **आकाशेभूत**, **निरमाया मिसको डायरी**, **मिथक अवतरण** र **हस्पिटलको बेड**बाट गरी जम्मा ८ वटा कथाहरू मानन्धरको '**फ्रेमभित्र**' कथासङ्ग्रहमा सङ्गृहीत छन् । उनका यी कथाहरूमा विषयवस्तुलाई जिल्लाका अन्य कथाकारहरूका कथाहरू भन्दा फरक ढङ्गमा प्रयोग गरिएको पाइन्छ । थुप्रै पूर्ण कथा बन्न सक्ने विषयवस्तु उपकथाका रूपमा आएका यी कथामा प्रचलित आम कथाभन्दा लीला लेखनका कथामा पाइने विशेषता आएका छन् ।[45]

क) कथावस्तु

**फ्रेमभित्र** कथासङ्ग्रहको **फ्रेमभित्र** कथामा फ्रेम १ देखि फेम ७ भित्र हाम्रो देशको इतिहासमा घटेका विभिन्न घटनाहरूलाई विषयवस्तु बनाइएको छ । माओवादी जनयुद्धको समयमा विद्रोही पक्ष र सरकारपक्षबाट प्रताडित हुन बाध्य नेपालीको अवस्था चित्रण गरिएका **अर्की आमा** कथामा गरिएको छ भने **आकासे भूत** कथामा **हत्या**, **हिंसा आतङ्क** र **युद्धको** विरोध गरिएको पाइन्छ । इमान्दार कार्यकर्तामाथि गरिएको जनकारवाही माओवादीभित्रको विकृति हो भने सरकारी सेनाबाट गाउँमा मच्चाएको आतङ्क सरकारी वर्वरता हो । त्यसैगरी युद्धले बच्चामा पारेको नरामो प्रभावलाई पनि यी कथामा देखाइएको छ ।

जीवनको नश्वरता, क्षणिकता र अर्थहीन समाप्तिको दार्शनिक व्याख्या **अब के हुन्छ ?** कथामा पाइन्छ भने जिजीविषाको अनुहार कथामा विश्वयुद्धमा मरुभूमिमा अलपत्र पात्रलाई आआफ्नो देशसम्म पुऱ्याएर विश्वयुद्धको अवस्थामा नेतृत्वमा फरक भावना पाइए पनि सैनिक वर्गमा भने एक अर्काप्रति सम्मान गर्ने प्रवृत्ति रहेको प्रसङ्ग उल्लेख गरिएको छ ।

नारी स्वतन्त्रता, नारी अस्तित्त्व र नारी चाहनामाथि पुरुषप्रधान समाजले गरेको शोषण, दमन, अन्याय र अत्याचार तथा नारीवर्गमाथि हुने यी क्रियाकलाप पति मलजल प्रदान गर्ने स्वयं नारीहरूकै विरुद्धमा आवाज उठाइएको **निरमाया मिसको डायरी** कथामा यथार्थवादी स्वर पाइन्छ । लिङ्गीय शोषणका विरुद्धमा आवाज उठाइएको यो कथामा नारीहरूमाथि गरिएका पारिवारिक हिंसा, द्वन्द्व, नारी इच्छाको अवहेलना, वहुविवाह, नारीमाथि लगाइने झुटा लाञ्छना प्रति विद्रोह गर्दै नारी

[44] सुन्दर मानन्धरकै फेमभित्र कथा सङ्ग्रहबाट ।

[45] कृष्ण धरावासी :- फ्रेमभित्र कथा सङ्ग्रहको भूमिकामा ।

अस्तित्त्वको खोजी गरिएको छ । धोबीको कुरा सुनेर सती सावित्री सीतालाई रामले परित्याग गरे जस्तै आजका नारीहरूका पीडालाई **मिथक अवतरण** कथामा देखाइएको छ ।

हस्पिटलमा विरामी र नर्सको आत्मिक सम्बन्ध देखाएर नर्सहरू कसरी दिनरात निस्वार्थ भावले विरामीको सेवामा समर्पित हुन्छन् भन्ने कुरा **हस्पिटलको बेडबाट** कथाभित्रका पात्रको संवादमा देखाइएको छ । यस कथामा फ्लोरेन्स नाइटिंगेल र मदर टेरेसासँग हस्पिटलका नर्सहरूलाई तुलना गरएको छ ।

समग्रमा हेर्दा सामाजिक तथा राजनीतिक विषयवस्तु समेटिएका यी कथामा युद्ध तथा हत्याहिंसाको विरोध गर्दै नारीशोषणको अन्त्य र शान्तिको आह्वान गरिएको छ ।

ख) चरित्रचित्रण

सुन्दर मानन्धरका यस सङ्ग्रहभित्रका कथामा प्राय म पात्रको बाहुल्यता पाइन्छ । म मात्र कै माध्यमबाट अगाडि बढेका यी कथामा निरङ्कुश पात्रको प्रतीकका रूपमा बादललाई **फेमभित्र** कथामा प्रयोग गरिएको छ । विश्वयुद्धको प्रसङ्गमा विदेशी पात्रहरूको प्रयोग गरिएको पाइन्छ भने नेपालकै सन्दर्भमा पनि क्रान्तिकारीदेखि उद्धण्ड खालका पात्र र न्यायकी प्रतिमूर्ति मानिएकी **आमा** पात्रको प्रयोग भएको छ । मिथकीय पात्रदेखि नारी अस्तित्व र नारी स्वतन्त्रताकी प्रतिमूर्ति **निरमाया**जस्ता पात्रहरू पनि कथामा समेटिएका छन् । विरामी, नर्सदेखि लिएर बालबालिका तथा डाक्टरहरू पनि कथामा प्रयोग भएका छन् । भावनात्मक सम्बन्धदेखि सामाजिक न्याय तथा शान्तिको चाहना राख्ने र स्वतन्त्रता र अस्तित्त्व रक्षाका निम्ति संघर्षरत प्रगतिवादी चरित्रको प्रयोग यी कथामा पाइन्छ ।

ग) परिवेश

प्रकृति चित्रणको भरपुर प्रयोग भएका मानन्धरका कथामा विश्वयुद्धको प्रसङ्ग देखाउन विश्वयुद्धताकाको समय र विदेशी मरुभूमिदेखि अनकन्टार जङ्गलको चित्रण गरिएको छ ।

काठमाडौंका पशुपति, वाग्मती, श्लेषमान्तकदेखि स्याङ्जा, वालिङ तथा पोखरा आदि ठाउँहरू कथामा परिवेशका रूपमा आएका छन् । जनयुद्धताका नेपाली समाजमा परिवर्तनका नाममा देखिएका विकृति तथा विसङ्गतिलाई उजागर गर्ने नेपाली ग्रामीण परिवेशको यथार्थचित्रण गरिएको पाइन्छ । त्यसै गरी परिवारभित्र नारीमाथि गरिएको शोषण, अन्याय र अत्याचार देखाउन पारिवारिक परिवेश पनि कथामा देखाइएको छ । मूलतः युद्ध तथा आतङ्कले ग्रसित नेपाली भूभाग र समग्र विश्वकै अवस्था चित्रणदेखि नेपाली समाज र अस्पतालको परिवेशको चित्रण समेत कथामा आएका छन् ।

घ) भाषाशैली

प्राय संस्मरणात्मक शैलीमा लेखिएका यी कथामा सरल नेपाली भाषाका साथै सङ्केत भाषाका शब्द तथा श्लोकदेखि अङ्ग्रेजी भाषाको समेत प्रयोग भएका छन् । विभिन्न उपशीर्षक तथा फ्रेममा विभाजित यी कथामा 'केरे' जस्ता स्याङ्जाका स्थानीय भाषिका र 'होऊ' जस्ता पूर्वी नेपालका स्थानीय भाषिकाका थेगाको प्रयोग भएको पाइन्छ । कथाभित्र कथा रहेका यी कथामा अनुकरणात्मक शब्दको समेत प्रयोग भएको पाइन्छ । प्रश्नबाचक शीर्षकमा लेखिएका यी कथामा वृत्ताकारीय ढाँचा तथा डायरीशैली, पत्रात्मकशैली, संवादात्मक शैली आदिको प्रयोग भएको पाइन्छ । निबन्ध जस्ता यी कथा भावतत्त्वका दृष्टिले कविताजस्ता पनि छन् ।

ङ) उद्देश्य

निरङ्कुशताको पर्दाफास, राजपरिवारको मृत्यु, विश्वयुद्धताका मच्चिएको वर्वरतादेखि माओवादी जनयुद्धमा दबिएका नेपालीको अवस्था, नेपाली पारिवारिक समाजमा नारीको स्थान, अस्पतालमा नर्सको भूमिका, युद्ध र आतङ्कले बाँच्न पाउने मानवाधिकारप्रति ल्याएको वितृष्णा आदिको चित्रण नै यी कथाको मूल उद्देश्य हो ।

४.३.११.३ निष्कर्ष

समग्रमा सुन्दर मानन्धरका कथाको अध्ययन गर्दा कथाभित्र थुप्रै उपकथाको प्रस्तुति तथा कथा पढ्न बसेको पात्र स्वंय कथामा समावेश हुन पुगेकाले लीलालेखनका नजिक रहेका यी कथा भाषिक प्रयोगका दृष्टिले त्यति दुरुह र क्लिष्ट भने छैनन् । कथाको स्वाद र सन्देश फरकफरक भएका यी कथामा कतै निबन्धात्मक स्वाद पाइन्छ भने कतै कवितात्मक भाव पाइन्छ । देशभित्र तथा विश्वस्तरमै द्वन्द्वले पारेको गहिरो प्रभावलाई सम्बोधन गरिएका केही कथामा अर्थको बहुलता, वैयक्तिक अर्थचेत, वस्तुको वस्तुताभाव, अर्थनिरपेक्षता आदिको चित्रण पाइन्छ भने केही कथामा जीवनको नश्वरता, क्षणिकता र अर्थहीन समाप्तिको चर्चा पाइन्छ । नारीहरूमाथि हुने गरेका पारिवारिक तथा सामाजिक हिंसा र द्वन्द्वको चित्रण गरिएका केही कथामा लिङ्गीय शोषणका विरुद्ध आवाज ओकलिएको छ । रामायणको विनिर्माण गर्दै रामबाट परित्याग गरिएकी निर्दोष सीताजस्तै कैयौं नेपाली अपहेलित निर्दोष महिलाहरूको प्रसङ्गदेखि युद्धको चपेटामा परेका मानिसहरूले बाँच्नका लागि गरेको संघर्ष यी कथामा देखाइएको छ । हस्पिटलको परिवेशमा नर्सको भूमिकालाई देखाएर साहित्यमा पाठक र लेखकको माध्यमबाट सम्प्रेषणीयता सफल हुन्छ भन्ने देखाइएको छ ।

विभिन्न विषयवस्तुमा स्वाभाविक पात्रका माध्यमबाट सरल नेपाली भाषादेखि सङ्केत र अङ्ग्रेजी भाषाको प्रयोग गर्दै प्रयोगगत विविधता, बौद्धिकताको सघन प्रस्तुति, दार्शनिकताको शक्तिशाली उपस्थिति, पठनीयता, कुतूहलता, बौद्धिक तथा हार्दिक सम्प्रेषण आदिले युक्त यी कथा नेपाली कथाको वर्तमान नवमार्गका रूपमा देखा परिरहेका लीला प्रविधिले सम्पन्न छन् ।[४६] कथाभित्र फ्रेम निर्माण गरेर विभिन्न फ्रेममा फरकफरक विषयवस्तुका कथा उपकथा राख्दै जानु, प्रसङ्गअनुसार फरक फरक प्रसङ्गलाई हहह सङ्केतबाट अलग्याउनु, कथाभित्र उपशीर्षकहरू आउनु,

---

[४६] कृष्ण धरावासी, पूर्ववत् ।

नाटकीय संवादहरूको प्रयोग र कथाको अन्त्यमा अब सुरु हुन्छ- अर्को फ्रेम, आउनेछ, 'भोलि जान्छु- पाण्डुलिपि लिन', चिठी पढ्छु जस्ता भाषाले कथामा नयाँ प्रयोग र कौतूहलता देखाउँछन् । मिथकको प्रयोग गरेर वर्तमानलाई स्पष्ट्याउन सफल सुन्दर मानन्धर यी कथाबाट प्रयोगवादी सामाजिक कथाकारका रूपमा दाँजिएका छन् ।

### ४.३.१२ फुटकर कथा प्रकाशित गर्ने कथाकारहरू

#### ४.३.१२.१ शिवकुमार अधिकारी (१९९७-)

साहित्यकार शिवकुमार अधिकारीको जन्म वि.सं. १९९७ मा हालको पुतलीबजार नगरपालिका वार्ड नं. १३ राङ्खोलामा भएको हो । नेपाली साहित्यका विभिन्न विधामा फुटकर रूपमा देखिए पनि कृतिसङ्ग्रहमा भने अधिकारी संलग्न भएको पाइँदैन । वि.सं. २०२३-२४ देखि स्याङ्जाबाट प्रकाशित हुने '**युगभाषा**' पत्रिकामा उनका क्रमशः **मुख बोलाउ**, **कोपिला**, **लिङ्ग** र **घामविना फूल** कथाहरू विभिन्न अङ्कमा प्रकाशित भएका छन् । त्यसैगरी **कल्याणी** पत्रिकामा **मौलश्रीको फूल** र **रातोमाटो**जस्ता कथा पनि प्रकाशित छन् ।

अधिकारीका कथामा वृद्ध, विधवा एक्ली नारीको चित्रण गर्दै सहाराको आवश्यकता चर्चा गरिएको पाइन्छ । रूप, सौन्दर्य र आभूषणलाई नारीको मूल्याङ्कन गर्ने सामन्ती संस्कारको चित्रण गरिएको **कोपिला** कथामा आर्थिक विषमताको चित्रण पनि पाइन्छ । कमजोरी व्यक्त गर्न नसक्ने र नचाहने मानवीय स्वभाव र यसको परिणामले सृजना हुने मानसिक छटपटी र अशान्तिलाई मनोवैज्ञानिक विषयवस्तुका रूपमा **लिङ्ग** कथामा प्रस्तुत गरिएको छ । त्यस्तै जीवनमा धनसम्पत्ति भन्दा प्रेमको स्थान उच्च रहन्छ भन्ने कुरालाई प्रतीकात्मक रूपमा **घामविना फूल** कथामा अधिकारीले प्रस्तुत गरेका छन् । वर्षा यामको कठोर संघर्षमा मौलश्री फूलले मानव जीवन संघर्षमै सफल हुनसक्छ भन्नेकुरा प्रतीकात्मक रूपमा **मौलश्रीको फूल** कथामा व्यक्त गरेका छन् ।

सहाराविहीन विधवा नारी पात्र सामन्ती संस्कारका पात्र, सौन्दर्य साधनका नारीपात्र, सीमित पात्र, शिक्षित पात्र आदि अधिकारीका कथामा प्रयोग भएका छन् ।

सरल एवं ग्रामीण भाषा शैलीमा लेखिएका अधिकारीका कथामा ठेट नेपाली शब्दका साथै संस्कृतका तत्सम शब्दको प्रयोग गरिएका छन् । भाषामा प्रतीकात्मकता र शैलीमा रोचकता अधिकारीका शैलीगत विशेषता हुन् ।

ग्रामीण तथा सहरी दुवै परिवेश पाइने अधिकारीका कथामा वर्षाकालको पनि चर्चा पाइन्छ । वृद्ध अवस्थामा चाहिने मानवीय सहारा, सामन्ती संस्कारको विरोध, नारी शोषणको विरोध, मानवीय मनोविज्ञानको चित्रण, माया प्रेमभन्दा सम्पत्ति ठूलो नहुने कुराको उल्लेख, संघर्षबाट जीवनसफल हुने कुराको चित्रण नै अधिकारीका कथाका उद्देश्य हुन् ।

ग्रामीण तथा सहरी परिवेशमा घटने यथार्थ घटनालाई स्वाभाविक पात्रका माध्यमबाट सरल एवं ग्रामीण भाषा र रोचक एवं प्रतीकात्मक शैलीमा कथा प्रस्तुत गर्नु अधिकारीको प्रमुख विशेषता हो । समाजमा लोग्ने, आइमाई भनेर वर्ग विभाजन गर्न नहुने कुराको उल्लेख उनका

कथामा पाइन्छ । कथाकारका विचारमा महिला, पुरुष, बाल, युवा सबैको संगम नै समाज हो । समाजमा धनी, गरिब, शिक्षितअशिक्षित सबै रहने हुनाले कुनै एउटा मात्र वर्गले पूर्ण समाज बन्न नसक्ने भएकाले समाजलाई वर्गवर्गमा विभाजन गर्न नहुने कुरा प्रतीकात्मक रूपमा कथामा उल्लेख गरिएको छ ।

४.३.१२.२ विश्वप्रेम अधिकारी (१९९९-)

विश्वप्रेम अधिकारीको जन्म वि.सं. १९९९ साउन १७ गते पुतलीबजार नगरपालिका वार्ड नं. १३ राङ्खोलामा भएको हो ।[४७] शैक्षिक प्रमाणपत्रमा भने उनको जन्म वि.सं. २००३ साउन ५ गते उल्लेख गरिएको छ । कवितासङ्ग्रहलगायत पश्चिमाञ्चल र आँधीखोला क्षेत्रसँग सम्बन्धित लोकसंस्कृति र लोकगीत परम्परालाई उकास्ने साहित्यिक व्यक्तित्व विश्वप्रेम अधिकारीका कथाहरू भने फुटकर रूपमा प्रकाशित छन् ।

**नोलो मान्छे** (युगभाषा, २०२४), **पुजारी कान्छो** (रजस्थल, २०५९), **टिमुरको झोल** (रजस्थल, २०५६): **स्वर्ग र पितृ** (रजसूथल, २०५६), **सुवेदारकी छोरी** (रजस्थल, २०५७) आदिरूपमा अधिकारीका फुटकर कथाहरू हुन् ।

पश्चिमी सभ्यताको प्रभावले नेपाली मौलिक संस्कृति खतरामा पुगेको स्थितिको चित्रण **नौलो मान्छे** कथामा प्रस्तुत गरिएको छ भने पञ्चायती शासन कालमा जेल परेका निर्दोष व्यक्तिलाई कसरी नङ्ग्याइन्छ भन्ने कुरा **पुजारी कान्छो** कथामा देखाइएको छ । नेपालीको तीज जस्तो चाडमा आइमाई तथा केटाकेटीहरूले रमाइलो गर्नु र मिठो-मिठो खानुको सट्टा घाँसदाउरा गर्नु र टिमुरको झोलमा चाडपर्व गुजार्नु पर्ने अवस्थाको चित्रण **टिमुरको झोल** कथामा देखाइएको छ । विश्वयुद्धमा भारतीय सेनामा संलग्न नेपाली युवाहरू अफ्रिकामा निर्वासित हुनु परेको र नेपालमा मृत्यु भएको पत्र आई उनीहरूको काजक्रिया भइसकेको अवस्थाको प्रस्तुति **स्वर्ग र पितृ** कथामा पाइन्छ । छोरीका इच्छा र आकाङ्क्षाको सोधपुछ नै नगरी विवाहको निर्णय गर्ने नेपाली चलन र विदेशी सेनामा संलग्न नेपालीलाई नेपालकै स्वतन्त्रतामा संलग्न हुन राष्ट्रियताको पाठ **सुवेदाराकी छोरी** कथामा उल्लेख छ ।

कथाकार विश्वप्रेम अधिकारीका कथामा आफ्नो सुंस्कृति र परम्परा विरोधी पात्र, पुजारी कान्छो जस्ता निर्दोष पात्र, गरिबीको प्रतिनिधित्व गर्ने पात्रहरू, विश्वयुद्धमा संलग्न नेपाली पात्र र अफ्रिकी पात्रहरू, ढाक्रे, भरिया, सुवेदारजस्तै सैनिक सेवाबाट अवकास प्राप्त पात्र र आफ्नै बिहामा एक वचनसम्म नसोधिएकी आशा जस्ती नारी पात्रको प्रयोग पाइन्छ ।

स्याङ्जा, पोखरा, गुल्मी पाल्पालगायत नेपालका जेलको परिवेश र गोरखपुर, सुनौली र अफ्रिकी क्षेत्रमा नेपालीले भोगेका अवस्थाको चित्रण अधिकारीका कथामा पाइन्छ । विश्वयुद्धको प्रसङ्गदेखि नेपाली स्वतन्त्रतामा संलग्नलाई दिइएको जेल यातनालाई चित्रण गर्न दोसो विश्वयुद्धताकाको समय र पञ्चायतकालीन परिवेश कथामा पाइन्छ ।

[४७] कथाकारसँगको प्रत्यक्ष कुराकानीअनुसार ।

क्रियालाई वाक्यको बीचमा प्रयोग गरिएका काव्यात्मक भाषा अधिकारीको विशेषता हो । बाल संवादको मिठो प्रयोग पाइने अधिकारीका कथामा ठेट नेपाली भाषाका साथै संस्कृतका तत्सम शब्द, वैज्ञानिक शब्द, अङ्ग्रेजी शब्दका साथै संस्कृतका श्लोक समेत प्रयोग भएका छन् । पत्रात्मक एवं संवादात्मक शैलीमा लेखिएका यिनका कथामा प्राय रैखिक ढाँचाको प्रयोग पाइन्छ ।

परम्परा र सांस्कृतिको वचावट, पञ्चायती निरङ्कुशलाको विरोध, गरिबका अभावपूर्ण चाडपर्वको चित्रण, राष्ट्रियताको भावना, वैवाहिक कार्यमा नारीका इच्छाप्रति ध्यान दिनुपर्ने अवस्थाको चित्रण नै अधिकारीका कथाको मूल उद्देश्य हो ।

परिमार्जित शैलीमा काव्यात्मक भाषाको प्रयोग गरी राष्ट्रियताको प्रसङ्ग, गरिबीको प्रसङ्ग, नारी इच्छाको प्रसङ्ग, निर्दोषमाथिको अन्याय र परम्परा र संस्कृतिको जगेर्ना नै अधिकारीका कथाका विषयवस्तु हुन् । यिनै विषयवस्तुलाई प्रस्तुत गर्न कथामा पात्र चयनमा स्वाभाविकता र संवादमा रोचकता पाइने हुनाले कथाकार विश्वप्रेम अधिकारीको योगदान महत्त्वपूर्ण मानिन्छ ।

४.३.१२.३ हर्षराज सुवेदी 'श्रमिक' ( ? )

**पत्रिकाहरूको बिटोमा एकपत्र**, **लुकेका गतिविधिहरू**, **आँकुसे**, **विवशता**, **उसले छोरो पाई** र **ढल्कँदो साँझ** गरी श्रमिकका युगभाषा पत्रिकाका विभिन्न अङ्कमा जम्मा ६ वटा कथा प्रकाशित छन् । श्रमिकका कथामा नारी अधिकार र स्वतन्त्रताका लागि क्रान्तिकारी स्वर, तत्कालीन पञ्चायती शासन व्यवस्थाको क्रूर चित्रण, आफ्नो कमाईको अभावमा स्वास्नीको कमाई खान बाध्य भएको लोग्नेको विवशता आदिलाई पूर्वस्मृति शैली तथा पत्रात्मक शैलीमा प्रस्तुत गरिएको पाइन्छ । सरल र ग्रामीण भाषा शैलीको प्रयोग गरिएका श्रमिकका कथामा मनोवैज्ञानिक विषयवस्तु र विषवस्तुगत नवीनता पनि पाइन्छ ।

४.३.१२.४ राजेन्द्रकुमार श्रेष्ठ ( ? )

फुटकर रचनामा संलग्न राजेन्द्रकुमार श्रेष्ठका **एउटा आकाशको अन्त्य**, **बेलगाम**, **अल्झिएको मन**, **विछोडिएकाहरू**, **स्वर्ण अक्षर**, **अनुत्तरित प्रश्नहरू**, **अन्तिम सहिद**, **पुनर्मिलन**आदि रजस्थल पत्रिकाका क्रमश २,३,५,६, १९-२०, २५, २६ र २९ अंकमा प्रकाशित फुटकर कथाहरू हुन् ।

कथाकार राजेन्द्र श्रेष्ठका कथामा थोरै पात्रको प्रयोग गरेर पनि नेपाली ग्रामीण समाजमा मनपरेका युवायुवतीले एकआपसमा एकअर्कालाई गरेका माया प्रेमको कुरा व्यक्त गर्न नसकेका अवस्था र इच्छा विपरीतका विवाह प्रसङ्गलाई देखाइएको छ । हाम्रो देशमा विद्यमान निरङ्कुशताको आडमा बढ्दै गएको अन्याय र अत्याचारको विरुद्धमा थालिएको सशस्त्र जनयुद्ध र २०६२/०६३ को निरङ्कुश राजतन्त्रका विरुद्ध गरिएको जनआन्दोलनपछिको शान्तिको पुनर्वहालीको चर्चा श्रेष्ठका कथामा पाइन्छ ।

सहरी तथा ग्रामीण परिवेशमा घटेका यथार्थ सामाजिक घटनाहरूलाई प्राकृतिक चित्रणका साथ प्रस्तुत गरिएका श्रेष्ठका कथामा नेपाली ठेट शब्ददेखि संस्कृतका तत्सम शब्द र अङ्ग्रेजी शब्दहरू पनि प्रयोग भएका छन् । लघुदेखि मझौला आकारसम्मका उनका कथामा वृत्ताकारीय ढाँचा र संस्मरणात्मक शैली पाइन्छ । श्रेष्ठका कथामा युवाप्रेम, सांस्कृतिक चाडपर्व सशस्त्र जनयुद्ध, जनआन्दोलन र शान्ति पुनर्वहाली, प्राकृतिक चित्रण आदि श्रेष्ठका कथामा उद्देश्यका रूपमा रहेको पाइन्छ ।

४.३.१२.५ अनन्त अर्याल (२०२३-)

थुमपोखरा स्याङ्जामा वि.सं. २०२३ मा जन्मिएका अनन्त अर्यालका हालसम्म **म आलोच्य छु** कवितासङ्ग्रह (२०५९) र **अव्यक्त तृष्णा** कथासङ्ग्रह (२०६०) प्रकाशित छन् । यी बाहेक **तिवारी सर त नमुना पात्र हुन्** (सगुन, अंक १), **उसको जीवन** (सगुन, अंक-२, २०५९), **पौवाको खैरो कुकुर** (सगुन, अंक ३), **कथाकारको नखोजिएको कथा** (सगुन, अंक ५), **सरलाको एक रात** (सगुन, अंक ६), **विकल्प** (रजस्थता, अंक १६) आदि अर्यालका फुटकर रूपमा प्रकाशित कथा हुन् ।

सैनिक जीवनको प्रसङ्ग, सामाजिक परमपराका निरर्थक संस्कार र संस्कृतिको विरोध, नारीबन्धन र पुनर्विवाहको प्रसङ्ग आदि जस्ता सामाजिक विषयवस्तुलाई अर्यालले कथामा सरल भाषामा प्रस्तुत गरेका छन् ।

पतिको मृत्युपछि नारी पतिको इज्जत धान्न परम्परागत संस्कारको पालना गरेर बस्नु पर्ने नारी चरित्रको विद्रोह गर्ने नारी पात्रहरू उनका कथामा आएका छन् । त्यसैगरी उनका कथामा माओवादी जनयुद्धका समयमा सेन्ट्री बस्नु पर्ने, गस्ती गर्नु पर्ने सैनिक चरित्रको चित्रण, शिक्षक पेसामा संलग्न चरित्र आदि पात्रहरू कथामा प्रयोग भएका छन् ।

प्रकृतिको सुन्दर चित्रण गरिएका अर्यालका कथामा रातीको समय, अन्धकार परिवेश, माओवादी जनयुद्धको समय आदिमा देखिएको विकराल अवस्था आदिको चित्रण गरिएको पाइन्छ ।

कवितात्मक मिठो भाषाको प्रयोग गरिएका अर्यालका फुटकर कथामा क्रियान्तका साथै अन्य खालका वाक्यको प्रयोग पाइन्छ । नेपाली मानक भाषा प्रयोग गरिएका उनका कथा प्रायः विवरणात्मक शैली र रैखिक ढाँचामा लेखिएका छन् ।

बैंस छँदैं पति गुमाएकी नेपाली महिलालाई जीवनभर एकल महिलाका रूपमा बन्धन बनाउन बाध्य पारेको परम्परागत संस्कारका विरुद्ध महिलालाई जागरुक गराउनु, माओवादी जनयुद्धमा सैनिक अवस्थाको चित्रण गर्नु आदि अर्यालका फुटकर कथाको उद्देश्य हो ।

४.३.१२.६ अर्जुनकुमार अर्याल (२०३३-)

**सुनिताको चिठी** कथासङ्ग्रह प्रकाशित गरिसकेका अर्यालका **आमा नरोऊ**, **नियति**, **ऊ मौन उभिरहन्छ**, **भत्किएको जिन्दगी** आदि **रजस्थल**का विभिन्न अङ्कमा प्रकाशित फुटकर कथाहरू हुन् ।

ग्रामीण समाजमा विद्यमान रहेको जातपात, छुवाछुत प्रथा, प्रेमप्रसङ्ग, देशभक्तिपूर्ण भवनाले ओतप्रोत भएका विषयवस्तुलाई यथार्थरूपमा टिपेर अर्यालले आफ्ना कथामा प्रस्तुत गरेका छन् । विदेशमा बस्ने नेपालीले नेपाली हुँ भन्न मन नपराउने कुरालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएका यिनका कथामा स्वाभाविक पात्र स्याङ्जा र पोखरा आसपासदेखि नेपाल बाहिरसम्मको परिवेश पाइन्छ । अनुप्रासयुक्त स्थानीय भाषिका मिश्रित काव्यात्मक भाषाको प्रायोग विवरणात्मक तथा पत्रात्मक शैलीले अर्यालका कथा रोचक देखिन्छन् । संवादमा सहजता पाइने यिनका कथामा नेपाली ग्रामीण समाजमा विद्यमान छुवाछुत प्रथा देखाउदै प्रेमप्रणय र देशभक्तिपूर्ण भावनासहित नेपालको विकासमा संलग्न हुन सबै नेपालीलाई आह्वान गरिएको छ ।

४.३.१२.७ प्रेमराज लुइटेल (२०३५-)

थुमपोखरा-७ स्याङ्जामा वि.सं. २०३५ साउन २५ गते जन्मिएका प्रेमराज लुइटेल युवा साहित्यकारका रूपमा चिनिन्छन् । विभिन्न साहित्यिक संघसंस्थामा संलग्न लुइटेलका कृतिका रूपमा कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ भने फुटकर रूपमा कथा, निबन्ध, समालोचना पनि प्रकाशित भएका छन् । स्नातकोत्तरसम्मको अध्ययन पूरा गरेका लुइटेल हाल वालिङ बहुमुखी क्याम्पस, वालिङ, स्याङ्जामा प्राध्यापन र विभिन्न साहित्यिक पत्रिकाको सम्पादनमा निरन्तर संलग्न छन् ।

**जसमाया** (सगुन १), **पर्दापारिएको जागिर** (सगुन-३) **नखोजिएको जिन्दगी** (सगुन ४), **दागबत्ती, कन्जुस बुढी** र **छुट्टुबुढा** (कोपिला) गरी जम्मा ७ वटा जति फुटकर रूपमा प्रकाशित लुइटेलका कथामा, मुखियाको सामन्ती प्रथा, भूमिगत आन्दोलनजस्ता सामाजिक र राजनीतिक विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

प्रायः सामाजिक विषयवस्तुमै अल्मलिएका लुइटेलका कथामा राजनीतिक विषयवस्तुको समेत प्रवेश भएको पाइन्छ । ग्रामीण पहाडी समाजमा गरिब वर्गमाथि मुखियाले गरेको दमनशोषण र अन्यायका विरुद्धमा लागेका निर्दोष व्यक्तिमाथि सरकारी सुरक्षाको आड लिएर गरिएको बर्बरताको चित्रण, बलात्कारको चित्रण, अन्याय र शोषणबाट पीडित र पलायन भएकाहरूको यथार्थचित्रण, भूमिगत हुनु परेका अवस्था, आन्दालेनको समाप्तिसँगै नेपाली ग्रामीण समाजका ठूलाबडा भनाउँदा शोषकसामन्ती प्रवृत्तिका मान्छेहरू छेपाराले रङ फेरेजस्तै प्रजातन्त्रवादी तथा प्रगतिवादी बनेर समाजमा उनीहरूकै हालीमुहाली रहेको अवस्थाको चित्रण उनका कथाका विषयवस्तु हुन् । सामाजिक विषवयवस्तुअनुसारका पात्रहरू चयन गरिएका उनका कथामा सामाजिक तथा राजनीतिक रूपमा शोषक र सामन्त वर्गका पात्रहरू र शोषित तथा पीडित वर्गका पात्रहरू प्रयोग भएका छन् ।

ग्रामीण समाजमा घट्ने घटनालाई प्रस्तुत गर्न पश्चिमाञ्चलको पहाडी ग्रामीण समाज, पलायन भएर बुटवल झर्ने अवस्थाको चित्रण गर्न बुटवल बजारको परिवेश, युद्धअवस्था आदि परिवेशको चित्रण गर्न माओवादी जनयुद्धको समय आदि लुइटेलका कथामा आएका छन् । मानक

नेपाली भाषाको प्रयोग गरिएका उनका कथामा कतैकतै स्थानीय भाषाको प्रभाव पाइन्छ । भन्ने र सुन्ने परम्परामा लेखिएको **नखोजिएको जिन्दगी** कथामा संस्मरणात्मक शैलीको प्रयोग भएको छ ।

समग्रमा हेर्दा लुइटेलका फुटकर कथामा माओवादी जनयुद्धको समयमा गरिब निमुखाप्रति गरिएको अन्याय, अत्याचार, शोषण र बलात्कारका बर्बर घटनाको चित्रणदेखि समयअनुसार आफूलाई बदल्ने शोषकवर्गको चित्रण गरिएको छ । नेताहरूप्रति गरिएको विश्वासघातमा परिणत भएको अवस्था, अन्याय र अत्याचार सहन नसकेर गाउँ छोडेर पलायन हुनुपरेको अवस्था, भूमिगत हुनुपरेको अवस्था आदि उल्लेख गर्नु नै लुइटेलका फुटकर कथाको उद्देश्य पाइन्छ ।

४.३.१२.८ गायत्री लम्साल ‘परिरोशनी’ (२०३६-)

चिन्नेवास-२, स्याङ्जामा २०३६ असार २२ मा जन्मिएकी गायत्री परिरोशनी साहित्यिक पत्रपत्रिका सम्पादन र विभिन्न साहित्यिक संघसंस्थामा संलग्न नारी साहित्यकार हुन् । स्नातकोत्तर अध्ययनरत परिरोशनी वालिङ नगरपालिकामा संलग्न रहेकी छन् । हास्यव्यङ्ग्य क्षेत्रमा निवन्ध र कवितासङ्ग्रह प्रकाशित परिरोशनीका फुटकर रूपमा कथा, कविता, लेख, निबन्धहरू पनि प्रकाशित छन् ।

फुटकर रूपमा प्रकाशित **पापको पराकाष्ठा** (सगुन-७), **विजु** (सगुन-८), **अर्की बौलाहीको जन्म** (सगुन), **पहाड खसेपछि**, **बसन्ती जम्काभेट**, **म रावण**, **सीता मेरी श्रीमती** आदि कथामा नारीलाई हेर्ने फरक दृष्टिकोण, कुलतको परिणाम नारीप्रति पुरुषको कुकृत्य र नारीमाथिको निर्दोषपनलाई नारीले बुझ्न नसकेको अवस्थाको चित्रण चाडपर्वआदि प्रसङ्गलाई परिरोशनीले विषयवस्तुको रूपमा उपयोग गरेको पाइन्छ ।

प्राय ग्रामीण सामाजिक परवेशमा लेखिएका यी कथामा सरल नेपाली भाषाको प्रयोग गरिएको पाइन्छ । संस्मरणात्मक शैलीको प्रयोग गरेर लेखिएको '**विजु**' कथा उनको उत्कृष्ट कथा हो । यस कथामा कुनै समयमा बैनीका रूपमा स्वीकारिएकी बिजुलाई म पात्रले आवेशमा आएर उसलाई बैनी मात्रै नमानेर ऊ सबै थोक हो भनी बलात्कार गर्नसमेत पछि परेन भने दिनु (म पात्रकी श्रीमती) ले समेत वास्तविकता बुझ्दै नबुझी म मात्रले रोक्दारोक्दै पनि छुरी रोपेर निर्दोष बिजुको हत्या गरी । घटनापछि मात्र यस कथामा म पात्र पश्चातापमा परेको विषयवस्तुलाई यस कथामा देखाइएको छ ।

प्रायः सामाजिक विषयवस्तुमा आधारित परिरोशनीका कथा सामाजिक परिवेशमै घटेका छन् । उनका कथामा सामाजिक विषयवस्तुलाई यथार्थ रूपमा प्रस्तुत गर्न पात्रहरू पनि स्वभाविक रूपमै उतारिएका छन् । नारीलाई सबै थोक मानेर भोग्यवस्तुका रूपमा लिने पुरुष पात्रदेखि नारीमाथिको अन्यायलाई नबुझ्ने नारी पात्रकै चर्चा कथामा आएका छन् । मिठो र सरल नेपाली भाषाको प्रयोगले उनका कथा रोचक पनि छन् । घटनाको अन्तबाट सुरुतर्फ अगाडि बढेका वृत्ताकारीय कथानक ढाँचाका उनका कथामा कुतूहलता समेत पाइन्छ । आवेशमा आएर पुरुषले नारीमाथि गर्ने क्षुद्र व्यवहार तथा नारीमाथिको निर्दोषपन बुझ्न नसक्ने नारी मानसिकताको चित्रण

पाइने उनका कथामा नारी न्यायका निम्ति नारीलाई नै बाधक र नारी अन्यायका उपासक मानिन्छ ।

## ४.४ निष्कर्ष

समग्रमा हेर्दा स्याङ्जाबाट फुटकर रूपमा कथा प्रकाशित गर्ने थुप्रै कथाकारहरू रहेको पाइन्छ । सिङ्गो नेपाली कथा साहित्यको भवननिर्माणमा स्याङ्जाबाट भएको योगदानमा प्रत्येक महत्त्वपूर्ण इट्टाको काम गर्ने फुटकर कथा लेख्ने स्याङ्जाली कथाकारहरू यसप्रकार छन्-

अग्निप्रसाद काफ्ले, माया गुरुङ, यदुराज शर्मा, पुस्कर थापा, के.पी. गुरुङ, अंशुमाली, गोविन्दराज भट्टराई, पीताम्बर नेपाली,कल्पना श्रेष्ठ, चिन्तु गिरी, सीता अर्याल, नवराज भण्डारी, सूर्यप्रसाद रेग्मी, ध्रुव पंगेनी, सुरज अधिकारी, दिग्विजय सुवेदी, नारायण पाण्डेय, धर्मराज पौडेल, रजनी ढकाल, ध्रुवप्रसाद शर्मा, दुर्गाबहादुर रोकाहा, खगेन्द्रराज रेग्मी, नवराज वराल, दण्डपाणी शर्मा, पथिकराज शर्मा, देवजी अकेला, अविनाशी पौडेल, रामकुमार कँडेल, कमल बगाले, तुलसी गौंडेल, धनराज सापकोटा, प्रभाव खनाल, रामप्रसाद रेग्मी, टेकराज अधिकारी, याम राना, उमा अर्याल, चक्रबहादुर पराजुली, रेशमराज रेग्मी, बी.पी. पौडेल, महेन्द्र लामिछाने, राजुबाबु श्रेष्ठ, महेश लुइटेल, दीनदयाल, देवीप्रसाद अर्याल, जे.एल. काफ्ले, सुमन श्रेष्ठ, पदमबहादुर गुरुङ, विष्णु गिरी, दीपक पौडेल 'भावुक', भीष्मराज ढुङ्गेल, भक्त लामिछाने, सरु पोखेल, अर्जुन पौडेल, लक्ष्मी भण्डारी, परशुराम अधिकारी, हरिषचन्द्र शाह ठकुरी, नारायणप्रसाद सापकोटा, आर.डी.घायल, डा. शेषकान्त अर्याल, गोमा पौडेल, भीमसेन पौडेल, रामचन्द्र सुवेदी, जगदीश पौडेल, तुलसी प्रवास, लोकहरि पाण्डेय, सरस्वती पाण्डेय, गोविन्द बराल,..आदि ।

यी विभिन्न कथाकारहरूका विभिन्न पत्रपत्रिकामा प्रकाशित कथाहरूले नेपाली ग्रामीण तथा सामाजिक परिवेशको यथार्थ चित्रणदेखि लिएर व्यक्तिगत मनोवैज्ञानिक यथार्थको समेत चित्रण गरेका छन् । नेपाली समाजका सांस्कृतिक चाडपर्वदेखि लिएर राजनीतिक सन्दर्भलाई विषयवस्तु बनाइएका फुटकर कथाहरूमा आन्दोलन र प्रजातन्त्रप्राप्तिको प्रसङ्गलाई समेट्दै राष्ट्रवादी स्वर उजागर गरेको पाइन्छ ।

स्याङ्जा जिल्लाका कथाकारहरूको सङ्ख्यात्मक उपस्थिति मात्र नभई गुणात्मक उपस्थिति पनि रहेको छ । विविध चिन्तन, विषयवस्तु, पात्र प्रयोगमा विविधता, परिवेशमा व्यापकता, भाषामा स्थानीयता आदि स्याङ्जाका कथाकारको उल्लेख्य योगदान हुन् ।

# पाँचौ परिच्छेद
# नेपाली कथामा स्याङ्जा जिल्लाको योगदान

## ५.१ पृष्ठभूमि

पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानसँगै शुभारम्भ भएको नेपाली कथालेखन परम्परा विभिन्न मोड र प्रवृत्ति हुँदै यहाँसम्म आइपुगेको छ । नेपाली कथा प्राथमिक काल हुँदै आधुनिक कालको उत्तरार्द्ध चरणसम्म आइपुग्न विभिन्न समयमा व्यक्तिगतदेखि पत्रपत्रिका, संघसंस्था आदिको उल्लेखनीय योगदान रहेको पाइन्छ । नेपाल बाहिर भारतका विभिन्न स्थानमा प्रवासी जीवन बिताएका विभिन्न व्यक्ति तथा संघसंस्थाले नेपाली कथाको विकासमा निरन्तरता दिएको पाइन्छ ।

नेपाली कथाको विकासमा विभिन्न समयमा विभिन्न ठाउँबाट भएका प्रयासहरूको अध्ययन, अनुसन्धान गर्दा केन्द्रको महत्त्वपूर्ण भूमिका रहेपनि क्षेत्रीय स्तरबाट पनि नेपाली कथाको महल निर्माणमा महत्त्वपूर्ण इट्टाको काम भएको पाइन्छ । क्षेत्रीय स्तरबाट भएका महत्त्वपूर्ण प्रयासहरूमध्ये स्याङजा जिल्लाको योगदानलाई पनि उल्लेखनीय मानिन्छ । नेपाली कथा विकासको आधुनिककालमा आएर यस क्षेत्रका स्रष्टाहरू कथा लेखनमा अग्रसर भएका छन् । शिक्षा आर्जनको सिलसिलामा जिल्लाबाहिर र भारतका बनारसजस्ता शैक्षिक स्थलमा रहँदा बस्दादेखि नै कथालेखनमा लागेका यस जिल्लाका स्रष्टाहरूमध्ये कथाकार भेषजराज शर्मा उल्लेखनीय मानिन्छन् । वि.सं. २००७ सालको प्रजातन्त्र आगमनको लगत्तै बनारस पुगेका शर्मा २०१०-११ तिरबाटै कथा लेखनमा लागेर विभिन्न पत्रिकामा आफ्ना कथाहरू प्रकाशित गराएका छन् । फुटकर रूपमा प्रकाशित उनका कथाहरू मध्ये **सपनाको कथा** (**छात्रवाणी**, वर्ष ३, अंक ३, २०१४ बनारस) नामक कथा कथा-प्रतियोगितामा तृतीयस्थान प्राप्त गर्न सफल भएको उल्लेख पाइन्छ । स्याङ्जामा कथालेखनको आरम्भ गर्ने शर्माको योगदान नेपाली कथा क्षेत्रमा पनि बिर्सन मिल्दैन ।

## ५.२ कथावस्तुमा विविधता

नेपाली कथालेखन परम्परामा देखिएका मूलप्रवृत्तिमध्ये सामाजिक विषयवस्तुअन्तर्गत पारिवारिक स्थिति, उच्च तथा निम्नवर्गीय जनजीवन, जागिरे जीवन, सहरीया तथा ग्रामीण जनजीवनका समस्या तथा विकृतिविसङ्गति आदिको प्रस्तुति यथार्थ रूपमा यस क्षेत्रका कथाकारका कथामा पाइन्छ । प्रेम तथा यौनमूलक, मृत्युमुलक, बलात्कार, मनोविश्लेषण, राजनैतिक, धर्म तथा संस्कृतिमूलक, रहस्यमूलक वैज्ञानिक, ऐतिहासिक, पौराणिक मिथक आदिलाई समेत यस क्षेत्रका कथामा समेटिएको पाइन्छ । यिनै मूल विषयवस्तु नै स्याङ्जा जिल्लाका कथाकारका कथामा समेटिएको छ । नेपाली ग्रामीण तथा सहरी परिवेशमा देखिएका सामाजिक तथा राजनीतिक विकृति र विसङ्गतिदेखि विश्वस्तरमै देखिएका अन्याय, अत्याचार, शोषण र दमनका विरुद्धसमेत विद्रोहात्मक रूपमा प्रगतिवादी स्वर उरालिएको पाइन्छ ।

उद्देश्यका आधारमा हेर्दा यस क्षेत्रका कथाकारहरूका कथामा सामाजिक यथार्थ र आदर्शको बहुल प्रयोग भएको पाइन्छ भने अस्तित्त्ववादी, विसङ्गतिवादी, प्रयोगवादी, दार्शनिकता, भावनात्मकता, कल्पनात्मकता, व्यङ्ग्यात्मकता बिचार तथा चिन्तनप्रधान आदि समेत पाइन्छ ।

शैलीका आधारमा हेर्दा यस क्षेत्रका स्रष्टाबाट रचना भएका कथामा घटनाप्रधान, चरित्रप्रधान, परिवेशप्रधान, प्रतीकात्मकताका साथै वर्णनात्मक, आत्मकथनात्मक, नाटकीय वा संवादात्मक, पत्रात्मक, डायरी आदि शैलीको प्रयोग भएको पाइन्छ ।

## ५.४ प्रमुख कथाकारहरूको योगदान

नारी हृदयको अन्तर्व्यथालाई प्राथमिकताका साथ प्रस्तुत गर्ने महेश्वर शर्माका कथामा नेपाली समाजका उकालीओराली, पहाड-तराई, उपत्यका आदि सेरोफेरोमा व्याप्त शोषण, दमन, विकृति विसङ्गति भ्रष्टाचार आदिलाई यथार्थ रूपमा प्रस्तुत गरिएकाले नेपाली कथामा उनको उल्लेखनीय योगदान रहेको छ ।

बालसाहित्यको क्षेत्रमै अग्रणी स्थानमा रहेका देवीप्रसाद वनवासीका बालकथा सङ्ग्रहमा सङ्ग्रहीत कथा मार्फत बालबालिकालाई नीति सन्देशमूलक शिक्षा दिने प्रमुख उद्देश्य राखिए पनि प्रौढहरूमा पनि उत्तिकै प्रभाव पार्ने विषयवस्तुलाई समेटिएको छ । यी कथा पढिसकेपछि जो कोही पाठक पनि आफूमा रहेका जस्ता सुकै खराब बानी व्यवहार त्यागेर असल बाटोको अनुशरण गर्ने मानसिकता बनाउँछ । त्यसैले बालकथाका माध्यमबाट व्यक्तिगत आचारण तथा सामाजिक सुधारमा संलग्न गराउने विषयवस्तु समेटिएका कथा लेख्ने वनवासीको नेपाली कथामा उल्लेखनीय योगदान रहेको छ ।

प्राकृतिक प्रकोप सामाजिक परिवेशमा घट्ने जातपात, छुवाछुत, शैक्षिक क्षेत्रमा देखिएका असमानता, आदिलाई समेटेर बालकथा लेख्ने सुकुम शर्माका फुटकर रूपमा प्रकाशित कथामा सामाजिक यथार्थको चित्रणसँगै अस्तित्त्व, दार्शनिकता, ऐतिहासिकता, विचारमूलकता, व्यङ्ग्यात्मकता, विसङ्गति आदि देखाइएकाले उनको पनि नेपाली कथामा उल्लेखनीय योगदान रहेको छ ।

त्यसैगरी ग्रामीण परिवेशमा देखापर्ने विकृति, विसङ्गति, पञ्चायती व्यवस्थाको दमन, नारी अस्तित्त्व, नारी यौन चाहना, बालमनोविज्ञान आदिलाई यथार्थ रूपमा प्रस्तुत गर्न सफल जयप्रसाद पौडेलको पनि नेपाली कथामा महत्त्वपूर्ण योगदान रहेको छ ।

देशभित्र तथा बाहिर ग्रामीण तथा सहरी परिवेशमा विभिन्न समयमा देखिएका अन्याय, अत्याचार, विकृति तथा विसङ्गतिको यथास्थितिप्रति तीव्र विद्रोहका स्वर साहित्यकार घनश्याम ढकालका कथामा पाइन्छ । यसरी यथार्थ रूपम देखिएका शोषणप्रति विद्रोह गर्दै प्रगतिवादी चेतना फिंजाइएका कथा लेख्ने ढकालको पनि नेपाली कथामा उल्लेखनीय योगदान रहेको छ ।

वर्गीय शोषणदेखि भ्रष्टाचार, बलात्कार, गरिबी आदि समेटिएका कथाकार देवेन्द्र लम्सालका कथामा सामाजिक तथा राजनीतिक यथार्थप्रति देखिएका विकृति र विसङ्गतिको नरम भाषाशैलीमा विद्रोह गरेको पाइन्छ । कथाका माध्यमबाट सामाजिक तथा राजनीतिक क्षेत्रका साथै कलकारखानामा देखिएका यथार्थको चित्रण गर्ने लम्सालको नेपाली कथामा उल्लेखनीय कार्य मानिन्छ ।

सामाजिक तथा राजनीतिक यथार्थ विषयवस्तुका माध्यमबाट नेपाली समाजमा पुरुषहरूबाट विक्षिप्त बन्न पुगेका नारी अवस्थाको चित्रण र गरिबीका कारण काठमाडौंको सहरी परिवेशमा वेश्यवृत्तिमा लाग्न विवश नारीहरूदेखि लागु औषधको कुलत, वेश्यागमनबाट एड्सको शिकार बन्न विवश पुरुष मानकिताको चित्रण आदिले शारदा शर्माका कथा शिक्षामूलक बनेका छन् । लोभ र लालसामा दरबार छिरेका नारीको अवस्था, पतिको उचित माया मोह नपाएर परपुरुषगमन गर्नुपर्ने नारी अवस्था, बाबुको मृत्युबाट पिडित बाल मानसिकता, पञ्चायती क्रूर शासनको चित्रण आदिको यथार्थप्रस्तुति गर्न सफल शारदा शर्माको नेपाली कथामा उल्लेखनीय योगदान रहेको छ ।

सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई हटाएर वर्गीय भेद, सामन्ती संस्कार आदिको समूल अन्त गर्दै स्वच्छ समाजको निर्माण गर्न चाहने प्रगतिवादी स्वर उरालिएका कथा लेख्ने कथाकार परशुराम कोइरालाको नेपाली कथाको प्रगतिवादी कित्तामा उल्लेखनीय योदान रहेको छ ।

विश्व साहित्यका महान साहित्यकार सेक्सपियरका महत्त्वपूर्ण नाटकका विषयवस्तुलाई आधार बनाएर चार्ल्स र मेरील्याम्बद्वारा लिखित **टेल्स फ्रम सेक्सपियर**मा समावेश गरिएका १० कथालाई जलेश्वर पाण्डेले नेपाली भाषामा अनुवाद गरेर यस क्षेत्रमा नौलो परम्परा थपेका छन् । यसरी विश्व साहित्यका महान हस्तीका कथालाई नेपाली भाषामा अनुवाद गरेर नेपाली पाठक वर्गलाई विश्वसाहित्यको अध्ययनमा संलग्न गराउने पाण्डेको नेपाली कथाको अनुवाद परम्परामा उल्लेख्य योगदान रहेको छ ।

सरल भाषामा आयामेली तथा लीलालेखनको मान्यता अनुरूपका विषयवस्तु, पात्र छनोट, मिथकको प्रयोग गरिएका कथाकार सुन्दर मानन्धरका कतै निबन्धात्मक स्वाद र कतै कवितात्मक भाव पाइने कथामा युद्धको प्रभाव देखाउदै हत्याहिंसाको विरोध र शान्तिको आह्वान गरिएका छन् । नारीप्रति हुने सामाजिक हिंसा देखि दार्शनिकता, जीवनअस्तित्त्वको खोजी गरिएका उनका कथामा बीच-बीचमा विभिन्न संकेतको प्रयोग तथा कथाको अन्तमा पनि कथाहरू नसकिएको भान हुने नौलो प्रयोग पाइने हुनाले नेपाली कथामा मानन्धरको छुट्टै पहिचान रहेको छ ।

फुटकर रूपमा थोरै कथा प्रकाशित गरेर पनि नेपाली समाजलाई वर्गीय विभाजन जातीय विभाजन, लिङ्गीय विभाजन गर्न नहुने कुराको उल्लेख कथाकार शिवकुमार अधिकारीले आफ्ना कथामा गरेका छन् । राष्ट्रियताको प्रसङ्ग, गरिबी, नारी इच्छा, निर्दोषमाथिको अन्याय, परम्परा र संस्कृतिको जगेर्ना आदि विषयवस्तुलाई समेटेर फुटकर कथा लेख्ने प्रमुख कथाकारमध्ये विश्वप्रेम

अधिकारीको पनि नेपाली कथामा महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । त्यसैगरी समाज, राजनीति, युद्ध, राष्ट्रियता, नारीको निर्दोषपन आदिका विभिन्न पक्षमा आधारित भएर यस क्षेत्रमा कलम चलाउने कथाकारहरूमा हर्षराज सुवेदी, चिन्तु गिरी, सीता अर्याल, राजेन्द्र कुमार श्रेष्ठ, अनन्त अर्याल, अर्जुनप्रसाद लम्साल, प्रेमराज लुइटेल, गायत्री लम्साल, कल्पना श्रेष्ठ, ज्ञाना गैह्रे, सूर्यप्रसाद रेग्मी लगायतका थुप्रै फुटकर कथाकारहरूको महत्त्वपूर्ण योगदान रहेको छ । यसरी फुटकर रूपमा कथा प्रकाशित गरेर नेपाली कथामा योगदान गर्ने यस क्षेत्रका कथाकारलाई युगभाषा, रजस्थल, सगुनजस्ता यस क्षेत्रबाट प्रकाशित हुने साहित्यिक पत्रिकाले महत्त्वपूर्ण मलजलको काम गरेका छन् ।

नारी स्वतन्त्रताका पक्षमा थुप्रै कथाकारले आफ्ना कथामा उल्लेख गरे पनि नारी कथाकारका रूपमा कृति प्रकाशित गर्ने शारदा शर्मा र फुटकर रूपमा कल्पना श्रेष्ठ, सीता अर्याल, गायत्री लम्साल, रजनी ढकाल, उमा अर्याल आदिले स्याङ्जा क्षेत्रबाट नेपाली कथामा योगदान गरेका छन् । सामाजिक यथार्थलाई नै मूल विषयवस्तु बनाइएको यी कथाकारका कथामा राजनीतिक विषयवस्तुदेखि बालमनोविज्ञान, नारीको निर्दोषपनमाथि नारीकै खेलबाड जस्ता प्रसङ्गलाई समेटिएको छ ।

## ५.५ नेपाली कथाका सन्दर्भमा स्याङ्जाको योगदान

समग्रमा स्याङ्जा जिल्लामा जन्मिएर जिल्लाभित्रै र जिल्ला बाहिर रहेर लेखिएका यस जिल्लाका काथकारहरूका कथाको अध्ययन गर्दा नेपाली कथाको आधुनिककालको सुरुवात गर्ने गुरूप्रसाद मैनालीका कथामा पाइने सामाजिक यथार्थ तथा आदर्शवादी प्रवृत्तिका कथासमेत लेखिएका छन् । त्यस्तै विश्वेश्वरप्रसाद कोइरालाबाट सुरुवात भएको मनोविज्ञानवादी प्रवृत्तिका कथासमेत यहाँका कथाकारबाट रचिएका छन् । आयामेली र लीला लेखनको आभाष पाइने कथा समेत लेख्ने यस क्षेत्रका कथाकारका कथामा राष्ट्रियता अस्तित्ववाद, विसङ्गतिवाद, व्यङ्ग्यभाव, दार्शनिकता, विचारप्रधानता समेत पाइन्छ । बालमनोविज्ञानलाई समेत समेट्ने बालकथादेखि राष्ट्रियस्तरमै उत्कृष्ट मानिने प्रौढ कथाहरूसँग प्रतिष्पर्धा गर्ने कथाहरूसमेत यस क्षेत्रका कथाकारहरूबाट रचना भएकाले र विश्वसाहित्यका महान् हस्तीका उत्कृष्ट कथा नेपाली भाषामा अनुवाद गरी यस क्षेत्रका प्रतिभाहरूले साहित्यानुरागी नेपालीलाई विश्वसाहित्य अध्ययनमा प्रेंरित गरेकाले कथा क्षेत्रमा स्याङ्जा जिल्लाको योगदानलाई महत्त्वपूर्ण खम्बाका रूपमा मानिन्छ ।

छैटौं परिच्छेद

# उपसंहार

**नेपाली कथामा स्याङ्जा जिल्लाको योगदान** शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रको मूल उद्देश्य स्याङजा जिल्लाको सामान्य परिचय दिदैं जिल्लाको साहित्यिक सर्वेक्षणबाट कथाकारहरू पहिचान गरी नेपाली कथाक्षेत्रमा स्याङ्जा जिल्लाबाट भएको योगदानको मूल्याङ्कन गर्नु हो ।

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय दिइएको छ । शोधपत्रको परिचय दिने क्रममा शोधपत्रको शीर्षक, शोधकार्यको प्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, शोधशीर्षकसँग सम्बन्धित पूर्वकार्यको विवरण, शोधकार्यको औचित्य महत्त्व तथा उपयोगिता, शोधकार्यको सीमाङ्कन, शोधकार्य गर्दा सामग्रीसङ्कलन गर्ने तरिका र शोधविधि तथा यस शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा यस जिल्लाको भौगोलिक अवस्था, ऐतिहासिक चिनारी, जिल्लाको नामकरणका प्रसङ्ग, सामाजिक रहनसहन, जातजाति, जनजाति, धर्मसंस्कृति, रीतिरिवाज, चालचलन, चाडपर्व, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थल, शिक्षा तथा स्वास्थ्य, पेसा तथा व्यवसाय, भाषा तथा भाषिका, जिल्लाका महत्त्वपूर्ण नदी-नाला, पहाडपर्वत, लेकबेंसी, टार, आँधीखोला क्षेत्रको चिनारी आदि झल्कने विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेदअन्तर्गत स्याङ्जा जिल्लाको साहित्यिक सर्वेक्षण प्रस्तुत गरिएको छ । जिल्लाको साहित्यिक पृष्ठभूमिका रूपमा लोकसाहित्य र अभिलेख हुँदै साहित्यमा देखिएको विकास र जिल्लामा साहित्यलेखनका प्रयासहरूलाई देखाइएको छ । पुस्तकालय तथा पत्रपत्रिकादेखि साहित्यिक संघसंस्थाले जिल्लाको साहित्यिक विकासमा पुऱ्याएको योगदानको चर्चा गर्दै कृति प्रकाशित र अप्रकाशित जिल्लाका साहित्यकारहरूको नाम र कृति उल्लेख पनि यसै परिच्छेदमा गरिएको छ । जिल्लाको प्रमुख साहित्यकारहरूबाटै नेपाली कथाका क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने प्रमुख कथाकारहरूको छनोट गरी तिनका कथाकृतिको समेत यस परिच्छेदमा उल्लेख गरिएको छ ।

शोधपत्रको चौथो परिच्छेदमा स्याङ्जा जिल्लाका प्रमुख कथाकार र तिनका कथाकृतिको अध्ययन तथा विश्लेषण गरिएको छ । स्याङ्जा जिल्लाका प्रमुख कथाकारका प्रकाशित कथासङ्ग्रह र फुटकर रूपमा प्रकाशित महत्त्वपूर्ण कथाहरूका आधारमा अध्ययन तथा विश्लेषण गर्दै नेपाली कथाका क्षेत्रमा देखिएका प्रवृत्तिसँग दाँजिएको छ । कथाकारहरूको सामान्य परिचय दिदैं कथाकारका प्राप्त कृतिका आधारमा ती कथाको अध्ययन तथा विश्लेषण नै चौथो परिच्छेदको मूल मर्म हो ।

शोधपत्रको पाँचौ पच्छिेदअन्तर्गत जिल्लाको प्राकृतिक भूबनोटले नेपाली साहित्यको क्षेत्रमा पारेको प्रभाव देखाउँदै नेपाली कथाका क्षेत्रमा स्याङ्जा जिल्लाबाट पुग्न गएको योगदानलाई उल्लेख गरिएको छ । जीवन निर्वाहका सिलसिलामा जिल्लाभित्र र बाहिर विभिन्न स्थानबाट

स्याङ्जाका कथाकारहरूबाट लेखिएका र प्रकाशित भएका कथाले नेपाली ग्रामीण समाज र राष्ट्रकै सुधारका निम्ति देखाएको बाटालाई यस परिच्छेदमा उल्लेख गरिएको छ । जिल्ला भित्रैबाट र जिल्लाबाहिरबाट यस क्षेत्रका साहित्यकारका संलग्नतामा रचना तथा प्रकाशन भएका साहित्यिक र समाचारमूलक पत्रपत्रिका पुस्तकालय, साहित्यिक संघसंस्था, पुरस्कार आदिले साहित्यिकलेखनमा पुऱ्याएको टेवालाई उल्लेख गर्दै स्याङ्जा जिल्ला र यस जिल्लाका साहित्यकारबाट नेपाली साहित्यमा पुग्न गएको योगदानलाई यस परिच्छेदमा चर्चा गरिएको छ । नेपाली कथाका क्षेत्रमा गुरूप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, रमेश विकल, इन्द्रबहादुर राई जस्ता कथाकारले दिएको योगदानजस्तै नेपाली कथामा यस जिल्लाका कथाकारको योगदानलाई उल्लेख गरिएको छ ।

समग्रमा हेर्दा स्याङजा पहाडी जिल्ला भएर पनि सामाजिक र सांस्कृतिक रूपमा सम्पन्न छ । ऐतिहासिक, धार्मिक तथा प्राकृतिक रूपमा सुन्दर मनोरम दृश्यावलोकन गर्न सकिने उच्च पहाडी भूभागदेखिसम्म फाँटबेंसी भएको यो जिल्ला उचित प्रचारप्रसार हुन सकेमा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण रहेको छ । सुन्तला खेतीका रूपमा प्रख्यात रहेको स्याङजा जिल्लाको मुख्य व्यवसाय भने कृषि नै हो । जातजाति, धर्मसंस्कृति, मूल्य मान्यता चाडपर्व रीतिरिवाज आदि सामाजिक तथा सांस्कतिक क्षेत्रमा केही फरक पाइए पनि प्राय छिमेकी जिल्लाका परम्परागत मूल्य मान्यताबाट यस जिल्लाको मूल्य मान्यतामा त्यति फरक पाइँदैन ।

नेपाली भाषाका भाषिकामध्ये पर्वती उपभाषिकाअन्तर्गत स्याङ्जाको स्थानीय भेदपाइने यस क्षेत्रको साहित्य लोकसाहित्य, अभिलेख हुँदै लिखित रूपमा प्रवेश गरेको भए पनि श्री ५ रणबहादुर शाहकै पालामा कवि यज्ञसुरि कोइरालाले रचना गरेको पितृभक्तिले युक्त श्रवणकुमारको पौराणिक कथामा आधारित **चन्द्रसम्भव** महाकाव्यलाई पहिलो लिखित रूप मानिन्छ । विभिन्न पत्रपत्रिका, साहित्यिक संघसंस्था, पुस्तकालय, पुरस्कार आदिले गरेको उल्लेखनीय योगदान नै यस क्षेत्रका साहित्यकारका निम्ति पथप्रदर्शक बनेका छन् । यस शोधपत्रमा साहित्यकार र तिनका साहित्यिक कृति तथा जिल्लाको परिचय दिने जुन कुनै लेख रचनालाई समावेश गरिएको छ । प्राप्त साहित्यिक कृतिको मात्रै यस शोधपत्रमा अध्ययन तथा विश्लेषण गरिएको छ भने अप्राप्त कृतिहरूलाई केवल सूचना मात्रै दिइएको छ ।

**नेपाली कथामा स्याङ्जा जिल्लाको योगदान** शीर्षक रहेको प्रस्तुत शोधपत्रमा जिल्लाको परिचय, जिल्लाको साहित्यिक परम्पराको सर्वेक्षण, स्याङ्जा जिल्लाका प्रमुख कथाकार र तिनका कथाकृतिको अध्ययन तथा विश्लेषण गर्दै नेपाली कथा क्षेत्रमा स्याङ्जा जिल्लाबाट भएको योगदानलाई देखाइएको छ । शोधपत्र तयार गर्दा पनि आफ्नै सीमाहरू रहेका हुन्छन् । पहिलो कुरा त यो शोधपत्र विश्वविद्यालयको शैक्षिक प्रयोजनका लागि तयार पारिएको हो भने अन्य कुराहरू हेर्दा शोधखोजका क्रममा कतिपय आवश्यकसामग्रीहरू यथेष्ट मात्रामा उपलब्ध नहुनु केवल ती सामग्री थिएमा सीमित हुनुपर्ने बाध्यता र प्राप्त सामग्रीहरूका पनि यथेष्ट रूपमा अध्ययन तथा विश्लेषण गरेर सबै क्षेत्रलाई समेटने गरी एउटै शोधपत्रमा समावेश गर्न असम्भव हुने देखिन्छ । त्यसैले यी सीमाहरूलाई मध्यनजर गर्दै जिल्लाको परिचयदेखि साहित्यिक गतिविधि र नेपाली कथाको क्षेत्रमा स्याङ्जाको योगदानका विषयमा विभिन्न कोणबाट विशेष अध्ययन तथा

अनुसन्धान हुन जरुरी देखिन्छ । अध्ययन तथा अनुसन्धानका त्यस्ता सम्भावित केही विषय र शीर्षकहरू यस प्रकार रहेका छन् -

क) स्याङ्जाका महत्त्वपूर्ण साहित्यकारहरूको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन

ख) स्याङ्जाको साहित्यिक गतिविधिको सर्वेक्षणत्मक अध्ययन ।

ग) स्याङ्जाका महत्त्वपूर्ण साहित्यिक कृतिको अध्ययन

घ) स्याङ्जाका कथाकार र कथाकृतिको अध्ययन

ङ) स्याङ्जाका कथाकृतिको कालक्रमिक अध्ययन

च) स्याङ्जाका कथाकृतिको तुलनात्मक अध्ययन

सन्दर्भग्रन्थसूची

**पुस्तकसूची**


अधिकारी, विश्वप्रेम, **आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण**, स्याङ्जाः विजयकुमार अधिकारी, २०५९ ।

…………, **आँधीखोले लोकसंस्कृति र लोकगीत**, स्याङ्जाः लेखक आफै, २०५७ ।

…………, **पश्चिमाञ्चलका लोकगीत र परम्परा**, स्याङ्जाः विजयकुमार अधिकारी, २०५८

…………, **स्याङ्जाली साहित्यकार र तिनका सिर्जनाहरू**, स्याङ्जाः लेखक आफै, २०६१ ।

अधिकारी, हेमाङ्गराज (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६१ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, पाँ.सं., ललितपुर : साझा प्रकाशन, २०४९ ।

काफ्ले, फणीन्द्रराज र अन्य (सम्पा.), **स्याङ्जाको साहित्यिक चिनारी,** स्याङ्जा : स्याङ्जा साहित्य परिषद, २०५१ ।

कोइराला, परशुराम, **निरुत्तर,** पोखराः साहित्य श्रृङ्खला, २०६१ ।

गौतम, देवीप्रसाद, **नेपाली कथा**, काठमाडौं : नवीन प्रकाशन, २०५४ ।

…………, **नेपाली भाषा परिचय**, ललितपुर : साझा प्रकाशन, २०४९ ।

ढकाल, घनश्याम, **आजको महाभारत,** पोखरा : विजय ढकाल, २०५५ ।

…………, **भरिया र यात्री**, पोखरा : बन्दना प्रकाशन, २०४६ ।

…………, **समर्पणको बाटोमा**, पोखरा : बन्दना प्रकाशन, २०५१ ।

…………, **सहिद मानचित्रमा नपरेको सहिद,** पोखरा : बन्दना प्रकाशन, २०४८ ।

…………, (सम्पा.), **यथार्थवादी नेपाली समालोचना**, पोखराः गण्डकी साहित्य सङ्गम, २०६१ ।

ढकाल, वेणीमाधव (सम्पा.), **यज्ञशर्मसुरिविरचितम् चन्द्रसम्भव महाकाव्यम्** , काठमाडौंः ने.रा.प्र.प्र., २०५८ ।

थापा, धर्मराज, **गण्डकीका सुसेली**, काठमाडौं : ने.रा.प्र.प्र., २०३० ।

थापा, हिमांशु, **साहित्य परिचय**, दो.सं. ललितपुर : साझा प्रकाशन, २०५० ।

दोरङ्गा, कृष्णप्रसाद र अन्य (सम्पा.), **स्याङ्जा शैक्षिक दर्पण,** स्याङ्जा : जिल्ला शिक्षा कार्यालय, २०५८ ।

नेपाल, घनश्याम (सम्पा.), **कथासागर**, सिक्किम : जनपक्ष प्रकाशन, सन् १९८९ ।

न्यौपाने, कमलप्रसाद (सम्पा.), **श्रीकृष्ण गण्डकी दर्पण**, स्याङ्जा, २०६२।

न्यौपाने, टंकप्रसाद, **साहित्यको रूपरेखा**, दो.सं., ललितपुर : साझा प्रकाशन, २०४९ ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक,** काठमाडौंः वीणा प्रकाशन प्रा.लि., २०५७ ।

पराजुली, मोतीलाल, **नेपाली लोकगाथा**, पोखराः तारादेवी पराजुली, २०४९ ।

पाण्डे, जलेश्वर, **सेक्सपियरका उत्कृष्ट कथाहरू,** काठमाडौं : एशिया पब्लिकेशनस्, काठमाडौं, २०६० ।

पोखरेल, भानुभक्त, **सिद्धान्त र साहित्य**, विराटनगर : श्याम पुस्तक भण्डार, २०४० ।

पौडेल, जयप्रसाद, **दुःखका दिनहरू**, स्याङ्जा : आदर्श संगम, २०५५ ।

बराल, ईश्वर (सम्पा.), **झ्यालबाट**, पाँ.सं. ललितपुर : साझा प्रकाशन, २०४८ ।

मानन्धर, सुन्दर, **फ्रेमभित्र,** पोखरा : विवश मानन्धर, २०६३ ।

**मेचीदेखि महाकालीसम्म भाग ३**, काठमाडौं : श्री ५ को सरकार सूचना विभाग २०३१ ।

लम्साल, देवेन्द्र, **अभिशप्त प्रेम,** पोखराः रामचन्द्र कोइराला, २०५५ ।

लुइटेल, प्रेमराज (सम्पा.), **उषा-प्रसून,** स्मारिका : सिर्जनशील साहित्य सदन, वालिङ, स्याङ्जा, २०६३ ।

वनवासी, देवीप्रसाद, **अमरज्योति**, स्याङ्जा : हरेलो प्रकाशन, २०६२ ।

............., **आँधीखोले लोकसंस्कृति**, वालिङ : चित्रलेखा प्रकाशन, २०५५ ।

.............,**पन्ध्रकथा पञ्चतन्त्रका**, वालिङ : आँधीखोला साहित्य सदन, स्याङ्जा, २०६० ।

.............,**बोधार्थ,** स्याङ्जा : हरेलो प्रकाशन, २०६२ ।

.............,**हरेलो,** स्याङ्जा : चित्रलेखा प्रकाशन, २०६१ ।

............., **हलुवा,** स्याङ्जा : हरेलो प्रकाशन, २०६२ ।

शर्मा, एकनारायण र अन्य (सम्पा.), **जिल्ला विकास योजना**, स्याङ्जा, २०६२/०६३ ।

शर्मा, ताना, **नेपाली साहित्यको इतिहास**, काठमाडौं : नवीन प्रकाशन, २०५० ।

शर्मा, महेश्वर, **बसिवियाँलो,** स्याङ्जा : राधा कुमारी शर्मा, २०५२ ।

............., **स्याङ्जाका चौवीसे राज्यमा रुमलिंदा,** स्याङ्जा : आस्था प्रकाशत, २०५६ ।

शर्मा, मोहनराज, **कथाको विकास प्रक्रिया**, दो.सं., ललितपुर : साझा प्रकाशन, २०५० ।

..........., **शैली विज्ञान,** काठमाडौं : ने.रा.प्र.प्र., २०४८ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि**, ते.सं., ललितपुरः साझा प्रकाशन, २०६२ ।

शर्मा, शारदा, **आस्थाको भग्वावशेष**, ललितपुर : साझा प्रकाशन, २०४८ ।

शर्मा, सुकुम, **आँधीखोला क्षेत्रमा प्रचलित उखानको अध्ययन,** काठमाडौं : निरन्तर प्रकाशन, २०६२

..........., **लाले र लिलीको कथा**, काठमाडौं : सहस्राब्दी प्रकाशन प्रा.लि., २०६१ ।

.........., **नेपाली भाषा साहित्यमा आन्दोलन,** काठमाडौं : एकेडेमिक बुक सेन्टर, २०६४ ।

श्रेष्ठ, दयाराम, **पच्चीस वर्षका नेपाली कथा**, काठमाडौं : ने.रा.प्र.प्र., २०३९ ।

.............(सम्पा.), **नेपाली कथा भाग ४,** ललितपुर : साझा प्रकाशन, २०५७ ।

............., **नेपाली कथाका समकालीन सन्दर्भ**, काठमाडौं : ने.रा.प्र.प्र., २०४५ ।

.............,**साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ**, दो.सं., काठमाडौं : त्रिकोण प्रकाशन, २०६१ ।

सुवेदी, राजेन्द्र (सम्पा.), **स्नातकोत्तर नेपाली कथा**, ललितपुर : साझा प्रकाशन, २०५१ ।

### शोधपत्रसूची

अधिकारी, नारायणप्रसाद, **स्याङ्जेली लोकगीतको संकलन, वर्गीकरण र अध्ययन**, (अप्रकाशित शोधपत्र), नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०४३ ।

अर्याल, खण्डानन्द, **महेश्वर शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित शोधपत्र), नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०५५ ।

अर्याल, दिनेश, **नेपाली साहित्यमा युगभाषा पत्रिकाको योगदान**, (अप्रकाशित शोधपत्र), पृथ्वीनारायण क्याम्पस, पोखरा, २०५४ ।

काफ्ले, हरिप्रसाद, **स्याङ्जेली कविहरू र तिनको परिचयात्मक अध्ययन**, (अप्रकाशित शोधपत्र), नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०५५ ।

ढुंगाना, श्यामप्रसाद, **साहित्यकार भेषजराज शर्माको जीवनी, व्यक्तित्व र कृतिगत विवरण** (अप्रकाशित शोधपत्र), पृथ्वीनारायण क्याम्पस, पोखरा, २०६२ ।

न्यौपाने, कृष्णप्रसाद, **स्याङ्जाका नेपाली लोकगीत र लोकगाथाहरूको विश्लेषणात्मक अध्ययन,** (अप्रकाशित विद्यावारिधि शोधपत्र), त्रि.वि.नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६२ ।

पराजुली, चन्द्रकान्त, **साहित्यकार देवीप्रसाद वनवासी : जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित शोधपत्र), पृथ्वीनारायण क्याम्पस, पोखरा, २०५१ ।

पाण्डेय, पशुपति, **नेपाली कवितामा स्याङ्जाली कविताकृतिको योगदान**, (अप्रकाशित शोधपत्र), पृथ्वीनारायण क्याम्पस, पोखरा, २०५१ ।

पोखेल, प्रेमप्रसाद, **घनश्याम ढकालका कथाकारिताको अध्ययन**, (अप्रकाशित शोधपत्र), पृथ्वीनारायण क्याम्पस, पोखरा, २०६३ ।

बराल, भोजराज, **चेतन कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित शोधपत्र), पृथ्वीनारायण क्याम्पस, पोखरा, २०५५ ।

बराल, सुरेन्द्र, **विश्वप्रेम अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित शोधपत्र), पृथ्वीनारायण क्याम्पस, पोखरा, २०५९ ।

रेग्मी, लक्ष्मीप्रसाद, **बाल साहित्यकार देवीप्रसाद वनवासी : एक अध्ययन**, (अप्रकाशित शोधपत्र), पृथ्वीनारायण क्याम्पस, पोखरा, २०५८।

लुइटेल, प्रेमराज, **नेपाली हास्यव्यङ्ग्यमा स्याङ्जा जिल्लाको योगदान**, (अप्रकाशित शोधपत्र), नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर २०६२ ।

सुवेदी, खगेन्द्र, **साहित्यकार चिन्तु गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित शोधपत्र), पृथ्वीनारायण क्याम्पस, पोखरा, २०६२ ।

**पत्रपत्रिकासूची**

**आँधीखोला सन्देश** : २०५८ पूर्णाङ्क ५, काठमाडौं ।

**आँधीखोलाको सुस्केरा** : २०६२ विशेषाङ्क, काठमाडौं ।

**थाँक्रो** : साहित्यिक, वर्ष १, अंक १, काठमाडौं, २०४७ ।

**बीम्लीक : त्रैमासिक,** वर्ष १, अंक ३, काठमाडौ , २०५२ ।

**युगभाषा** : पूर्णाङ्क १ देखि ८ सम्मका सबै, २०२३ - २०३२ ।


**रजस्थल** : अङ्क १ देखि पूर्णाङ्क २९ सम्म सबै, २०५५-२०६४ ।

**सगुन** : अङ्क १ देखि पूर्णाङ्क १० सम्म सबै, २०५९-२०६३ ।

परिशिष्ट १

नेपालको नक्सामा स्याङ्जा



## परिशिष्ट २

## स्याङ्जा जिल्लाको नक्सा



परिशिष्ट ३

शोधपत्र प्रयोजनका लागि व्यक्तिगत फाराम

# त्रिभुवन विश्वविद्यालय

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर,काठमाडौं**

***शोधप्रयोजनका लागि व्यतिगत फारम***

मितिः २०६४/  /

१. नाम-
२. उपनाम-
३. पिताको नाम-
४. माताको नाम-
५. स्थायी ठेगाना-
६. अस्थायी ठेगाना-
७. जन्म मिति-
८. शिक्षा-
९. पेसा-
१०. फोन नं.–
११. पहिलो रचना-
१२. रचना प्रकाशित भएको मिति,पत्रिका,वर्ष,अङ्क, पूर्णाङ्क, साल
१३. साहित्य लेखनको उद्देश्य-
१४. प्रकाशित कृतिहरु क्रमश:

क. ख.

ग. घ.

१५. साहित्यिक गतिविधि क्रमश:

क. ख.

ग. घ.

१६. सम्पादन / प्रकाशन

१७. पुरस्कारहरू

क. ख.

ग. घ.

१८. अन्य केही विशेष कुरा भए

१९. सम्भव भएमा शोधार्थीलाई कृति उपलब्ध गराई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछु।

२०. हस्ताक्षर ……………..

**सहयोगका लागि धन्यवाद।**

***शोधार्थी***

……………
*छविलाल न्यौपाने*
*नेपाली केन्द्रीय विभाग*
*त्रि,वि, कीर्तिपुर*